


आशीष राइचूर

**यो पुस्तक नि:शुल्क वितरणको लागि मात्र हो**
अल पिपल्स चर्च एण्ड वर्ल्ड आउटरिच, बैंगलोर, भारतद्वारा मुद्रित र वितरित।
हालको संस्करण: 2025

**हामीलाई सम्पर्क गर्ने ठेगाना**

All Peoples Church & World Outreach,
# 319, 2nd Floor, 7th Main, HRBR Layout,
2nd Block, Kalyan Nagar, Bangalore 560 043
Karnataka, INDIA

फोन: +91-80-25452617
इमेल: **bookrequest@apcwo.org**
वेबसाइट: **apcwo.org**

अन्यथा उल्लेख नगरिएको अवस्थामा, सबै धर्मशास्त्रहरू नेपाली नयाँ संशोधित संस्करण (NNRV) बाट लिइएका हुन्। प्रतिलिपि अधिकार © नेपाल बाइबल सोसाइटी 1997, 2006, 2009, 2012। अनुमतिद्वारा प्रयोग गरिएको। सबै अधिकार सुरक्षित।

**वित्तीय साझेदारी**

अल पिपल्स चर्चका सदस्यहरू, साझेदारहरू र साथीहरूको आर्थिक सहयोगबाट यस प्रकाशनको नि:शुल्क वितरण सम्भव भएको हो। यदि तपाईं यस नि:शुल्क प्रकाशनबाट लाभान्वित हुनुभएको छ भने, हामी तपाईंलाई अल पिपल्स चर्चबाट नि:शुल्क प्रकाशनहरूको छपाई र वितरणमा सहयोग गर्न आर्थिक रूपमा योगदान गर्न आमन्त्रित गर्दछौँ। कृपया **apcwo.org/give** मा जानुहोस् वा आफ्नो योगदान कसरी गर्ने भन्नेबारे यस पुस्तकको पछाडि रहेको "पार्टनर विथ अल पिपल्स चर्च" पृष्ठ हेर्नुहोस्। धन्यवाद!

**नि:शुल्क स्रोतहरू र सम्बन्धित वेबसाइटहरू**

**प्रवचनहरू:** apcwo.org/sermons | **पुस्तकहरू:** apcwo.org/books
**चर्च एप:** apcwo.org/app | **बाइबल कलेज:** apcbiblecollege.org
**ई-लर्निङ:** apcbiblecollege.org/elearn | **परामर्श:** chrysalislife.org
**सङ्गीत:** apcmusic.org | **Ministers Fellowship:** pamfi.org
**APC World Missions:** apcworldmissions.org

(Nepali – The Father's Love)

# पिताको प्रेम

# अथक प्रेम
APC MUSIC (apcmusic.org)

जब पहाडहरू मेरो बाटो अघि उभिन्छन्
र तिनको छायाले मलाई ढाक्छ
म सोच्छु, मेरो पुकार कसले सुनिदेला
मेरो गन्तव्यमा कसले पुऱ्याइदेला

**पहिलो–कोरस 1**
मेरा आँखाहरू उठाउँछु
पृथ्वी र आकाशका परमेश्वर
तपाईंलाई हेर्छु
किनकि तपाईं मेरो सहारा
सहायताको घेरा भनी म जान्दछु (x2)

**कोरस**
तपाईंको प्रेमले
तपाईंको अथक प्रेमले
दिनरात
तपाईं माथिबाट हेर्नुहुन्छ
तपाईंले मलाई ठेस खान दिनुहुनेछैन
तपाईंले मलाई लड्न दिनुहुनेछैन
हे अथक प्रेमका पिता!

**पद / अन्तरा 2**
जब म दिनको उज्यालोमा हुन्छु
अथवा रातको गहिरो अँध्यारोमा
तब म तपाईंको पखेटामुनि ढाकिएको हुन्छु
तपाईंले मलाई कहिल्यै छोड्नुहुनेछैन

**पहिलो–कोरस 2**
यसकारण म मेरा आँखाहरू
तपाईंमा केन्द्रित गर्दछु
हे मेरा परमेश्वर!
पृथ्वी र माथि स्वर्गका सृष्टिकर्ता
मलाई थाहा छ कि मेरो सहायता
तपाईंबाट नै आउँछ, हे प्रभु!
घेरिएको छु (x2)

**पुल**
घेरिएको छु, घेरिएको छु
तपाईंको प्रेमले घेरिएको (x4)

# जीवनभन्दा उत्तम

भजनसंग्रह 63
APC MUSIC (apcmusic.org)

**पद / अन्तरा 1**
हे परमेश्वर, हामी तपाईंलाई खोज्छौँ र तिर्खाउँछौँ
सुक्खा र तिर्खाएको भूमिमा
तपाईं हाम्रो शरणस्थान हुनुहुन्छ
हे परमेश्वर, हामी तपाईंको सत्यको लागि भोका छौँ
जब शक्ति कमजोर हुन्छ
तब हाम्रो आत्माले तपाईंलाई पुकार्छ

**कोरस**
किनकि तपाईंको प्रेम जीवनभन्दा धेरै नै उत्तम छ
हे प्रभु, तपाईंमा, हाम्रा आवश्यकताहरू पूरा हुन्छन्
त्यसैले हाम्रा ओठहरूले तपाईंको प्रशंसा गर्न थाल्छन्
जब हामी हाम्रा हातहरू उचाल्छौँ र प्रार्थना गर्छौँ
तब तपाईंको प्रेम जीवनभन्दा धेरै उत्तम छ

**पद / अन्तरा 2**
स्तुति-प्रशंसामा, हामी तपाईंको महिमामय मुहार देख्छौँ
हामी यहाँ उभिएका छौँ,
नि:शब्द र चकित हुँदै,
र सधैँभरिको लागि, हे प्रभु,
हामी तपाईंको नाउँमा आशिषित हुन्छौँ,
हाम्रा सबै डरहरूलाई हटाइदिनुहोस्
तपाईंको अतुलनीय अनुग्रहद्वारा बचाइएका छौँ

**पुल**
हे परमेश्वर, तपाईं मेरो परमेश्वर हुनुहुन्छ
कुनै पनि कुरालाई
तपाईंको अटल प्रेमसँग तुलना गर्न सकिँदैन

# विषय सूची


परिचय

1) स्वर्गमा हुनुहुने अनन्तको परमेश्वर, हाम्रा पिता परमेश्वर 1

2) असीम प्रेम 15

3) स्वर्गमा हुनुहुने हाम्रा पिताको यथार्थमय चित्र 26

4) पिताको प्रेमलाई प्राप्त गर्नु 38

5) पिताको प्रेममा रहिरहनु 55

6) अनुशासनलाई प्रेम गर्नु 68

7) स्वर्गमा हुनुहुने हाम्रा पिताको अनुकरण गर्नु 75

# परिचय

परमेश्वरबारे तपाईंको प्रकाशले परमेश्वरसँगको तपाईंको सम्बन्धलाई असर गर्दछ। अनि परमेश्वरसँगको तपाईंको सम्बन्धले अरूसँगको तपाईंको सम्बन्धलाई पनि असर गर्दछ।

बाइबल पवित्रशास्त्रले परमेश्वरका धेरै पाटाहरू प्रकट गर्दछ। तीमध्ये, परमेश्वरको एक सबैभन्दा शक्तिशाली प्रकट भनेको पिताको स्वरूप हो। परमेश्वर हाम्रा स्वर्गका पिता हुनुहुन्छ। प्रभु येशूले हामीलाई परमेश्वरलाई "हाम्रा पिता" भन्न सिकाउनुभयो। बाइबल पवित्रशास्त्रले हामीप्रति पिताको प्रेमलाई प्रकट गर्दछ। यो पुस्तक पिताको प्रेमको बारेमा गरिएको एक अध्ययन हो। हामीप्रति परमेश्वरको प्रेमको हाम्रो बुझाइले हामी परमेश्वरलाई कसरी प्रेम गर्छौं, हामी आफैँलाई कसरी प्रेम गर्छौं र अरूलाई कसरी प्रेम गर्छौं भन्ने कुरालाई असर गरिरहेको हुन्छ।

पहिलो आज्ञा भनेको हामीसँग भएका सबै कुराले परमेश्वरलाई प्रेम गर्नु हो। अनि दोस्रो आज्ञा भनेको अरूलाई आफैँलाई जस्तै प्रेम गर्नु हो। हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो। परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुभएको छ भनेर बुझ्दै जाँदा, हाम्रो प्रेम अझ गहिरो हुँदै जान्छ। उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ भनेर बुझ्दै जाँदा, हामी आफैँलाई प्रेम गर्न सिक्छौँ। जब हामी आफूलाई प्रेम गर्छौं, तब हामी अरूलाई पनि प्रेम गर्न सक्छौँ। जब हामी परमेश्वरले हामीलाई धेरै मूल्यवान् ठान्नुहुन्छ भनेर बुझ्छौँ, तब आफैँलाई पनि हामी मूल्यवान् ठान्न थाल्छौँ। जब हामी आफूलाई मूल्यवान् ठान्छौँ, तब हामी अरूलाई पनि मूल्यवान् ठान्छौँ।

सामान्यतया हामी आफूलाई जसरी व्यवहार गर्छौं, अरूसँग पनि त्यसरी नै व्यवहार गर्छौं। यदि हामी आफैँलाई इन्कार गर्छौं र निन्दा गर्छौं भने, हामी अरूलाई पनि त्यस्तै व्यवहार गर्छौं। परमेश्वरको प्रेमबारे हाम्रो बुझाइले हामीलाई आफू र अरूप्रतिको नकारात्मकताबाट मुक्त गराउँछ।

स्वर्गमा बस्नुहुने हाम्रा पिता परमेश्वरले हामीलाई निःशर्त र नाप्नै नसकिने अर्थात् असीम प्रेम गर्नुहुन्छ। हामीप्रति पिताको प्रेमको सबैभन्दा ठूलो अभिव्यक्ति र प्रदर्शन भनेको येशू ख्रीष्टको क्रूस हो। जब हामी पिता परमेश्वरको प्रेमलाई बुझ्छौँ, विश्वास गर्छौं, ग्रहण गर्छौं र त्यस प्रेममा भरोसा

गर्छौं, तब हाम्रो जीवन बदलिन्छ। हामी निको, परिपूर्ण हुन्छौँ र सारा दु:ख र बन्धनहरूबाट मुक्त हुन्छौँ। हामी निको, परिपूर्ण हुन्छौं र सारा दु:ख र बन्धनहरूबाट मुक्त हुन्छौं। जब हामी पिता परमेश्वरको प्रेममा भरोसा गर्छौं, तब हामी अरूलाई पनि त्यस्तै प्रेम गर्छौं, जसरी हामीलाई प्रेम गरिन्छ। हामी परमेश्वरलाई स्वतन्त्र रूपमा प्रेम गर्छौं। हामी अरूलाई पनि खुलेर प्रेम गर्छौं। हामी परमेश्वरको असीम प्रेमद्वारा जीवनका चुनौतीहरू र अन्धकारका शक्तिहरूलाई पार गर्दै विजेताको रूपमा बाँच्दछौँ।

यस पुस्तकले हामीलाई व्यक्तिगत रूपमा पिता परमेश्वरको प्रेमलाई चिन्ने र अनुभव गर्ने यात्रामा डोऱ्याउँदछ। तपाईंले अहिलेसम्म गर्नुभएको सबैभन्दा रोमाञ्चक यात्राहरूमध्ये एउटा अर्थात् परमेश्वरप्रतिको असीम प्रेमको गहिराइमा जाने यात्राको लागि तयार हुनुहोस्।

परमेश्वरको अनुग्रह होस्!
आशीष राइचूर

# 1
# स्वर्गमा हुनुहुने अनन्तको परमेश्वर, हाम्रा पिता परमेश्वर

## स्वर्गमा हुनुहुने हाम्रा पिता

**मत्ती 6:9 [NNRV 2012]**
**तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर:**
**हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ,**
**तपाईंको नाउँ पवित्र होस्।**

परमेश्वर को हुनुहुन्छ भनेर बाइबलले हामीलाई थुप्रै पाटाहरू बताउँदछ। यीमध्ये परमेश्वरको सबैभन्दा अचम्मको पाटो भनेको पिताको हो। प्रभु येशूले परमेश्वरलाई “स्वर्गमा हाम्रा पिता” वा “स्वर्गमा हुनुहुने हाम्रा पिता” भनेर प्रार्थना गर्न सिकाउनुभयो। प्रभु येशूले प्राय: “स्वर्गीय पिता” र “स्वर्गका पिता” भन्ने शब्दहरू प्रयोग गर्नुभयो।

यो अनन्त, सर्वशक्तिमान, सर्वज्ञानी, सर्वत्र, स्व:अस्तित्वमा रहेको, अनन्त परमेश्वरले हाम्रो पिता हुने इच्छा गर्नुहुनेछ भनी सोच्नु उदेक लाग्दो र अद्भुत कुरा हो। पिताको रूपमा, उहाँको छोराछोरीहरूको परिवार छ, जसको एक भाग स्वर्गमा छ भने, अर्को भाग पृथ्वीमा छ। यस परिवारले आफ्नो नाउँ अर्थात् आफ्नो पहिचान उहाँबाट प्राप्त गरेको हो। प्रेरित पावलले लेखे, *“यसैकारण म पिताको सामने आफ्ना घुँड़ा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ,”* (एफिसी 3:14,15)।

परमेश्वर स्व-अस्तित्वमा हुनुहुन्छ र स्वाधीन हुनुहुन्छ। परमेश्वरलाई मानिसहरूको खाँचो छैन। यसो हुँदाहुँदै पनि उहाँको आफ्नै इच्छा र छनौटबाट उहाँले मानिसहरूलाई सृष्टि गर्ने निर्णय गर्नुभयो, जसलाई उहाँले आफ्नै “छोराहरू” र “छोरीहरू” बनाउने इच्छा गर्नुभयो, ताकि उहाँ तिनीहरूका पिता बन्न सकून्।, ताकि उहाँ तिनीहरूको पिता हुन सक्नुहुनेछ।

उहाँले आफूलाई यस्तै स्थितिमा राख्न चयन गर्नुभएको छ, जहाँ उहाँ पिता भएर हामीलाई आफ्ना छोराछोरीको रूपमा चाहनुहुन्छ। यस अर्थमा, उहाँलाई हाम्रो "आवश्यकता" छ। उहाँ चाहनुहुन्छ कि हामी उहाँसँगको पिताको सम्बन्ध र आनन्द अनुभव गर्न सकौँ।

**1 यूहन्ना 4:8 [NNRV 2012]**
**...परमेश्वर प्रेम हुनुहुन्छ**

बाइबलले हामीलाई यो पनि प्रकट गर्छ कि परमेश्वर प्रेम हुनुहुन्छ, र हाम्रा स्वर्गीय पिता प्रेम हुनुहुन्छ। यस अध्ययनमा, हामी पत्ता लगाउनेछौँ कि परमेश्वरको प्रेम कसरी निःशर्त छ र उहाँको प्रेम असीमित र अनन्त छ। परमेश्वरले यसरी नै प्रेम गर्नुहुन्छ।

प्रायजसो, जब हामी "पिता" भन्ने शब्दबारे सोच्छौँ, हामी यसलाई आफ्नै आमाबुबासँगको अनुभव र उनीहरूले हामीसँग गरेको व्यवहारसँग जोड्छौँ। कतिपयले आफ्ना आमाबुबासँग सुमधुर सम्बन्ध अनुभव गरेका हुन्छन्, जसले गर्दा "पिता" भन्ने शब्द सहज र सकारात्मक लाग्छ। तर, केहीका लागि भने यो शब्द पीडादायी सम्झनासँग जोडिएको हुन सक्छ। अर्कोतर्फ, हामीमध्ये कसै कसैको लागि हुन सक्छ, जसको लागि "पिता" शब्द घृणित हुन सक्छ। हाम्रा यस संसारका आमाबुबा वा पितासँगको हाम्रो अनुभव पीडादायी हुन सक्छ। त्यसैले, हामी ती विचारहरू र सम्झनाहरूलाई उत्तेजित पार्ने कुनै पनि कुरालाई घृणा गर्छौं।

यो पुस्तक हाम्रो स्वर्गमा हुनुहुने पिता परमेश्वरको बारेमा हो, जो कुनै पनि सांसारिक पिताभन्दा उच्च, श्रेष्ठ र भिन्न हुनुहुन्छ। परमेश्वर खराब सांसारिक पिताजस्तो हुनुहुन्न। त्यसैले परमेश्वरलाई सांसारिक पिताको चश्माले नहेर्नुहोस्। सांसारिक आमाबुबा अर्थात् पितासँग तपाईंले भोगेका नकारात्मक अनुभवहरूले तपाईंलाई स्वर्गमा हुनुहुने पिता परमेश्वरलाई चिन्न र ग्रहण गर्नबाट रोक्न नदिनुहोस्। यस अध्ययनमा हाम्रो लक्ष्य भनेको स्वर्गमा हुनुहुने हाम्रा पिताको प्रेमलाई थाह पाउनु र अनुभव गर्नु हो। यो जीवनको

रूपान्तरण हो। कुनै पनि कुराले तपाईंलाई पिताको प्रेम पत्ता लगाउन र अनुभव गर्नबाट रोक्न नपाओस्।

## परमेश्वर सम्बन्धात्मक हुनुहुन्छ

**यूहन्ना 17:24 [NNRV 2012]**

**"पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको** सृष्टि **हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।**

संसारको सृष्टि हुनुअघि, कुनै पनि वस्तु अस्तित्वमा आउनुअघि नै त्रिएकमा प्रेम थियो। ईश्वरीय-मण्डल प्रेम थियो। परमेश्वर स्वयम् प्रेम हुनुहुन्छ, त्यसकारण उहाँमा सधैँ प्रेम रहँदैआएको छ। अतीतको अनन्तकालदेखि नै पिता, वचन र पवित्र आत्माको बीचमा प्रेम थियो, र त्यो प्रेम आज पनि कायम रहिरहेको छ।

यसले हामीलाई सिकाउँछ कि परमेश्वर सम्बन्धात्मक हुनुहुन्छ। परमेश्वरले प्रेम गर्नुहुन्छ र उहाँलाई प्रेम गर्न सकिन्छ।

**मर्कूश 12:29-31 [NNRV 2012]**

**29येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो हो: 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ।**
**30तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।'**
**31दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।"**

प्रभु येशूले हामीलाई दिनुभएको पहिलो आज्ञा भनेको हामीसँग भएका सबै कुराले परमेश्वरलाई प्रेम गर्नु हो — सारा हृदयले, सारा आत्माले, सारा समझले र सारा शक्तिले। यसको अर्थ, परमेश्वरलाई प्रेम गर्न सकिन्छ। उहाँ हाम्रो प्रेमलाई ग्रहण गर्नुहुन्छ, यसबाट आनन्द लिनुहुन्छ र हाम्रो प्रेम उहाँसम्म पुग्छ। उहाँ हाम्रो प्रेमलाई महसुस गर्नुहुन्छ। जब हामी उहाँलाई हेर्छौँ र हाम्रो हृदयको सच्चाइबाटबाट बाहिर हेर्छौँ, हामी उहाँलाई भन्छौँ, *"पिता, म तपाईंलाई प्रेम गर्छु," "प्रभु येशू, म तपाईंलाई प्रेम गर्छु," "पवित्र आत्मा, म तपाईंलाई प्रेम गर्छु,"* तब उहाँले त्यो महसुस गर्नुहुन्छ।

हामी परमेश्वरको स्वरूपमा सृष्टि गरिएका हौँ। हामी सामाजिक प्राणी हौँ। हामी प्रेम गर्न र प्रेम प्राप्त गर्न सक्छौँ। हामी परमेश्वरलाई प्रेम गर्न र मानिसहरूलाई प्रेम गर्न सृष्टि गरिएका हौँ। साथै, हामी प्रेम प्राप्त गर्न, प्रेम महसुस गर्नका लागि पनि सृष्टि गरिएका हौँ।

हामी नातागोता र परिवारमा जन्मनुको एउटा पक्ष के हो भने, हामी बालबच्चाहरू हौँ र हाम्रा अभिभावक वा विशेष गरी बुबाआमाको माया, आत्मीयता, पालनपोषण, प्रोत्साहन र समर्थनको लागि आतुर छौँ।

## परमेश्वरले हामीलाई उहाँको आफ्नो असीमित र शर्तरहित प्रेमको केन्द्र बनाउनुभएको छ

**एफिसी 1:4,5 [NNRV 2012]**

**4उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।**

**5उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो,**

परमेश्वरले यस संसारलाई सृष्टि गर्नुअघि नै उहाँले येशू ख्रीष्टमा चुनिएका आफ्ना मानिसहरू पवित्र र उहाँको प्रेमले ढाकिएका दोषरहित हुनेछ भनी निर्णय गर्नुभयो। उहाँले तिनीहरूलाई आफ्नो परिवारमा छोराछोरीको रूपमा धर्मपुत्र ग्रहण गर्ने, तिनीहरूका पिता बन्ने र तिनीहरूलाई आफ्नै नाउँले बोलाउने निर्णय गर्नुभयो। यो *"उहाँको इच्छाको लक्ष्यअनुसार"* थियो (एफिसी 1:5)। यही गर्न उहाँ उत्सुक हुनुहुन्थ्यो र गर्न चाहनुहुन्थ्यो।

यसले परमेश्वरको हृदयलाई प्रकट गर्छ कि उहाँले छोराछोरी पाउने चाहना राख्नुहुन्छ। परमेश्वरको इच्छा हामीसँग छोराछोरीको रूपमा र उहाँसँग हाम्रो स्वर्गीय पिताको रूपमा घनिष्ठ सम्बन्ध र घनिष्ट सङ्गति होस् भन्ने हो। संसारको जग बसाल्नुअघि नै उहाँको हृदयको यही इच्छा रहँदैआएको छ। हाम्रो सृष्टिको कारण यही हो। परमेश्वरले हामीलाई उहाँका छोराछोरी बन्न सकौँ र हामी उहाँको असीमित, शर्तरहित प्रेमको केन्द्रबिन्दु बन्न सकौँ भनेर नै सृष्टि गर्नुभयो।

सृष्टि हुनुभन्दा पहिले पनि प्रेम थियो, र प्रेमकै कारण सृष्टि भएको थियो।

## हाम्रो प्रेम प्राप्त गर्ने क्षमतालाई पुनर्स्थापना गर्नु

यद्यपि, हामी पापको कारणले टुटेका छौँ। हाम्रो प्रेम प्राप्त गर्ने क्षमता टुटेको छ। अरूलाई प्रेम गर्ने हाम्रो क्षमता पनि टुटेको छ।

किनभने हाम्रो प्रेम गर्ने र प्रेम प्राप्त गर्ने क्षमता टुटेको छ, हामी अनायाशै यस्ता धेरै कुराहरू गर्छौं, जसले हाम्रो भावनात्मक संसारको वरिपरि पर्खालहरू खडा गर्छन्। हामी आफैँलाई भन्छौँ कि हामी प्रेमबिना बाँच्न सक्छौँ। हामी मानिसहरूबाट टाढै रहन्छौँ। हामी अरूलाई बाहिर नै रोक्छौँ। हामी कसैसँग धेरै नजिक पनि हुन चाहँदैनौँ। हामी आफूलाई भावनात्मक रूपमा अरूबाट अलग्गै राख्छौँ। जब यो विवाहमा परिणत हुन्छ, तब हामी भावनात्मक रूपमा हाम्रो जीवनसाथीसँग नजिक हुन असमर्थ बन्छौँ। भावनात्मक आत्मीयता धेरै गाह्रो कुरा बन्छ, किनभने हामीले आफ्ना पर्खालहरू वा सुरक्षात्मक अवरोधहरू खडा गरिरहेका हुन्छौँ। तब अभिभावक (पिता) को हैसियतमा हामी आफ्ना छोराछोरीलाई भौतिक कुराहरूको हिसाबले सबैभन्दा असल कुरा दिन सक्छौँ, तर प्रेमिलो अभिभावक (पिता) को स्नेह र न्यानोपन व्यक्त गर्न असमर्थ हुन्छौँ। हाम्रा छोराछोरी साँचो निःशर्त प्रेम र स्नेहबाट वञ्चित हुन्छन्।

अचम्मको कुरा के छ भने, प्रेम गर्न र प्रेम प्राप्त गर्न सक्ने हाम्रो क्षमता टुटेको हुँदा, हामी जीवनका खराब कुराहरूसँग बन्धनमा "बाँधिन्छौँ" वा "भावनात्मक रूपमा जोडिन पुग्छौँ।" हामी आफ्ना काम, सीप, सफलता, प्रसिद्धि, प्रतिष्ठा, प्रशंसा, स्वीकृति, ध्यान, पैसा, भौतिक वस्तुहरू आदि कुराहरूप्रति भावनात्मक रूपमा आकर्षित हुन्छौँ।

## प्रेमिलो परमेश्वरको अगाडि गलत धारणाहरू

त्यसपछि हामी आफ्नो टुटफुटबाट परमेश्वरसँग सम्बन्ध स्थापित गर्ने प्रयास गर्छौं। यद्यपि, हामीभित्र गलत भ्रम र धारणाहरू छन्। अनि यी कुराहरूले हामी परमेश्वरसँग कसरी सम्बन्ध राख्छौँ भन्ने कुरालाई असर गर्दछ। हामी

यी गलत धारणाका ढाँचाहरूबाट परमेश्वरसँग सम्बन्ध स्थापित गर्ने गर्छौं। यी भ्रमहरू र गलत सोचका ढाँचाहरूले गर्दा परमेश्वर वास्तवमा को हुनुहुन्छ भन्ने उहाँको प्रकाशलाई धमिल्याउँदछ। परमेश्वरप्रति हाम्रो तस्वीर (धारणा, बुझाइ) बिग्रिएको, कलङ्कित र गलत छ। हाम्रा स्वर्गीय पिता परमेश्वरको असीम र शर्तरहित प्रेमलाई हामी स्वीकार गर्न, ग्रहण गर्न र अँगाल्न असमर्थ हुन्छौं। यसले हामीलाई परमेश्वरसँगको हाम्रो सम्बन्धमा बाधा पुऱ्याउँछ।

परमेश्वरको असीम र शर्तरहित प्रेमलाई बुझ्नबाट रोक्ने सातवटा गलत आसन अर्थात् गलत धारणाहरूबारे हामी यहाँ विचार गर्छौं।

## *1) हराएको छोरा*

यस मानसिकता वा सोचका ढाँचामा, मानिसहरू सदैव आफैँलाई व्यर्थ, अयोग्य, कसैको लागि कहिल्यै पूर्ण वा पर्याप्त नभएको र निश्चित रूपमा परमेश्वरद्वारा प्रेम गर्न पर्याप्त असल नभएको देख्छन्। त्यसकारण, जब उनीहरू परमेश्वरसँग सम्बन्ध राख्छन्, तब उनीहरूका लागि परमेश्वर एक प्रेमिलो र क्षमाशील पिता हुनुहुन्छ भनेर बुझ्नु धेरै कठिन हुँदछ।

तिनीहरू सधैँ त्यो हराएको छोराजस्तै सोच्छन्, जसले आफ्नो बुबाकहाँ गएर यसो भन्यो, *"...अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्।"* (लूका 15:19)

हामीले गल्ती गर्दा पश्चात्ताप गर्नु राम्रो र महत्त्वपूर्ण छ, तर यो त्यस्तो मानसिकता होइन, जसमा परमेश्वरले हामी सधैँ रहोस् भन्ने चाहनुहुन्छ। बुबाले छोरो फर्केपछि खुसीयाली मनाए, उसलाई राम्रो कपडा लगाइदिए, औंलामा औंठी लगाइदिए, भोज लगाए र आफ्नो छोरो आफ्नै छोरो भइहोस् भन्ने चाहे!

जब हामीले हाम्रा पापहरूको कारणले के निम्त्याएको छ र यो क्षमा कत्ति ठूलो छ, जुन हामीले परमेश्वरबाट प्राप्त गरेका छौँ भनेर महसुस गर्छौं, तब हामी बदलामा उहाँलाई नि:स्वार्थ प्रेम गर्छौं। आँसु झार्दै येशूकहाँ आएकी एक पापी स्त्रीको बारेमा उहाँले यसो भन्नुभयो, *"यसकारण म तिमीलाई*

*भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढ़ी प्रेम देखाई। तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ"* (लूका 7:47)। हामीले गरेका पापहरूको संख्या वा हाम्रा पापहरूको परिमाण होइन, तर हाम्रा पापहरूले के कुरा निम्त्याएको छ र हामीलाई कति हदसम्म क्षमा गरिएको छ भन्ने बुझाइले उहाँलाई निःस्वार्थ र भव्यतापूर्वक प्रेम गर्ने प्रतिक्रिया जगाउँछ। धेरै हदसम्म क्षमा पाइसकेपछि हामीले स्वर्गमा बस्नुहुने हाम्रा पिताप्रति आफ्नो प्रेम व्यक्त गर्नैपर्छ। उहाँ यही योग्यको हुनुहुन्छ र यही इच्छा गर्नुहुन्छ।

## *2) दास मानसिकता*

यस सोचका ढाँचामा, मानिसहरू सधैँ दास मानसिकतामा बाँधिएका हुन्छन्। उनीहरू हरेक चीज आफैँले कमाउनुपर्छ भन्ने महसुस गर्छन्, र ठूला कुराहरूका लागि आफू अनुपयुक्त छन् भन्ने सोच्छन्, अयोग्य महसुस गर्छन्, र सधैँ अभावको भावनामा बाँधिएर बाँच्दछन्। यसकारण, जब उनीहरू परमेश्वरसँग सम्बन्ध राख्छन्, तब उनीहरूका लागि परमेश्वरलाई यस्तो व्यक्तित्वका रूपमा बुझ्नु निकै कठिन हुन्छ, जसले हामीलाई छोराछोरीको रूपमा धर्मपुत्र ग्रहण गर्नुभएको छ, हामीलाई उत्तराधिकारीको आनन्द उठाउन योग्य बनाउनुहुन्छ, हामीलाई आफ्ना उत्तराधिकारी र *"ख्रीष्टसँग साझे-उत्तराधिकारी"* भन्नुहुन्छ (रोमी 8:17)।

तथापि, बाइबलले हामीलाई स्पष्टसँग सिकाउँछ कि परमेश्वर हामीले दासजस्तो व्यवहार गरेको चाहनुहुन्न।

**रोमी 8:15 [NNRV 2012]**
**किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं।**

**रोमी 8:15 (अंग्रेजी बाइबलमा दिइएको छ Contemporary English Version)**
**परमेश्वरको आत्माले हामीलाई उहाँसँग डराउने दास बनाउनुहुन्न, बरु, हामी उहाँका सन्तान बन्छौँ र उहाँलाई हाम्रो पिता भनी भन्दछौँ।**

**रोमी 8:15 (अंग्रेजी बाइबलमा दिइएको छ Good News Translation)**
**किनभने परमेश्वरले दिनुभएको आत्माले तिमीहरूलाई दास बनाउँदैन, न त भयभीत नै बनाउँछ। बरु, त्यस आत्माले तिमीहरूलाई परमेश्वरका छोराछोरी बनाउँछ, र यही आत्माको शक्तिद्वारा हामी परमेश्वरलाई, "हे पिता! मेरा पिता!" भनेर पुकार्छौं।**

**गलाती 4:4-7 [NNRV 2012]**
**4तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो।**
**5व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं।**
**6तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ।**
**7यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ।**

## *3) अनाथ मानसिकता*

यस्तो मानसिकता भएकाहरूले पिताविहीन, त्यागिएका, कहिल्यै प्रेम नपाएको र कहिल्यै प्रेम नपाउने जस्तो महसुस गर्छन्। तिनीहरू कहिल्यै कतै नअपनाइएजस्तो पनि अनुभव गर्छन् र कसैले साँचो रूपमा हेरचाह गरेको भन्ने महसुस गर्न सक्दैनन्। त्यसकारण, जब तिनीहरू परमेश्वरसँग सम्बन्ध राख्छन्, तब उनीहरूका लागि परमेश्वरलाई एक प्रेमिलो र हेरचाह गर्ने पिता हुनुहुन्छ भनेर बुझ्न असाध्यै गाह्रो हुन्छ।

उद्धृत गरिएका दुवै बाइबल धर्मशास्त्र बाइबलका सन्दर्भहरू—रोमी 8:15 र गलाती 4:4-7—ले हामीले उहाँलाई "पिता" भनेर पुकार्ने छोराछोरीहरूको रूपमा उहाँसँग सम्बन्ध गाँसेको चाहनुहुन्छ भन्ने कुरा दोहोऱ्याउँदछ। परमेश्वर चाहनुहुन्छ कि हामी उहाँका छोराछोरीका रूपमा जिउन सकौं तर आत्मिक अनाथहरूका रूपमा जिउने वा महसुस गर्नेहरूजस्ता होइन।

## *4) बहिष्कृत मानसिकता*

यस मानसिकताले ग्रसित भएका मानिसहरू गहिरो रूपमा बहिष्कृत महसुस गर्छन्। तिनीहरू सधैँ टाढै रहन चाहन्छन्। तिनीहरू आफू बहिष्कृत गरिएका,

त्यागिएका, अलग पारिएका र उपेक्षित भएकाजस्तो अनुभव गर्छन्। त्यसैले, जब तिनीहरू परमेश्वरसँग सम्बन्ध राख्छन्, तब उनीहरूका लागि परमेश्वरलाई यस्तो व्यक्तित्वका रूपमा बुझ्नु अति कठिन हुन्छ, जसले उनीहरूलाई आफ्नो उपस्थितिमा स्वागत गर्नुभयो, र उनीहरूलाई निडर र स्वतन्त्र रूपमा उहाँकहाँ आउन प्रेरित गर्नुभयो।

**एफिसी 2:12,13,18 [NNRV 2012]**
**12याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ।**
**13तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।**
**18किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौँ।**

बाइबल पवित्रशास्त्रले हामीलाई येशू ख्रीष्टको रगतद्वारा परमेश्वरको नजिक ल्याइएको छ भनेर स्पष्ट पार्छ। येशूमार्फत हामीले परमेश्वरको उपस्थितिमा स्वतन्त्र पहुँच पाएका छौँ। हामी बहिष्कृत छैनौँ। हामीलाई उहाँको उपस्थितिमा स्वागत गरिएको छ। हामी साहसी भई परमेश्वरको अनुग्रहको सिंहासनमा आउन सक्छौँ (हिब्रू 4:16)।

## *5) घमण्डी मानसिकता भएका–जेठा दाजु / दिदी*

यस्तो सोच भएका मानिसहरूमा घमण्डको भावना हुन्छ। उनीहरू प्रायः सोच्छन्, “मैले कहिल्यै प्रेम पाएको महसुस गरिनँ, मलाई प्रेम चाहिँदैन।” उनीहरू आफूले गरेमा कार्यहरूमा घमण्ड गर्ने गर्दछन्, “म विश्वासयोग्य छु, म मेरो आफ्नै काम गर्छु,” आदि। उनीहरूका लागि सबै कुरा कार्य र जिम्मेवारीमा आधारित हुन्छ। त्यसकारण, जब उनीहरूले परमेश्वरसँग सम्बन्ध राख्दछन्, तब परमेश्वरले तिनीहरूलाई उहाँको प्रेममा विश्राम गर्न र उहाँमा आनन्दित हुन बोलाउनुहुन्छ, किनकि उहाँ पनि तिनीहरूसित आनन्दित हुनुहुन्छ भन्ने यो कुरा बुझ्न उनीहरूका लागि अत्यन्त कठिन हुन्छ।

बाटो बिराएको छोरा अर्थात् कान्छो भाई फर्किएकोमा आफ्ना बुबाले खुशी मनाइरहेका छन् भन्ने कुरा सुनेपछि निराश जेठो दाजुले सहनै सकेन। उसले आफ्नो सबै कर्तव्य एक असल छोराको रूपमा पूरा गरेको भन्दै

आफूलाई निर्दोष देखाउँदै गुनासो गर्‍यो। यद्यपि, जे-जे कुरा बुबासँग थियो, त्यो सबै उसैको थियो। खसी-बाख्रा, भोजभतेर र प्रशस्त मीठो खाना जहिले पनि त्यहाँ हुन्थ्यो, तर जेठो छोराले कहिल्यै पनि त्यसको आनन्द लिने प्रयास गरेन। सम्बन्ध, परिवार र घरमा छोरा हुनुको विशेषाधिकारको आनन्द लिने जस्ता कुनै भावनाबिना आफ्नो बुबा र परिवारसँगको उसको सम्बन्ध पूर्णतया काममा मात्र आधारित थियो।

**लूका 15:29,30 [NNRV 2012]**

**29तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन।**

**30तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।'**

येशूले मरियम र मार्थालाई भेट्नुभएको घटना (लूका 10:38-42) ले पनि यस्तै बुझाइलाई प्रकट गर्दछ। मार्था प्रभुको सेवामा यति केन्द्रित थिइन् कि तिनले उहाँको उपस्थितिको आनन्द उठाउन र प्रभुको शिक्षा प्राप्त गर्न बेवास्ता गरिन्। तिनले मरियमको बारेमा गुनासो गरिन्, जसले प्रभुका वचनहरू ग्रहण गर्ने र आफ्नो घरमा उहाँको उपस्थितिको आनन्द उठाउने क्षणको सदुपयोग गरिरहेकी थिइन्। मार्थाको यो गलत मनोवृत्तिले हामीलाई अक्सर फरिसीहरूजस्तै उहाँको उपस्थितिको आनन्द उठाउने अरूहरूप्रति न्यायी र आलोचना गर्न उत्प्रेरित गर्छ।

**मर्कूस 14:3-5 [NNRV 2012]**

**3उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध जटामसीको बहुमूल्य अत्तर सिङ्गमरमरको शीशीमा लिएर आई, र त्यो शीशी फुटाएर त्यो सुगन्धित जटामसीको अत्तर उहाँको शिरमा खन्याई।**

**4तर कोही-कोहीले रीस गरेर आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको?**

**5किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई झपारे।**

## *6) चोट खाएका*

यी ती मानिसहरू हुन्, जसलाई चोट लागेको छ, सायद एक पटकभन्दा बढी। त्यसकारण, तिनीहरू भित्र-भित्रै पीडा र चोटहरू बोकेर हिँड्दछन्। तिनीहरूले कसैलाई कहिल्यै प्रेम गर्न दिनेछैनन् र कहिल्यै अरू कसैलाई प्रेम गर्ने प्रयास पनि गर्नेछैनन्। तिनीहरू फेरि चोट लाग्ने डरले प्रेम गर्न र प्रेम पाउन डराउँछन्। कहिलेकाहीँ तिनीहरू अरूप्रति क्षमा नगर्ने, घृणा गर्ने र रिसाउने भावना पनि राख्छन्, विशेष गरी ती व्यक्तिहरूप्रति, जो कुनै न कुनै रूपमा आफूलाई चोट पुऱ्याउनेहरूसँग मिल्दोजुल्दो हुन्छन्। त्यसकारण, जब तिनीहरू परमेश्वरसँग नातेदारका रूपमा जोडिन्छन्, तब परमेश्वरलाई त्यस्तो व्यक्तिको रूपमा बुझ्न तिनीहरूलाई धेरै गाह्रो हुन्छ। परमेश्वरले द्वेषबिना मानिसहरूलाई साँच्चै प्रेम गर्नुहुन्छ, र उहाँले कहिल्यै कुनै हानि गर्नुहुँदैन भनेर तिनीहरूलाई स्वर्गमा बस्नुहुने हाम्रो पिताको प्रेममा भरोसा गर्न अत्यन्त गाह्रो लाग्छ।

**यर्मिया 31:3**
**परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो:**
**"सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु।**
**मैले तँलाई दया गरी खिँचेको छु।**

हामीले परमेश्वरको प्रेम सर्वांगीण छ, र कुनै पनि कुराले उहाँको प्रेमबाट हामीलाई अलग पार्न सक्दैन भनेर जानून् भन्ने उहाँ चाहनुहुन्छ।

## *7) आत्म-आलोचनात्मक मानसिकता*

आत्म-आलोचना गर्ने ती व्यक्तिहरू हुन्, जो आफू र अरूको अत्यधिक आलोचना गर्छन्। *"म राम्रो छैनँ, म कहिल्यै आफ्नो लागि, अरूको लागि, वा परमेश्वरको लागि असल हुनेछैनँ..."* भन्ने उनीहरूको सोच्ने तरिका हो। त्यसैले, तिनीहरू स्वीकृति, मान्यता, आदि प्राप्त गर्नका निम्ति प्रदर्शन गर्न र प्रतिस्पर्धा गर्न आफूलाई जोड दिन्छन्। कहिलेकाहीँ, यो डरको कारणले हुन्छ, र मानिसहरूले अगाडि बढ्नको लागि अरूलाई नियन्त्रण र हेरफेर गर्न थाल्छन्। फलस्वरूप तिनीहरूमा आफू र अरूको बारेमा निर्णय (आलोचनात्मक हुनु) को तीतो जरा हुन सक्छ। त्यसैले, जब तिनीहरू

परमेश्वरसँग सम्बन्धित हुन्छन्, तब परमेश्वरलाई उहाँको महान् प्रेमको कारण अनुग्रहमा प्रचुर हुनुहुने व्यक्तिको रूपमा बुझ्न तिनीहरूलाई धेरै नै गाह्रो हुन्छ। परमेश्वरले हामी जस्ता छौँ त्यस्तै प्रेम गर्नुहुन्छ र उहाँको प्रशस्त प्रेमबाट ती कुराहरू दिनुहुन्छ जुन पाउन हामी योग्य छैनौँ। अनि यो अनुमान लगाउन सकिँदैन! उनीहरूलाई यो बुझ्न गाह्रो हुन्छ कि परमेश्वरले हामीलाई हामी जस्ता छौँ, त्यस्तै प्रेम गर्नुहुन्छ र उहाँको प्रेमबाट हामीले पाउनुपर्ने कुरा पनि दिनुहुन्छ। यो उनीहरूका निम्ति यो गणनायोग्य छैन!

तैपनि, ईश्वरशास्त्रले हामीलाई परमेश्वरतर्फ सङ्केत गर्दछ, जो कृपामा धनी र अनुग्रहमा प्रशस्त हुनुहुन्छ; किनभने हामीप्रति उहाँको प्रेम महान्, अथाह र शर्तरहित छ।

**एफिसी 2:4,5 [NNRV 2012]**
**4तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो,**
**5यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो— अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ।**

## परमेश्वरको प्रेम प्राप्त गर्न हामीलाई कुन – कुन कुराले रोकिरहेको छ

आउनुहोस्, हामी यी निम्न केही गलत आसनहरू अर्थात् परमेश्वरको बारेमा गलत धारणाहरूमध्ये कुनै एक धारणालाई पक्रिराखेका छौँ कि छैनौँ भनेर जाँचौं, जुन धारणाले वास्तवमा उहाँलाई प्रेमिलो स्वर्गका पिताको रूपमा चिन्न र हाम्रा लागि उहाँको शर्तरहित र अथाह प्रेम प्राप्त गर्नबाट हामीलाई रोक्दछ।

1) **हराएको छोरा:** त्यस हराएको छोरालाई उहाँ भन्नुहुन्छ, *"तिमी पापी छँदाछँदै पनि, मैले तिमीलाई प्रेम गरेँ।"*
2) **दास मानसिकता:** दासलाई उहाँ भन्नुहुन्छ, *"संसारको उत्पत्ति हुनुभन्दा अघि नै, मैले तिमीलाई मेरो छोरा वा छोरीको रूपमा राख्ने योजना बनाइसकेको थिएँ।"*

*3)* **अनाथ मानसिकता:** अनाथलाई उहाँ भन्नुहुन्छ, *"मैले तिमीलाई सृष्टि गर्नुअघि नै, र तिमी जन्मनुअघि नै, तिमीलाई मेरो परिवारमा ग्रहण गर्ने योजना बनाइसकेको थिएँ।"*

4) **बहिष्कृत मानसिकता:** बहिष्कृतलाई उहाँ भन्नुहुन्छ, *"म तिमीलाई अत्यन्तै प्रेम गर्छु, र तिमीलाई आफ्नै नजिक राख्न चाहन्छु। त्यसकारण, मैले तिमीलाई ल्याएर आफ्नै छेउमा बसाएको छु।"*

5) **घमण्डी जेठा दाजु:** घमण्डी जेठा दाजु, जसले आफूलाई धार्मिक ठान्छ, उनलाई उहाँ यसो भन्नुहुन्छ, *"बस्, मेरो प्रेमलाई ग्रहण गर, किनभने यो सधैँ तिम्रो लागि रहिरहेको छ।"*

6) **चोट खाएका:** चोट खाएकालाई उहाँ भन्नुहुन्छ, *"अरूले तिमीलाई चोट पुऱ्याएका छन्, तर म तिमीप्रति कहिल्यै अन्याय गर्नेछैनँ। तिमीलाई चोट पुऱ्याउनेहरूभन्दा म धेरै नै कोमल छु।"*

7) **आत्म-आलोचनात्मक मानसिकता:** आत्म-आलोचना गर्नेलाई, उहाँ भन्नुहुन्छ, *"म तिमीलाई प्रेम गर्छु, किनकि म प्रेम हुँ। आफैँलाई दोषी नठहराउ, किनभने मैले तिमीलाई दोषी ठहराएको छैनँ।"*

आउनुहोस् हामी परमेश्वरसँग बिन्ती चढाउँदै उहाँको असीमित र निशर्त प्रेम ग्रहण गर्ने हाम्रो आफ्नो क्षमतालाई पुनर्स्थापित गरेर निको पारिदिनुहोस् भनौँ। यसरी हामी उहाँको प्रेमलायक बन्नेछौँ।

परमेश्वरले हामीलाई आफ्नो असीमित र शर्तरहित प्रेमको केन्द्र बनाउनुभएको छ। उहाँको प्रेमले हामीलाई उहाँका सन्तान बनाएको छ। परमेश्वर हाम्रा पिता हुनुहुन्छ, अनि हामी उहाँकै हौं।

**1 यूहन्ना 3:1क [NNRV 2012]**
**हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि!**

## मनन गर्नुहोस्

- परमेश्वर सम्बन्धात्मक परमेश्वर हुनुहुन्छ भन्ने सत्यतालाई मनन गर्नुहोस् — सृष्टि हुनुभन्दा अघि पनि प्रेम थियो, र प्रेमकै कारण सृष्टि भएको थियो।
- हामीसँग हुन सक्ने सातवटा गलत आसनहरू अर्थात् गलत धारणाहरू र यसले परमेश्वरसँग हाम्रो सम्बन्धलाई कसरी असर गर्छ भनेर समीक्षा गर्नुहोस्।
- के यी सात गलत धारणाहरूमध्ये कुनैको आफू शिकार भएको महसुस हुन्छ? (कुन गलत धारणाको आफू शिकार भएको महसुस हुन्छ?) (जस्तै, तपाईं त्यसमा आफूलाई पहिचान गर्नुहुन्छ?) यी धाराणाहरूलाई हटाउन र परमेश्वरको सत्यतालाई स्थान दिनका लागि समय लिइ प्रार्थना गर्नुहोस्, ताकि तपाईं परमेश्वरसँग आफ्नो स्वर्गीय पिताको रूपमा स्वतन्त्र रूपमा सम्बन्ध राख्न सक्नुहुनेछ।
- आफूलाई परमेश्वरको छोरा वा छोरीको रूपमा हेरिरहँदा आफ्ना विचारहरू वा भावनाहरू लेख्नुहोस्; जो उहाँको असीमित र शर्तरहित प्रेमको केन्द्र बिन्दु हो।
- सुसमाचारका पुस्तकहरूमा प्रभु येशूले “स्वर्गीय पिता” भन्ने शब्दहरू प्रयोग गर्नुभएको दृष्टान्तहरू पढ्नुहोस् (मत्ती 6:14,26,32; मत्ती 15:13; मत्ती 18:35; लूका 11:13) र “स्वर्गका पिता” (मत्ती 5:16,45,48; मत्ती 6:1,9; मत्ती 7:21; मत्ती 12:50; मत्ती 18:19; मर्कूस 11:25,26)। यी सन्दर्भहरूमा मनन गर्नुहोस् र दैनिक जीवनका दिनचर्याहरूमा तपाईं कसरी परमेश्वरलाई आफ्नो स्वर्गीय पिताको रूपमा सम्बन्ध राख्न सक्नुहुन्छ, त्यसबारे विचार गर्नुहोस्।

# 2
# असीम प्रेम

## उहाँको प्रेमको असीम महानता

**एफिसी 3:17-19 [NNRV 2012]**
**17र विश्‍वासद्वारा ख्रीष्‍ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर,**
**18सबै सन्‍तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्‍त गर्न सक,**
**19र ज्ञानलाई माथ गर्ने ख्रीष्‍टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्‍वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।**

**एफिसी 3:17-19 (अंग्रेजी बाइबलमा दिइएको छ The Amplified)**
**17ताकि ख्रीष्ट तिमीहरूको विश्‍वासद्वारा तिमीहरूको हृदयमा बास गरून्। अनि तिमीहरू, [गहिरो] जरा गाडेर र [सुरक्षित रूपमा] प्रेममा जग बसालेर,**
**18सबै सन्तहरू (परमेश्‍वरका मानिसहरू) सँग उहाँको प्रेमको चौडाइ, लम्बाइ, उचाइ र गहिराइ [त्यो अद्भुत, अनन्त प्रेमलाई पूर्ण रूपमा अनुभव गर्दै] बुझ्न पूर्ण रूपमा सक्षम होओ;**
**19अनि [ताकि तिमीहरूले] [व्यावहारिक रूपमा, व्यक्तिगत अनुभव मार्फत] ख्रीष्टको प्रेमलाई बुझ्न सक, जुन प्रेम [मात्र] ज्ञानभन्दा [अनुभव बिना] बढी छ, ताकि तिमीहरू [आफ्नो सम्पूर्ण अस्तित्वमा] परमेश्‍वरको सम्पूर्ण पूर्णतामा भरिपूर्ण हुन सक, [ताकि तिमीहरूले आफ्नो जीवनमा परमेश्‍वरको उपस्थितिको सबैभन्दा समृद्ध अनुभव पाउन सक, र परमेश्‍वरले पूर्ण रूपमा भरिपूर्ण हुन सक र उहाँको महिमाले प्रशस्त हुन सक]।**

प्रेरित पावलमार्फत यी पदहरूमा व्यक्त गरिएझैँ हाम्रा स्वर्गीय पिता परमेश्‍वरले हामीलाई उहाँको असीम प्रेममा गहिरो जरा गाडेको (रूखजस्तै) र सुरक्षित रूपमा (बलियो जगको भवनजस्तै) भएको ठाउँमा आएको चाहनुहुन्छ।

पद 18 र 19 मा, प्रेरित पावलले पिताको प्रेमको “समझ” र “ज्ञान” लाई उल्लेख गर्दैछन्, जुन व्यक्तिगत र अनुभवात्मक हो, पूर्ण रूपमा बौद्धिक होइन। ग्रीकमा “समझ” शब्दको शाब्दिक अर्थ “उत्साहपूर्वक लिनु, कब्जा गर्नु, अधिकारमा राख्नु, समात्नु र व्यक्तिगत अनुभवद्वारा जान्नु” भन्ने हुन्छ।

परमेश्वर, हाम्रा स्वर्गीय पिता चाहनुहुन्छ कि हामीले व्यक्तिगत अनुभवद्वारा हामीप्रतिको उहाँको शर्तरहित प्रेमको आसीम महानता व्यावहारिक रूपमा थाहा पाऔँ।

पिताको प्रेम चौडाइ, लम्बाइ, उचाइ र गहिराइमा अथाह छ (एफिसी 3:18)।

- **उहाँको प्रेम संसारजत्तिकै व्यापक छ।**

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, ..."* (यूहन्ना 3:16)।

- **उहाँको प्रेमको लम्बाइ हामीमध्ये सबैभन्दा टाढाको मानिस जति भौंतारिएको छ, त्यति नै छ।**

*"हामी सबै भेड़ाझैँ बरालिएका छौँ। हामी हरेक आफ्नै बाटोतिर लागेका छौँ, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।"* (यशैया 53:6)

- **उहाँको प्रेमको गहिराइ हामीले आफैँलाई राखेको सबैभन्दा गहिरो, सबैभन्दा तल्लो नरक जत्तिकै गहिरो छ।**

*"... उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ..."* (हिब्रू 7:25)।

- **उहाँको प्रेम माथिको स्वर्गीय स्थानहरूजत्तिकै उच्च छ।**

*"र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो"* (एफिसी 2:6)।

- **उहाँको प्रेम शाश्वत, चिरस्थायी र अथक छ।**

*"सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु ..."* (यर्मिया 31:3)।

## येशू ख्रीष्टको क्रूस—परमेश्वरको असीम प्रेमको उच्चतम अभिव्यक्ति

**यूहन्ना 3:16,17 [NNRV 2012]**

**[16]किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।**

[17]**किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।**

रोमी 5:8 [NNRV 2012]
**तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।**

1 यूहन्ना 4:9,10 (NNRV 2012)
[9]**परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं।**
[10]**प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौँ, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।**

बाइबलले हामीलाई येशू ख्रीष्टको क्रूसलाई हामीप्रति पिताको महान् प्रेमको अभिव्यक्ति र प्रदर्शनको रूपमा औंल्याउँछ। परमेश्वरले हामीलाई कत्तिको प्रेम गर्नुहुन्छ भनेर सङ्केत गर्न वा प्रमाणित गर्न अक्सर हामी क्षणिक कुराहरू हेर्छौँ। यदि हामीले आफ्नो शैक्षिक वा व्यावसायिक जीवनमा राम्रो काम गर्‍यौँ भने यसलाई परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने सङ्केतको रूपमा लिन्छौँ। यदि हामीले राम्रो काम गरेनौँ भने, हामी यसलाई कुनै तरिकामा परमेश्वर हामीसँग दु:खी हुनुभएको वा अप्रसन्न हुनुहुन्छ भनेर सङ्केत गर्न लिन्छौँ। तथापि, परमेश्वरले येशूलाई हाम्रो निम्ति क्रूसमा मर्न पठाउनुभएर हामीप्रति आफ्नो प्रेम प्रकट गर्नुभयो वा व्यक्त गर्नुभयो भनेर बाइबलले सिकाउँछ। त्यसैले, हामी हाम्रो निम्ति पिताको प्रेमको चिन्ह वा सङ्केत चाहन्छौँ भने, हामीले येशू र उहाँले क्रूसमा हाम्रो लागि के गर्नुभयो भनेर हेर्नुपर्दछ।

हामी पापी थियौँ। हाम्रो पापले हामीलाई परमेश्वरबाट अलग गर्‍यो। हाम्रा पापहरूले हामीलाई नरकमा लगिरहेको थियो — अनन्त कालको लागि परमेश्वरबाट अलग्गिएको थियो। हामी शैतानको अधीनतामा थियौँ। प्रभु येशू क्रूसमा मर्नुभयो, सम्पूर्ण मानव जातिको पापको निम्ति पूर्ण दण्ड तिर्नुभयो र पाप, शैतान, नरक र चिहानमाथि विजय प्राप्त गर्नुभयो। उहाँ विजयी भएर उठ्नुभयो र पिताकहाँ फर्कनुभयो। हरेक मानिसलाई क्षमा गर्न, पाप र

शैतानबाट मुक्त हुन र परमेश्वरको परिवारमा ल्याउन उहाँले गर्नुपर्ने सम्पूर्ण कुरा पूरा गर्नुभयो। काम भइसकेको छ! यो प्रेमको काम थियो, जुन काम परमेश्वर स्वयम्ले हाम्रा निम्ति गर्नुभयो। येशू ख्रीष्टको क्रूसले असीम चौडाइ, लम्बाइ, गहिराइ र उचाइ अर्थात् हामीप्रति पिताको प्रेमको अथाह महानतालाई सङ्केत गर्दछ। एउटै मात्र कुरा बाँकी रहेको छ: प्रत्येक व्यक्तिले विश्वासद्वारा व्यक्तिगत रूपमा ख्रीष्टले गर्नुभएको कार्यलाई ग्रहण गर्नुपर्दछ र उहाँले पूरा गर्नुभएको कार्यअनुसार जीवन व्यतित गर्नुपर्दछ।

- परमेश्वरको प्रेम यति विशाल छ कि यसले हरेक व्यक्तिलाई समेट्छ।
- परमेश्वरको प्रेम यति लामो छ कि यो टाढाको पापीसम्म पुग्छ।
- परमेश्वरको प्रेम यति गहिरो छ कि यो सबैभन्दा तल्लो ठाउँसम्म पुग्छ।
- परमेश्वरको प्रेम यति उच्च छ कि यसले हामीलाई परमेश्वर भएतिर, उहाँको दाहिने हाततर्फ उचाल्छ।

## क्रूसले सिद्ध प्रेमको लागि हाम्रो क्षमता पुनर्स्थापित गर्छ

प्रभु येशू हामीप्रति परमेश्वरको असीम प्रेम प्रदर्शन गर्न मात्र क्रूसमा मर्नुभएन, तर उहाँ हामीलाई पूर्ण बनाउनको लागि समेत मर्नुभयो।

**यशैया 53:5 (NNRV 2012)**
**तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं।**

उहाँले हाम्रा सबै पापहरूको दण्ड तिरिदिनुभयो। उहाँले हामीलाई शान्ति दिलाउन दुःख (दण्ड) सहनुभयो। हिब्रू भाषामा *‘शान्ति’* लाई शालोम भनिन्छ, जसको अर्थ सम्पूर्णता र पूर्ण कल्याण हो। उहाँले सहनुभएको चोटहरूद्वारा हामी सबै रोगहरूबाट निको पारिएका छौँ (मत्ती 8:16,17)।

उहाँले क्रूसमार्फत हामीप्रति सिद्ध प्रेम प्रकट गर्नुभयो। साथै, उहाँले हामीलाई सिद्ध बनाउनुहुन्छ, ताकि हामी परमेश्वरको सिद्ध प्रेम ग्रहण गर्न सकौँ र अरूलाई पनि बाँड्न सकौँ।

जब हामी उहाँको पुत्रमार्फत व्यक्त गरिएको परमेश्वरको असीम प्रेम ग्रहण गर्छौं, तब हामी सिद्ध बनाइन्छौँ। हामी परमेश्वरले हामीप्रति र हाम्रा वरिपरिका सबैप्रति राख्नुभएको महान् प्रेम बुझ्न थाल्छौँ। उहाँले प्रेम ग्रहण गर्ने र प्रेम दिन सक्ने हाम्रो क्षमतालाई पुनःस्थापित गर्नुहुन्छ।

## उहाँको महान् प्रेमका कारण असीम अनुग्रह र कृपाको भरपूर उपलब्धता छ

**एफिसी 2:1-7 (NNRV 2012)**

**1तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो।**
**2यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ।**
**3तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।**
**4तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो,**
**5यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो— अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ।**
**6र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो।**
**7योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।**

उहाँले हामीलाई प्रेम गर्नुभएको उहाँको महान् प्रेमको कारण, उहाँ कृपा र अनुग्रहमा धनी हुनुहुन्छ। उहाँले हामीलाई उहाँको ठीक छेउैमा बस्न उठाउनुभयो।

हामीले परमेश्वरको प्रेममा आफ्नो स्थान प्राप्त गर्न सकेनौँ। उहाँकै प्रेमले गर्दा, उहाँको अनुग्रह र कृपाले गर्दा हामी यसमा ल्याइएका हौँ।

परमेश्वरको प्रेम उहाँको अनुग्रह र कृपाद्वारा व्यक्त हुन्छ। उहाँको असीम प्रेमका कारण, परमेश्वरले हामीप्रति अनुग्रह र कृपा प्रकट गर्नुहुन्छ।

परमेश्वरको कृपा भनेको उहाँको सहानुभूति, दया र भलाइ हो, जुन हाम्रो अतीत, हाम्रा गल्तीहरू र हाम्रा खराबीलाई नदेखी हामीलाई प्रदान गरिन्छ। कृपाले त्यो दणडलाई रोक्छ, जुन हामीले पाउने हकदार छौँ। परमेश्वर कृपामा धनी हुनुहुन्छ। उहाँको कृपा तपाईंको सबैभन्दा गहिरा गल्तीभन्दा पनि धनी छ! पाप महँगो छ, तर परमेश्वरको कृपा त्यो भन्दा पनि अझै धनी छ!

परमेश्वरको अनुग्रह नै उहाँले दिनुहुने वा गर्नुहुने कुरा हो। यो अनुग्रह परमेश्वरले हामीलाई दिनुभएको धन हो। अनुग्रहले हामीलाई त्यो कुरा दिन्छ, जुन हामी योग्यका छैनौँ, न त हामी आफैँले कहिल्यै त्यसलाई कमाउन वा प्राप्त गर्न सक्छौँ।

## *उडन्त पुत्र अर्थात् हराएको छोराको दृष्टान्त—कृपा र अनुग्रहको विस्तार*

**लूका 15:11-32 (NNRV 2012)**

**11उहाँले भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए।**

**12कान्छोचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।' तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए।**

**13"धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो।**

**14त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव हुन थाल्यो।**

**15त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो।**

16**सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो।**
17**"जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, 'मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु।**
18**म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु।**
19**अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्'।"**
20**तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। "तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे।**
21**"छोराले तिनलाई भन्यो, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ।'**
22**"तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, 'झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ,**
23**र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं।**
24**किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।' तब तिनीहरू आनन्द मनाउन लागे।**
25**"त्यस बेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो।**
26**त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के भइरहेछ?' भनेर सोध्यो।**
27**उसले त्यसलाई भन्यो, 'तपाईंका भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो पशु मार्नुभयो। किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो।'**
28**"तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे।**
29**तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन।**
30**तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।'**
31**"तब तिनले त्यसलाई भने, 'छोरा, तँ त मसँग सधैँभरि छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो।**
32**तर हामीले आनन्द मनाउनु र खुसी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ'।"**

पिताले **अनुग्रह** र **कृपा** प्रदान गरेर आफ्ना पुत्रको निम्ति आफ्नो प्रेम व्यक्त गर्नुभयो।

**कृपा**—पुत्रले गरेका सबै गल्तीहरूलाई पिताले क्षमा गर्नुभयो—सम्पत्ति खेर फाल्नु, परिवारको अनादर र बदनामी ल्याउनु, आफ्नो व्यक्तिगत सम्मान घटाउनु आदि।

**अनुग्रह**—बुबाले छोरालाई त्यो कुरा दिनुभयो, जुन वास्तवमा तिनले पाउन योग्यको थिएन—लुगा, औंठी, जुत्ता, असाधारण भोज अनि पारिवारिक उत्तराधिकारी बन्ने अधिकार!

यदि हामी केवल उहाँतर्फ फर्क्यौं भने, हामी उहाँको अथाह प्रेमको प्रत्यक्ष अनुभव गर्नेछौँ! हामी उहाँको प्रचुर कृपा र असीम अनुग्रह प्राप्त गर्नेछौँ।

### ***यसले हामीलाई उहाँको अमाप्य प्रेमको बारेमा के देखाउँछ...***

- जब हामी विद्रोहमा हुन्छौँ, अझै पनि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।
- जब हामी अशुद्धताले ढाकिएका र पापमा डुबेका हुन्छौँ, अझै पनि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।
- जब हामी टुटेका, खेर गएका र नष्ट भएका हुन्छौँ, अझै पनि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।
- जब हामी हाम्रो सबैभन्दा खराब अवस्थामा हुन्छौँ, अझै पनि हामीलाई उहाँले प्रेम गर्नुहुन्छ।

**यही हो प्रेम**—महासागर जत्तिकै विशाल! उहाँको प्रेम हाम्रो सबैभन्दा गहिरो दुष्टताभन्दा, हामी सबैभन्दा टाढा भौंतारिएभन्दा, हाम्रा विश्वासहीन द्विविधाभन्दा र हाम्रो पूर्ण विचलनभन्दा अझ महान् छ।

पिताले हामीलाई असीम, अथक प्रेमले प्रेम गर्नुहुन्छ। पिताको प्रेम उहाँको पुत्र येशू ख्रीष्टमा हामीलाई प्रकट गरिएको नापभन्दा पनि बाहिरको कुरा हो। उहाँको असीम प्रेमबाट, उहाँले हामीमाथि आफ्नो कृपा र अनुग्रह खन्याउनुहुन्छ।

**रोमी 8:32 (NNRV 2012)**
**जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र?**

## उहाँको कृपा र अनुग्रह प्राप्त गर्न तथा परमेश्वरको सन्तान बन्ने प्रार्थना

परमेश्वरले हामीलाई यो अद्भुत अवसर प्रदान गर्नुभएको छ, जसद्वारा हामीले आफ्नो सबै पाप क्षमा गराउन सक्छौँ र येशू ख्रीष्टमा विश्वास गरेर उहाँका आफ्नै सन्तान बन्न सक्छौँ। यो निर्णय हरेक व्यक्तिले व्यक्तिगत रूपमा लिनुपर्छ। अरू कसैले हाम्रा निम्ति यो निर्णय गर्न सक्दैन। हामीले येशू ख्रीष्टमा विश्वास गर्न र हाम्रो जीवनभरिको निम्ति उहाँलाई मात्र पछ्याउने निर्णय पूर्ण रूपमा व्यक्तिगत छनौट हो। यहाँ बाइबलले के भन्छ, *"तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो"* (यूहन्ना 1:12)।

यदि तपाईंले अझैसम्म येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभुका रूपमा स्वीकार गर्ने निर्णय गर्नुभएको छैन, उहाँमाथि विश्वास गरेर आफ्ना पापहरूको क्षमा प्राप्त गर्न र परमेश्वरको सन्तान बन्नुभएको छैन भने, तपाईंले अहिले नै यो निर्णय गर्न सक्नुहुन्छ।

तपाईं आफ्नो निर्णय गर्न यो नमूना प्रार्थना प्रयोग गर्न सक्नुहुन्छ। तपाईं आफ्नै शब्दमा पनि प्रार्थना गर्न सक्नुहुन्छ।

*प्रिय प्रभु येशू,*
*क्रूसमा मेरा पापहरूको निम्ति मर्नुभएकोमा र मप्रति पिताको महान् प्रेम देखाउनुभएकोमा धन्यवाद छ। म विश्वास गर्छु कि तपाईं क्रूसमा मेरो निम्ति मर्नुभएर तपाईंले मेरो सबै पापहरूका निम्ति दण्ड तिरीदिनुभयो। मलाई विश्वास छ कि तपाईंले शैतानलाई परास्त गर्नुभयो, नरक र मृत्युमाथि विजय प्राप्त गर्नुभयो र तेस्रो दिनमा उठ्नुभयो। म विश्वास गर्छु कि तपाईं आज पनि जीवित हुनुहुन्छ र मलाई परमेश्वरको परिवारमा ल्याउन पर्खिरहनुभएको छ। आज, म तपाईंलाई मेरो उद्धारकर्ता र प्रभुका रूपमा ग्रहण गर्छु। म तपाईंमा विश्वास गर्छु। मलाई परमेश्वरको सन्तान बनाउनुहोस् र मेरो जीवनभरि तपाईंलाई पछ्याउन सहायता गर्नुहोस्। येशूको नाममा, आमेन।*

## *यहाँ छ, प्रेम!*

(WILLIAM REES, 1900)

यहाँ छ प्रेम, समुद्र जत्तिकै विशाल,
दयालु कृपा, बाढीझैँ अटल।
जब जीवनका राजकुमार, हाम्रो मुक्तिदाता,
हाम्रो निम्ति दिनुभयो आफ्नो अमूल्य रगत।

को छ, जसले उहाँको प्रेम सम्झँदैन?
को छ, जसले उहाँको स्तुति गाउन रोक्न सक्छ?
उहाँलाई कहिल्यै भुल्न सकिँदैन,
स्वर्गका अनन्त दिनहरूमा।

क्रूसमा टाँगिएको डाँडामा,
फोहराहरू गहिरो र चौडा खुले;
परमेश्वरको कृपामय बाढीको ढोकाहरूद्वारा
एक विशाल र दयालु बाढी बग्न थाल्यो।
कृपा र प्रेम, शक्तिशाली नदीहरू,
सधैँ माथिबाट निरन्तर बग्न थाल्यो,
र स्वर्गको शान्ति र पूर्ण न्यायले
अपराधी संसारलाई प्रेममा चुम्यो।

मलाई, तपाईंको सबै प्रेम स्वीकार गर्न दिनुहोस्,
मेरो सबै जीवनभरि तपाईंलाई प्रेम गर्न दिनुहोस्;
मलाई तपाईंको राज्य मात्र खोज्न दिनुहोस्,
र मेरो जीवन तपाईंकै प्रशंसाको निम्ति होस्;
तपाईं मात्र मेरो महिमा हुनुहुनेछ,
मैले देखेको संसारमा केही पनि छैन;
तपाईंले मलाई शुद्ध पार्नुभयो र पवित्र पार्नुभयो।
तपाईंले नै मलाई स्वतन्त्र पार्नुभएको छ।

तपाईंको सत्यमा तपाईंले मलाई डोऱ्याउनुहुन्छ
तपाईंको वचनद्वारा तपाईंको आत्माद्वारा;
र तपाईंको अनुग्रह मेरो आवश्यकता पूरा हुँदैछ,
जसरी म तपाईंमा, मेरो प्रभु, विश्वास गर्छु।
तपाईंको पूर्णतामा, तपाईंले मलाई
तपाईंको महान प्रेम र शक्ति ममाथि खन्याइरहनुभएको छ,
नापबिना, पूर्ण र असीम,
मेरो हृदय तपाईंमा आकर्षित गर्दै।

## मनन गर्नुहोस्

1) हामीप्रति पिताको असीम प्रेममा विश्वासीहरूको हैसियतमा हामी “गहिरो जरा गाडेर” र “सुरक्षित तवरमा जरा गाडेर” बस्नु किन महत्त्वपूर्ण छ?
2) परमेश्वरको कृपा र अनुग्रह हामीप्रतिको उहाँको असीम प्रेमबाट प्रवाहित हुन्छ। “दया” र “अनुग्रह” भन्नाले तपाईं के बुझ्नुहुन्छ?
3) परमेश्वरको प्रेमको सागरमा डुबेको आफूलाई परिकल्पना गर्नुहोस्। आफ्ना विचारहरू लेख्नुहोस्। यस्तो असीम तरिकामा शर्तरहित प्रेम गर्नुको अर्थ के हो?

# 3
# स्वर्गमा हुनुहुने हाम्रा पिताको यथार्थमय चित्र

बाइबलमा प्रस्तुत गरिएको परमेश्वरको साँचो र यथार्थमयी चित्र हामीसँग हुनुपर्छ।

गलत चित्रले हामीलाई परमेश्वरलसम्बन्धी गलत धारणा उत्प्रेरित गर्न सक्छ, अर्थात् हामी परमेश्वरसँग गलत तरिकामा सम्बन्ध राख्छौँ। उदाहरणका लागि, यदि परमेश्वर लोभी, दुःखी, आशिष् दिन, जुटाउन र आफ्ना जनहरूलाई समृद्ध पार्न अनिच्छुक हुनुहुन्छ भन्ने सोचाइ राख्छौँ भने, हाम्रो जीवनमा परमेश्वरलाई हाम्रा आवश्यकताहरू जुटाइदिने र आशिष् दिने परमेश्वरको रूपमा हामी ढुक्क भएर प्रार्थना गर्न सक्दैनौँ। हाम्रो प्रार्थनाहरू "यदि" र "शायद" ले भरिएका हुन्छन्।

हाम्रो स्वर्गीय पिताको गलत चित्रले हामीलाई परमेश्वरको इच्छाबारे अनिश्चित बनाउन सक्छ।

स्वर्गमा बस्नुहुने हाम्रा पिताको गलत चित्रले हामीलाई जीवनका चुनौतीहरूको समयमा कमजोर र भयभीत तुल्याउन सक्छ। परमेश्वर हामीसँग खुसी हुनुहुन्छ वा हामीसँग दु:खित हुनुहुन्छ भनेर हामी निश्चित हुदैनौँ ।

हामीमध्ये कतिपय यस्ता घरमा हुर्केका छौँ, जहाँ हामीले कहिल्यै आमाबुबाको प्रेम वा बुबाको प्रेम अनुभव गरेका छैनौँ। हामीसँग असल अभिभावकहरू पनि हुन सक्छन्, तर हामीले कहिल्यै हाम्रो अभिभावकहरूको प्रेम अनुभव गरेका छैनौँ।

त्यसकारण, यस अध्यायमा हामी परमेश्वरलाई हाम्रो स्वर्गीय पिताको रूपमा केही पक्ष प्रस्तुत गर्छौं, जसको तुलना हामीले हाम्रो व्यक्तिगत अनुभवहरू वा पूर्वनिर्धारित धारणाहरूको आधारमा उहाँलाई दिइएका

विशेषतासँग गर्छौं। यस अध्यायको हाम्रो उद्देश्य हाम्रा स्वर्गीय पिताबारे बाइबलीय दृष्टिकोण हासिल गर्नु हो। यी पूर्ण विवरणहरू होइनन्, तर यी महत्त्वपूर्ण र अत्यन्त आवश्यक विशेषताहरू हुन्, जसले हाम्रा स्वर्गीय पिताको बाइबलीय चित्र बनाउनमा मद्दत पुऱ्याउँछन्।

## एक अपरिवर्तनीय स्वर्गीय पिता

परमेश्वर हाम्रो अपरिवर्तनीय स्वर्गीय पिता हुनुहुन्छ, जसमाथि हामी सधैँ भरोसा र आशा गर्न सक्छौँ। यो कुरा सांसारिक आमाबाबुसँग भिन्न छ, जो अप्रत्यासित हुन सक्छन् र तिनीहरूले कस्तो व्यवहार गर्छन् वा कस्तो प्रतिक्रिया देखाउँछन् भनेर हामीलाई अनिश्चित बनाउँछ।

**याकूब 1:17 [NNRV 2012]**
**हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन।**

हाम्रो स्वर्गीय पिता, उहाँ को हुनुहुन्छ, उहाँ के भन्नुहुन्छ र के गर्नुहुन्छ भन्ने कुरामा स्थिर हुनुहुन्छ। हामी उहाँमा भरोसा गर्न सक्छौँ र पूर्ण रूपमा उहाँमा ढुक्क हुन सक्छौँ।

## एक अचूक स्वर्गीय पिता

परमेश्वर एक अचूक स्वर्गीय पिता हुनुहुन्छ, जो हामीलाई कहिल्यै निराश पार्नुहुन्न। यो त्यो सन्दर्भमा हो, जहाँ हामीलाई निराश पार्ने वा अनुपस्थित रहने आमाबुबाहरूको तुलना गरिन्छ। आमाबुबा, जो शारीरिक रूपमा साथमा हुनुहुन्छ, तर भावनात्मक रूपमा वा आवश्यक समयमा हाम्रो साथ हुँदैनन्।

**हिब्रू 13:5 [NNRV 2012]**
**तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।"**

परमेश्वर स्वर्गीय पिता हुनुहुन्छ, जो सधैँ हाम्रो साथमा हुनुहुन्छ। परमेश्वर हामीलाई गलत काम गर्न असाध्यै असल हुनुहुन्छ, गल्ती गर्न असाध्यै बुद्धिमान् हुनुहुन्छ र हामीलाई निराश पार्न सक्नुहुन्न।

## एक दयालु र उदार पिता

परमेश्वर एक स्वर्गीय पिता हुनुहुन्छ, जो दयालु र उदार हुनुहुन्छ। यो कन्जुस र संकुचित अभिभावकसँगको विपरीत हो, जसलाई हामीले केही माग्न डराउँछौँ। परमेश्वर एक स्वर्गीय पिता हुनुहुन्छ, जसले हाम्रा सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ।

मत्ती 6:31,32 [NNRV 2012]
**31यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर।**
**32किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ।**

मत्ती 7:7-11 [NNRV 2012]
**7"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ।**
**8किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ।**
**9"तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला?**
**10कि माछा माग्दा त्यसलाई साँप देला?**
**11यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ।**

परमेश्वर पृथ्वीको आमाबुबाभन्दा असीम रूपले उत्तम हुनुहुन्छ। उहाँ हाम्रा आवश्यकताहरूबारे सजग हुनुहुन्छ र आफ्ना छोराछोरीहरूलाई असल कुराहरू दिनुहुन्छ।

याकूब 1:5 [NNRV 2012]
**तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।**

परमेश्वरले सबैलाई दिनुहुन्छ, उहाँले उदारतापूर्वक दिनुहुन्छ र उहाँले दोष पत्ता नलगाई, गनगन वा गुनासो नगरी दिनुहुन्छ।

**भजनसंग्रह 84:11 [NNRV 2012]**
**किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ,**
**परमप्रभुले निगाह र इज्जत प्रदान गर्नुहुन्छ।**
**सत्य मार्गमा हिँड्नेहरूलाई परमप्रभुले**
**कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न।**

परमेश्वरलाई हाम्रो दयालु र उदार स्वर्गीय पिताको रूपमा चिन्दा हामीलाई आवश्यकताको समयमा मद्दत र प्रबन्धको लागि साहसपूर्वक अनुग्रहको सिंहासनमा आउन स्वतन्त्र बनाउँछ, किनकि हामीले मागेको कुरा उहाँले दिनुहुनेछ भन्ने कुरा हामीलाई थाहा छ।

## दयालु पिता

परमेश्वर हाम्रो स्वर्गीय पिता हुनुहुन्छ जो *"क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ"* हुनुहुन्छ (भजनसंग्रह 103:8)। उहाँ ती हाम्रा आमाबुबाभन्दा फरक हुनुहुन्छ, जो झन्किने वा रिसाहा हुन सक्छन् र सजिलै रिसाउँछन्।

हामी सबैले गल्ती गर्छौं, तर परमेश्वर क्षमा गर्ने दयालु स्वर्गीय पिता हुनुहुन्छ।

**भजनसंग्रह 103:8 [NNRV 2012]**
**परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला,**
**र अति करुणामय हुनुहुन्छ।**

**विलाप 3:22,23 [NNRV 2012]**
**22परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौँ, उहाँका कृपाको अन्त कहिल्यै हुँदैन।**
**23हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ। तपाईंको विश्वस्तता महान् छ।**

परमेश्वर दयालु स्वर्गीय पिता हुनुहुन्छ, जसले हामीलाई अझै अर्को मौका दिनुहुन्छ!

हाम्रा स्वर्गीय पिता परमेश्वरले उहाँको अनुग्रहमा प्रेमिलो भई हामीलाई सुधार्नुहुन्छ र अनुशासन दिनुहुन्छ। हामीसँग उहाँका सबै अनुशासनात्मक व्यवहारहरूमा, उहाँ अझै दयालु हुनुहुन्छ र हाम्रो भलाइ खोज्नुहुन्छ।

यस विषयमा हामी आगामी अध्यायमा छलफल गर्नेछौँ।

## छुटकारा दिने पिता

परमेश्वर हाम्रा स्वर्गीय पिता एक छुटकारा दिने पिता हुनुहुन्छ, जो उहाँले गर्नुहुने हरेक काममा छुटकारा पाउनुहुन्छ। सबै कुरा हराएको जस्तो देखिए तापनि, उहाँले छुटकारा पाउने तरिकाहरू खोज्नुहुन्छ— हामीलाई पुनः प्राप्त गर्न, पुनर्स्थापना गर्न, पुनर्निर्माण गर्न र ठूलो महिमा तर्फ उचाल्न। यो त्यस्ता आमाबाबुको विपरीत हो, जसले चेतावनी दिन सक्छन् र हामीसँगको आफ्नो सम्बन्ध अन्त्य गर्न सक्छन्।

**यशैया 63:16 [NNRV 2012]**
**तर तपाईं त हाम्रा पिता हुनुहुन्छ।**
**अब्राहामले हामीलाई नचिने र इस्राएलले हामीलाई स्वीकार नगरे तापनि,**
**तपाईं, हे परमप्रभु, हाम्रा पिता हुनुहुन्छ। तपाईंको नाउँ तादिदेखि नै हाम्रा उद्धारक हो।**

विस्तृत अध्ययनको लागि कृपया APC पुस्तक, **“परमेश्वरको उद्धारक हृदय”** पढ्नुहोस्, जुन **apcwo.org/books** मा निःशुल्क डाउनलोडको रूपमा उपलब्ध छ।

## स्वीकार गर्ने बुबा

कतिपय दुष्ट स्वभाव भएका आमाबुबाले आफ्ना छोराछोरीलाई घृणाको दृष्टिले हेर्छ, तुच्छ ठान्छ, नालायक र अयोग्य देख्छ, सधैँ शंकास्पद रूपले हेर्छ र स्वीकार गर्दैन। तर, हाम्रा स्वर्गीय पिता परमेश्वर, जो हाम्रो पिताको रूपमा हुनुहुन्छ। उहाँले हामीलाई स्वीकार गर्नुहुन्छ, उहाँ हामीमा आनन्दित हुनुहुन्छ र हामीलाई प्रेमको आँखाले हेर्नुहुन्छ।

**एफिसी 1:4-6 [NNRV 2012]**
**4उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।**
**5उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो,**
**6यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।**

किनकि हामी जान्दछौँ कि हामी उहाँको दृष्टिमा धेरै प्रेम र स्वीकार गरिएका छौँ। हामी उहाँको उपस्थितिमा आदरका साथ प्रवेश गर्दछौँ — तर आनन्दित र स्वतन्त्र रूपमा। हामी जान्दछौँ कि हामी सधैँ स्वागतयोग्यका छौँ। उहाँ स्वर्गीय पिता हुनुहुन्छ, जो हामीमा आनन्दित हुनुहुन्छ र हामी पनि उहाँमा आनन्दित भएको चाहनुहुन्छ।

हामी जस्तो छौँ, त्यस्तै ख्रीष्टमा स्वीकार गरिएको छौँ—हाम्रो मूल्य र महत्त्व उहाँबाट नै आउँछ, न त हामीले केही गरेर वा प्राप्त गरेर आउँछ। उहाँमा हामी पूर्ण रूपमा स्वीकार गरिएका र प्रेम गरिएका छौँ, र स्वीकार गरिनका निम्ति संघर्ष गर्नु आवश्यक छैन। अस्वीकृतिको सबै भावना हराइसकेको छ।

## अनुग्रहले भरिपूर्ण पिता

परमेश्वर हाम्रो प्रेमिलो स्वर्गीय पिता, जो अनुग्रहले भरिपूर्ण हुनुहुन्छ। उहाँले उदारतापूर्वक हामीलाई आशिष् दिनुहुन्छ, जुन कुराको लागि हामी योग्य छैनौँ, किनभने उहाँ हामीप्रति दयालु र अनुग्रही हुनुहुन्छ। यो त्यस्तो कठोर अभिभावकको ठीक विपरीत हो, जसका लागि सबै कुरा योग्यताका आधारमा कमाउनैपर्छ, र हामीले योग्य भएको जति मात्र प्राप्त गर्छौं।

उच्च अपेक्षा राख्ने कठोर अभिभावकहरूले हामीलाई कहिल्यै पर्याप्त छैनौँ जस्तो महसुस गराउन सक्छन् र असफलताको भावनामा छोड्न सक्छन्। हामीले तिनीहरूको अपेक्षालाई पार गर्‍यौं भने मात्र हामीले अनुमोदन वा स्वीकार पाउँछौँ।

यदि हामी परमेश्वरको अनुग्रहको यो सत्य बुझ्दैनौँ भने, हामी परमेश्वरसँग हाम्रो कामको आधारमा सम्बन्ध राख्न थाल्छौँ—जस्तै, परमेश्वरका लागि हामीले गरेका कामहरू, सेवकाइ, मण्डलीमा गरिएका कार्यहरू आदि। हामी जति धेरै “गर्छौं,” त्यति नै बढी आफू परमेश्वरद्वारा स्वीकार गरिएको महसुस गर्छौं। हामी हाम्रा सबै कार्यहरूका निम्ति मान्यता र प्रशंसा खोज्न थाल्छौँ र यही कुरामा आफ्नो पहिचान स्थापित गर्छौं, किनकि हामीले अनुग्रहलाई राम्रोसँग बुझ्न सकेका हुँदैनौँ।

जब हामी परमेश्वरलाई अनुग्रहले भरिपूर्ण पिता भनेर बुझ्छौँ, तब हामी पनि अरूहरूप्रति अनुग्रही बन्छौँ, किनभने हामी परमेश्वरले हामीलाई दिनुभएको अनुग्रहको कदर गर्छौं।

**एफिसी 2:7 [NNRV 2012]**
**योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो।**

**रोमी 5:17 [NNRV 2012]**
**यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गर्‍यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैँको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्।**

## एक शक्तिशाली पिता

परमेश्वर हाम्रा स्वर्गीय पिता हुनुहुन्छ, र हामीलाई शक्ति दिनुहुन्छ। उहाँले हामीमा रहेको सबैभन्दा राम्रो कुरा हेर्नुहुन्छ; अनि उहाँले रचना गर्नुभएको सबैभन्दा असल बन्न हामीलाई सक्षम बनाउनुहुन्छ। उहाँले हामीलाई आफ्ना स्रोतहरू र राज्यको कामका निम्ति जिम्मेवारीहरू विश्वासका साथ सुम्पनुहुन्छ। यो त्यस्तो अभिभावकको भन्दा एकदम विपरीत हो, जसले हामीलाई अविश्वास गर्छ, हामी असक्षम, अविश्वसनीय छौँ र केही पनि बन्न सक्दैनौँ भन्ने सोच्दछ।

हाम्रो स्वर्गीय पिता हाम्रो बारेमा भलो सोच राख्नुहुन्छ र हाम्रा निम्ति असल योजनाहरू छन् (यर्मिया 29:11)।

**लूका 12:32 [NNRV 2012]**
**"सानो बगाल, नडराओ! किनभने तिमीहरूलाई राज्य दिन तिमीहरूका पिता प्रसन्न हुनुहुन्छ।**

**कलस्सी 1:12 [NNRV 2012]**
**ज्योतिमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढ़ाओ।**

## अनन्त पिता

परमेश्वर हाम्रो स्वर्गीय पिता हुनुहुन्छ, जो नापभन्दा बाहिर अनन्त हुनुहुन्छ र उहाँले हामीमा, हामीमार्फत र हाम्रो निम्ति नापभन्दा बाहिर काम गर्नुहुन्छ। यो कुरा सांसारिक अभिभावभन्दा ठीक उल्टो छ, जो आफूले के गर्न सक्छन्, के प्रदान गर्न सक्छन् र हाम्रो निम्ति को बन्न सक्छन् भन्ने कुरामा सीमित छन्।

- उहाँ कहिल्यै वृद्ध बन्नुहुन्न। (भजनसंग्रह 102:26)
- उहाँ कहिल्यै थाक्नुहुन्न वा थकित हुनुहुन्न। (यशैया 40:28)
- उहाँको बुद्धि कहिल्यै खेर जाँदैन। (यशैया 40:28)

**एफिसी 3:20 [NNRV 2012]**
**उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ,**

उहाँ "बुबा" र "आमा" दुवै हुनुहुन्छ। त्यसैले, यदि तपाईं चाहनुहुन्छ भने, तपाईं भन्न सक्नुहुन्छ कि परमेश्वरको "आमाको हृदय" पनि छ, जुन हृदय माया गर्ने, हेरचाह गर्ने र स्नेही हुन्छ।

**यशैया 49:14-16 [NNRV 2012]**
**14तर सियोनले भन्यो, "परमप्रभुले मलाई त्याग्नुभएको छ। मेरा परमप्रभुले मलाई बिर्सनुभएको छ।"**
**15"के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ।**
**16हेर्, मैले तँलाई मेरो हत्केलामा खोपेको छु। तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन्।**

## शैतानको झूट र छलकपटलाई इन्कार गर्नु

परमेश्वरबारे हामीले चित्रित गरेको गलत चित्र वास्तवमा आत्म-धोका हो । परमेश्वर को हुनुहुन्छ भनेर हामी आफैँलाई धोका दिन्छौँ। शैतानले पनि हामीसँग झूटो बोल्छ र हामीले परमेश्वरको बारेमा गलत चित्र पाओस् भन्ने चाहन्छ।

हामीमध्ये कसै-कसैले परमेश्वरको बारेमा राख्नसक्ने केही भिन्न र उल्टो धारणाहरूलाई विचार गर्नुहोस्।

1) एक अपरिवर्तनीय स्वर्गीय पिताको सट्टामा एक आशा नगरिएको परमेश्वर।
2) एक अचूक स्वर्गीय पिताको सट्टामा एक अविश्वसनीय परमेश्वर।
3) 3)एक दयालु र उदार पिताको सट्टामा हामीलाई दिने कुरामा कुनै न कुनै तरिकामा विश्वस्त हुन आवश्यक पार्नुपर्ने परमेश्वर।
4) एक दयालु पिताको सट्टामा आगो र गन्धकले हाम्रो न्याय गर्न पर्खिरहनुभएको परमेश्वर।
5) एक परमेश्वर, जसले हामीले गरेका हरेक गल्तीको हिसाब राख्नुहुन्छ र छुटकारा दिने पिताको सट्टामा हाम्रो अतीतलाई हाम्रो विरुद्धमा राख्नुहुन्छ।
6) स्वीकार गर्ने एक पिताको सट्टा निन्दा गर्ने परमेश्वर।
7) एक यस्तो परमेश्वर, जसलाई सन्तुष्ट पार्न गाह्रो हुन्छ र प्रशस्त अनुग्रहकारी परमेश्वरको सट्टामा सबै कुरा आर्जित गर्ने आशा राखिन्छ।
8) एक यस्तो परमेश्वर, जो हामीलाई उहाँसँग साझेदार बनाउन चाहनुहुन्न, तर एक सर्वशक्तिमान पिता हुनुहुन्छ।
9) एक यस्तो परमेश्वर, जो हाम्रो लागि के गर्नुहुन्छ भन्ने कुरामा सीमित हुनुहुन्छ, असीम पिता होइन।

**प्रार्थना** गर्न र आफ्नो जीवनमाथि सत्यता **घोषणा** गर्न केही समय लिनुहोस्, ताकि तपाईं आफ्नो हृदय र दिमागमा हाम्रा स्वर्गीय पिताको साँचो बाइबलीय चित्र स्थापित गर्न सक्नुहुनेछ।

*स्वर्गमा हुनुहुने हे पिता परमेश्वर,*

*तपाईंको वचनले मलाई तपाईंको बारेमा देखाउने सत्यताका लागि धन्यवाद दिँदछु, जुन वचनले तपाईं को हुनुहुन्छ भन्ने कुरा प्रकट गर्छ। मैले तपाईंको बारेमा राखेका सबै गलत विचार, धारणाहरू र भ्रमहरूलाई आज अस्वीकार गर्दछु, र तपाईंको वचनमा प्रस्तुत गरिएको सत्यतालाई ग्रहण गर्दछु।*

*हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु र स्वीकार गर्दछु, तपाईं मेरा **अपरिवर्तनीय** स्वर्गीय पिता हुनुहुन्छ; म सधैँ तपाईंमा विश्वास गर्न र तपाईंमा निर्भर रहन सक्छु।*

*म तपाईंलाई धन्यवाद दिन्छु र स्वीकार गर्दछु, तपाईं मेरा **अचूक** स्वर्गीय पिता हुनुहुन्छ; तपाईंले कहिल्यै मलाई त्याग्नुहुनेछैन, न त निराश नै पार्नुहुनेछ।*

*हे परमेश्वर, म स्वीकार गर्छु र तपाईंलाई धन्यवाद दिन्छु, तपाईं मेरो **उदार** र **दयालु** पिता हुनुहुन्छ; तपाईं सधैँ उदारतापूर्वक प्रदान गर्नुहुनेछ र मलाई कुनै पनि असल कुरा रोक्नुहुनेछैन।*

*म स्वीकार गर्छु र तपाईंलाई धन्यवाद दिन्छु, तपाईं मेरो **कृपालु** पिता हुनुहुन्छ; तपाईं सधैँ दयालु हुनुहुन्छ र मेरा पाप, असफलता र गल्तीहरूलाई क्षमा गर्न सदैव तयार रहनुहुन्छ।*

*हे परमेश्वर, म स्वीकार गर्दछु र धन्यवाद दिन्छु, तपाईं मेरो **उद्धारकर्ता** पिता हुनुहुन्छ; जब म गल्ती गर्छु, तपाईं सधैँ मलाई पुनर्स्थापना गर्न, पुनर्निर्माण गर्न, पुनः प्राप्त गर्न र उठाउन खोज्नुहुन्छ।*

*म तपाईंलाई स्वीकार गर्छु र धन्यवाद दिन्छु, तपाईं मेरो **स्वीकार्य** पिता हुनुहुन्छ, सधैँ मलाई उहाँको उपस्थितिमा स्वागत गर्नुहुन्छ र म उहाँकै हुँ भन्ने कुरामा आनन्दित हुनुहुन्छ।*

*हे परमेश्वर, म स्वीकार गर्छु र धन्यवाद दिन्छु, तपाईं मेरो **अनुग्रहले भरिपूर्ण** पिता हुनुहुन्छ, जसले मलाई ती धन, आशिष्हरू र वरदानहरू दिनुहुन्छ, जसका लागि म योग्यको छैनँ, न त ती म आफैँ कमाउन सक्छु।*

*म स्वीकार गर्छु र धन्यवाद दिन्छु, तपाईं मेरो **सामर्थ्य** प्रदान गर्ने पिता हुनुहुन्छ, जसले सधैँ ममाथि विश्वास गर्नुहुन्छ र मेरो लागि राख्नुभएको गन्तव्यसम्म पुग्न मलाई सक्षम बनाउनुहुन्छ।*

*हे परमेश्वर, म स्वीकार गर्छु र धन्यवाद दिन्छु, तपाईं मेरो **अनन्त** पिता हुनुहुन्छ, जो मेरा सबै आवश्यकताभन्दा अनन्त रूपमा महान् हुनुहुन्छ, अनन्त रूपमा शक्तिशाली हुनुहुन्छ, र मैले सामना गर्ने कुनै पनि परिस्थितिभन्दा अनन्त रूपमा बुद्धिमान् हुनुहुन्छ।*

*हे परमेश्वर, म तपाईंलाई प्रेम गर्छु र तपाईंमा विश्वास गर्दछु। तपाईंको सन्तान हुने आनन्द र विशेष अधिकारका लागि धन्यवाद।*

*येशूको नाउँमा!*
*आमेन।*

## मनन गर्नुहोस्

1) स्वर्गमा हुनुहुने हाम्रा पिताका यी निम्न कुराहरूमध्ये कुन पक्ष आज तपाईंको लागि साँच्चै सान्दर्भिक देखिन्छ र किन?
   - एक अपरिवर्तनीय स्वर्गीय पिता
   - एक अचूक स्वर्गीय पिता
   - एक प्रशस्त र उदार पिता
   - एक दयालु पिता

- एक छुटकारा दिने पिता
- एक स्वीकार गर्ने बुबा
- एक प्रशस्त अनुग्रहका पिता
- एक शक्तिशाली पिता
- एक अनन्त पिता

2) हामीले सम्बोधन गरेका यी पक्षहरूलाई विचार गर्दा तपाईंको बुझाइ र तपाईंको स्वर्गीय पितासँगको तपाईंको सम्बन्धमा कस्तो परिवर्तन आएको छ?

# 4
# पिताको प्रेमलाई प्राप्त गर्नु

## परमेश्वरको प्रेमको प्रकार

बाइबलले परमेश्वरको प्रेमको प्रकारलाई जनाउन ग्रीक शब्द ‘अगापे’ प्रयोग गर्दछ। 1 कोरिन्थी 13 ले हामीलाई यस प्रेमको संक्षिप्त झलक दिँदछ, जुन प्रेम परमेश्वरले हामीप्रति राख्नुहुन्छ र यही प्रेममा हामी हिँड्नुपर्छ। आउनुहोस्, यस प्रेमलाई यो दृष्टिकोणले पढौं कि यो परमेश्वरले हामीप्रति गर्नुभएको प्रेमको विवरण हो।

**1 कोरिन्थी 13:4-8 [NNRV 2012]**
**4प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ।**
**5प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन।**
**6प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ।**
**7प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ।**
**8प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ।**

- परमेश्वर प्रेम हुनुहुन्छ (1 यूहन्ना 4:8)।
- परमेश्वर हामीप्रति धैर्यवान र कृपालु हुनुहुन्छ।
- परमेश्वर हामीप्रति रूखो हुनुहुन्न।
- परमेश्वर “स्वार्थी” हुनुहुन्न, बरु हाम्रो वास्तविक चासो राख्नुहुन्छ।
- परमेश्वर सजिलै रिसाउनुहुन्न।
- परमेश्वर हामीप्रति दुष्ट विचार गर्नुहुन्न।
- परमेश्वर पापमा आनन्द मान्नुहुन्न।
- परमेश्वर सत्यमा आनन्द मान्नुहुन्छ—जब हामी सत्यमा हिँड्छौं।
- परमेश्वरले सबै कुरा सहनुहुन्छ।

- परमेश्वरले हाम्रो लागि उत्तम कुरामा विश्वास गर्नुहुन्छ र आशा गर्नुहुन्छ (गराउन इच्छुक र प्रेरित हुनुहुन्छ)।
- परमेश्वर हामीप्रति आफ्नो प्रेममा स्थिर रहनुहुन्छ। उहाँको प्रेम सधैँ स्थायी छ। यो प्रेम कहिल्यै समाप्त हुँदैन, सुक्दैन, न त अन्त्य हुँदछ। यो प्रेम सधैँभरि रहिरहन्छ, रहिरहन्छ, रहिरहन्छ... यो *अनन्त छ...* यस्तै प्रेम परमेश्वरले यर्मिया 31:3 मा भन्नुभएको छ, *"परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो: "सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु। मैले तँलाई दया गरी खिँचेको छु।"*
- परमेश्वर कहिल्यै असफल हुनुहुन्न। हामीप्रतिको उहाँको प्रेम कहिल्यै असफल वा कमजोर हुँदैन।

परमेश्वरले हामीलाई यसरी नै प्रेम गर्नुहुन्छ। हामीले यसलाई ग्रहण गर्नुपर्छ, यसलाई स्वीकार गर्नुपर्छ र परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुहुन्छ भन्ने कुरा हाम्रो जीवनको गहिराइमा बस्न दिनुपर्छ।

आउनुहोस्, परमेश्वरले हामीप्रति राख्नुभएको प्रेम सम्बन्धी केही मुख्य कुराहरूलाई दोहोर्‍याऔँ र केही थप सत्यताहरू प्रस्तुत गरौँ। त्यसपछि, यो प्रेमलाई जान्नु, विश्वास गर्नु, ग्रहण गर्नु र यस प्रेममा विश्राम गर्नु किन महत्वपूर्ण छ भन्ने विषयमा छलफल गरौँ।

## *शर्तरहित प्रेम*

परमेश्वरको प्रेम शर्तरहित छ। यस प्रेममा "कुनै सर्तहरू जोडिएका छैनन्।" उहाँले हामीलाई उहाँको प्रेम प्राप्त गर्न र त्यसमा प्रतिक्रिया दिन आमन्त्रित गर्नुहुन्छ।

**1 यूहन्ना 4:9,10 [NNRV 2012]**

**9परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं।**

**10प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।**

वास्तवमा, हामीले परमेश्वरलाई खोजिरहेका थिएनौँ। बरु, उहाँले आफ्नै प्रेममा हामीलाई खोज्न आउनुभयो। आफ्नो महान प्रेमका कारण, परमेश्वरले हामीलाई उहाँलाई चिन्न, उहाँको परिवारमा रहन, र उहाँको भलाइ अनुभव गर्नबाट रोक्ने सबै बाधाहरू हटाउन ठूलो मूल्य तिर्नुभयो। उहाँले त्यो मूल्य पूर्ण रूपमा तिर्नुभयो।

हाम्रो उपलब्धि, बुद्धिमत्ता, वा हामीले गरेका कुनै कामका कारण प्रेम गरिएका होइनौँ। परमेश्वरले हामीलाई केवल आफ्नै प्रेमले प्रेम गर्नुभएको हो। अब, हामीले गर्नसक्ने एउटै मात्र कुरा भनेको उहाँको प्रेमलाई ग्रहण गर्नु र त्यसप्रति प्रतिक्रिया दिनु हो।

**1 यूहन्ना 4:19 [NNRV 2012]**
**हामी प्रेम गर्दछौँ, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो।**

## *एक असाधारण प्रेम*

**यूहन्ना 16:26,27 [NNRV 2012]**
**26त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ। म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ,**
**27किनभने पिता आफैँले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ।**

प्रभु येशूले आफ्ना चेलाहरूलाई "त्यस दिनमा" उहाँको पुनरुत्थान र स्वर्गारोहणपछिको समयलाई सङ्केत गर्दै उहाँको नाउँमा सीधै पितालाई प्रार्थना गर्नेछौँ भनी सूचित गर्नुभयो। उहाँले भन्नुभयो कि हामीले यसो गर्न सक्छौँ, र उहाँले हाम्रो तर्फबाट प्रार्थना गर्न आवश्यक पर्नेछैन। हामीले पितालाई येशूको नाउँमा सीधै माग्न सक्नुको कारण यो हो कि पिता आफैँले हामीलाई प्रेम गर्नुहुन्छ, किनभने हामीले येशूलाई प्रेम गर्छौं र येशूमा विश्वास गरेका छौँ। पिता आफैँले हामीलाई प्रेम गर्नुहुन्छ भनी बताउँदा, प्रभु येशूले "प्रेम" को लागि अर्कै ग्रीक शब्द प्रयोग गर्नुभएको कुरा चाखलाग्दो छ। उहाँले मित्रता र स्नेहबारे बताउने 'फिलियो' शब्द प्रयोग गर्नुभयो। वास्तवमा, प्रभु येशूले यसो भनिरहनुभएको थियो, "पिता स्वयम् तपाईंका मित्र हुनुहुन्छ र उहाँ तिमीहरूप्रति साँच्चै प्रेमिलो हुनुहुन्छ।"

- **यसो भन् नुहोस्:** *"पिताले मलाई प्रेम गर्नुहुन्छ। मेरो स्वर्गीय पिता, मेरो मित्र हुनुहुन्छ र उहाँ मप्रति साँच्चै दयालु हुनुहुन्छ। म येशूको नाउँमा उहाँसँग बिन्ती गर्दछु।"*

## *पिताले तपाईंलाई त्यसरी नै प्रेम गर्नुहुन्छ। जसरी उहाँले येशूलाई प्रेम गर्नुहुन्छ*

**यूहन्ना 17:23,26 [NNRV 2012]**

**[23]म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।**
**[26]मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।"**

यूहन्ना 17:23 मा, येशूले पुष्टि गर्नुहुन्छ कि पिताले हामीलाई त्यसरी नै (तरिका र नापमा) प्रेम गर्नुहुन्छ जसरी पिताले येशूलाई प्रेम गर्नुहुन्छ।

- यसो भन्नुहोस्: *"पिताले मलाई ठीक त्यही तरिकाले प्रेम गर्नुहुन्छ, जसरी उहाँले येशूलाई प्रेम गर्नुहुन्छ। म पिताद्वारा त्यही तरिकाले प्रेम गरिएको छु, जसरी येशू पिताद्वारा प्रेम गरिनुभएको छ।"*

यूहन्ना 17:26 मा, प्रभु येशूले प्रार्थना गर्नुभयो कि हामीभित्र पिताको प्रेम रहिरहोस्—हामीले पिताको प्रेमलाई महसुस गरौँ, जानौँ, अनुभव गरौँ, र हाम्रा हृदयहरूमा त्यस प्रेमले भरिउन्—उही प्रेम जसले पिता आफ्नो पुत्र येशू ख्रीष्टलाई प्रेम गर्नुहुन्छ।

- यसो भन्नुहोस्: *"पिताले मप्रति देखाउनुभएको प्रेमबाट म महसुस गर्छु, जान्दछु, अनुभव गर्छु र व्याकुल हुन्छु, जुन प्रेम पिताले येशूलाई प्रेम गर्नुहुन्छ।"*

हामी प्रायः यसो सोच्छौँ कि सिद्ध हुनेलाई नै असिद्ध भएका हामीभन्दा धेरै प्रेम गरिनुपर्छ। तर अचम्मको कुरा के छ भने—असिद्ध भएका हामीलाइ पिताले आफ्नै सिद्ध पुत्रलाई जस्तै समान रूपमा प्रेम गर्नुहुन्छ।

*यस प्रकारको प्रेम असाधारण र निष्पक्ष हुन्छ।*

परमेश्वरसँग कुनै पक्षपात छैन (रोमी 2:11)। परमेश्वर कुनै व्यक्तिलाई पक्षपात दृष्टिले हेर्नुहुन्न (प्रेरित 10:34 KJV)। हामी यो जान्दछौँ। तैपनि, प्राय: हामी जसरी परमेश्वरसँग सम्बन्ध राख्दछौँ, हामी यस्तो सोच्छौँ कि त्यहाँ अन्य विश्वासीहरू पनि छन्, जो हामीभन्दा बढी परमेश्वरद्वारा अनुग्रह पाएका वा प्रिय छन्। यसको बारेमा सोच्नुहोस्। परमेश्वर आफ्नो पुत्रप्रति पक्षपाती हुनुहुन्न— उहाँले हामीलाई भन्दा बढी उहाँलाई प्रेम गर्नुहुन्न। त्यसो भए, के उहाँ अरू कसैप्रति पक्षपाती हुनुहुन्छ, जसलाई उहाँले हामीभन्दा बढी प्रेम गर्नुहुनेछ? परमेश्वरको प्रेम हामीप्रति पूर्ण रूपमा निष्पक्ष छ।

*हामी परमेश्वरका प्रियहरू हौँ*

**मर्कूस 1:11 [NNRV 2012]**
**अनि स्वर्गबाट यस्तो एउटा आवाज भयो, “तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।”**

पिताले येशूलाई आफ्नो प्रिय पुत्रको रूपमा उल्लेख गर्नुभयो। प्रेरित पावलले हामी पनि *“परमेश्वरका प्रिय”* छौँ र *“प्रियमा स्वीकार गरिएका”* छौँ भनेर बताउँछन्।

**रोमी 1:7 [NNRV 2012]**
**रोममा भएका तिमीहरू सबै, परमेश्वरका प्रियहरू, जो सन्त हुनलाई बोलाइएका छौ: तिमीहरूलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।**

**एफिसी 1:6 [NNRV 2012]**
**यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।**

- यसो भन्नुहोस्: *"म प्रिय हुँ, र म परमेश्वरको प्रिय हुँ। म परमेश्वरद्वारा उहाँको प्रियको रूपमा प्रेम गरिएको छु।"*

प्रभु येशूले प्रार्थना गर्नुभयो कि पिताको प्रेम हाम्रो हृदयमा रहिरहोस्, ताकि हामी यसलाई व्यक्तिगत रूपमा महसुस गर्न, बुझ्न र अनुभव गर्न सकौँ (यूहन्ना 17:26)। यस प्रार्थनालाई परमेश्वरले उत्तर दिनुभयो, र उहाँले पवित्र आत्मालाई हाम्रा हृदयमा पठाउनुभयो।

**रोमी 5:5 [NNRV 2012]**
**आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।**

पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा बगाइन्छ। ती नै पवित्र आत्माले हामीलाई पिताको प्रेमको व्यक्तिगत अनुभव दिनुहुन्छ। ती नै पवित्र आत्मा, जसले हामीलाई पिताको प्रेममा हिँड्नको निम्ति सामर्थ्य प्रदान गर्नुहुन्छ।

## ***प्रेमले हामीलाई लाजरहित तुल्याउँछ***

बाइबलले हामीलाई सिकाउँछ कि *"... प्रेमले सबै कुकर्महरू ढाकिदिन्छ ..."* (हितोपदेश 10:12; 1 पत्रुस 4:8)।

प्रेमले ढाक्छ। यसले वस्त्र पहिराउँछ। यसले सुरक्षा गर्दछ। प्रेमले नाङ्गोपन र लज्जा हटाउँछ, र इज्जत, मान र सम्मान ल्याउँछ।

परमेश्वरको प्रेमले हाम्रो निम्ति यही नै गर्छ।

**एफिसी 1:4 [NNRV 2012]**
**उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।**

**कलस्सी 1:21,22 [NNRV 2012]**
**[21]बितेका समयमा दुष्ट काम गरेर तिमीहरू बिराना भई आफ्नो मनमा विरोधी भएका थियौ।**

**[22]तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ—**

हामी पवित्र, निर्दोष (दोषरहित) छौँ र परमेश्वरको दृष्टिमा निन्दाभन्दा माथि छौँ, किनभने उहाँले हामीलाई प्रेम गर्नुभएको छ!

## *परमेश्वरको प्रेम अटूट छ*

कुनै पनि कुराले हामीलाई पिताको प्रेमबाट तोड्न, रोक्न, बाधा वा अलग गर्न सक्दैन। उहाँको प्रेमले हामीलाई कहिल्यै छोड्दैन। यसलाई वर्णन गर्ने योभन्दा राम्रो तरिका रोमी 8 मा हामीले पढेको भन्दा राम्रो तरिका अरू केही हुन सक्दैन।

**रोमी 8:35-39 [NNRV 2012]**
**[35]कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले?**
**[36]यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौँ, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौँ।"**
**[37]होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौँ।**
**[38]किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले,**
**[39]उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।**

जसरी जीवनले हामीलाई जुनसुकै परिस्थिति वा चुनौती ल्याए पनि, हामीलाई पिताको प्रेमबाट अलग गर्न सक्दैन। न त कुनै मानव शक्ति, न त नरकको सामर्थ्य, न त कुनै कठिनाइ, न त कुनै विपत्ति, न त कुनै चुनौती—कुनै पनि कुराले हामीलाई येशू ख्रीष्टमा पिताको प्रेमबाट अलग गर्न सक्दैन। उहाँको प्रेम अटुट छ। हामी जुनसुकै परिस्थितिमा भए तापनि, जे सामना गरे पनि, हामी पिताद्वारा प्रेम गरिएका छौँ भन्ने पूर्ण निश्चय र आत्मविश्वास राख्न सक्छौँ।

### *पिताको प्रेमले हामीलाई विजेताहरूभन्दा बढी बनाउँछ*

पिताको अटुट प्रेमको कारण, यी सबै कुराहरूमा— सबैभन्दा खराब कुराहरूमा— हामीलाई प्रेम गर्नुहुने उहाँद्वारा विजयी हुनेहरूभन्दा हामी अझ बढी छौँ भनेर पावलले पुष्टि गरे।

**रोमी 8:37 [NNRV 2012]**
**होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौँ।**

विजेताभन्दा बढी हुनु भनेको ठूलो विजय प्राप्त गर्नु, निर्णायक विजय हासिल गर्नु, पूर्ण विजय प्राप्त गर्नु, विजयभन्दा बाहिर जानु र विजयभन्दा बढी प्राप्त गर्नु हो।

हाम्रो विरुद्धमा ल्याउन सकिने सबैभन्दा खराब परिस्थितिमा, हामीप्रतिको उहाँको प्रेमको कारण, हामी अझै पनि ठूलो विजय प्राप्त गर्छौं, र हामी पूर्ण विजेता हौं! उहाँको प्रेमले हामीलाई पूर्ण विजेताको रूपमा बाहिर ल्याउँदछ। यसको कारण यो हो कि हाम्रो विरुद्धमा आउने ती सबै कुराहरू ख्रीष्टमा पिताको प्रेमबाट हामीलाई अलग गर्न असफल हुन्छन्!

त्यसैले, सबैभन्दा कठिन परिस्थितिको बीचमा पनि, हामी विजेता, जयवन्त र विजयीभन्दा बढ्ता भएर उच्च शिर राखी हिँड्न सक्छौँ! पिताको प्रेमका कारण हामी हरेक पटक विजयी हुन्छौँ।

### *प्रेमले हामीलाई बन्धनमुक्त गर्छ (हामीलाई स्वतन्त्र बनाउँछ)*

डरले यातना दिन्छ। यातना हुने अर्को ठाउँ भनेको नरक हो। डरभित्र बाँच्नु भनेको यातनाको ठाउँमा, नरकमा बाँच्नुजस्तै हो।

सिद्ध प्रेमले सबै डरलाई निर्मूल पार्छ। यसले हामीलाई डरबाट मुक्त गराउँछ। सिद्ध प्रेम एउटै स्रोतबाट आउँछ— परमेश्वर।

सिद्ध प्रेमको अनुभवले हामीलाई छुटकारा दिन्छ।

1 यूहन्ना 4:17,18 [NNRV 2012]
**[17]न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध भएको हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं।**
**[18]प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।**

1 यूहन्ना 4:17,18 (अंग्रेजी बाइबलमा दिइएको छ The Amplified Bible)
**[17]यस [उहाँसँगको एकता र सङ्गति] मा, हामीसित प्रेम पूर्ण र सिद्ध हुन्छ, ताकि हामी न्यायको दिनमा [उहाँको सामना गर्ने आश्वासन र साहसका साथ] विश्वास गर्न सकौं; किनभने जसरी उहाँ हुनुहुन्छ, त्यसरी नै हामी पनि यो संसारमा छौं।**
**[18]प्रेममा कुनै डर हुँदैन। तर सिद्ध (पूर्ण, पूर्ण विकसित) प्रेमले भयलाई बाहिर निकाल्छ, किनकि डरले [ईश्वरीय आशाको] सजाय समावेश गर्दछ, त्यसैले [परमेश्वरको न्यायबाट] डराउने व्यक्ति प्रेममा सिद्ध हुँदैन [परमेश्वरको प्रेमको पर्याप्त समझमा विकसित भएको छैन]।**

सिद्ध प्रेम भनेको पूर्ण, पूर्ण विकसित प्रेम हो। यसको सम्बन्ध हामीप्रति परमेश्वरको प्रेमबारे पर्याप्त समझ हासिल गर्नुसँग सम्बन्धित छ।

हामीमा प्रेम सिद्ध हुनको लागि, हामीप्रति पिताको महान् प्रेमको व्यक्तिगत र अनुभवात्मक समझमा परिणत हुनैपर्छ। पिताको प्रेमसम्बन्धी यस सम्पूर्ण अध्ययनको मुख्य उद्देश्य यही हो— हामीप्रति पिताको महान् प्रेमको व्यक्तिगत, अनुभवात्मक समझमा परिणत हुन हामीलाई मदत गर्नु।

जब यस्तो हुन्छ, हामी अविचलित हुन्छौँ। हामी परमेश्वरको न्याय वा दण्ड वा निन्दाको सबै डर, भय र यातनाबाट मुक्त भएका छौँ!

यहीँ र अहिले नै, जब प्रेम हामीमा सिद्ध बनाइन्छ, अर्थात् जब हामी परमेश्वरको प्रेमको पर्याप्त समझमा पुग्छौँ, हामी उहाँको न्याय, दण्ड र दोषारोपणको सबै डर, त्रास र यातनाबाट मुक्त हुन्छौँ। स्वर्गमा हुनुहुने हाम्रा पितासँग कस्तो सम्बन्ध राख्छौँ, त्यसमा हामी पूर्णतया स्वतन्त्र छौँ। हामीमा उहाँप्रति ठूलो श्रद्धा छ र उहाँलाई पूर्ण रूपमा सम्मान गर्छौं, तर हामी उहाँको डर र त्रासबाट पूर्णतया मुक्त छौँ। हामी उहाँद्वारा दोषी ठहराइने, न्याय गर्ने र तिरस्कृत हुने कुनै डरबिना नै उहाँकहाँ आउँदछौँ।

उहाँ अर्थात् येशू जस्तो हुनुहुन्छ, हामी पनि त्यस्तै छौँ, र यस संसारमा बाँचिरहेका छौँ। (1 यूहन्ना 4:17)

- आत्मिक क्षेत्रमा हाम्रो अवस्था येशूको जस्तै छ!
- परमपिताको सामु हाम्रो अवस्था येशूको जस्तै छ!
- अन्धकारका शक्तिहरूको सामु हाम्रो अवस्था येशूको जस्तै छ!

*"उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं"* (1 यूहन्ना 4:17)। त्यसैले, हामी परमेश्वरको सिंहासन अघि न त त्रासमा हुन्छौँ, न त दुष्ट आत्माहरूदेखि डराउँछौँ।

पिताको प्रेमको अनुभव गर्नाले हामीलाई ... बाट मुक्ति मिल्छ।

- अपराध, लज्जा र निन्दाको भावना हुनु: हामी पवित्र छौँ र उहाँको प्रेमले ढाकेको दोषरहित छौँ। (एफिसी 1:4)
- अप्रिय वा अस्वीकृत महसुस गर्नु: हामी पूर्ण, पूर्ण र पूर्ण रूपमा प्रियमा स्वीकार गरिएका छौँ। (एफिसी 1:6)
- उहाँको प्रेम प्रदर्शन गर्न वा प्राप्त गर्न आवश्यक छ: हामीले उहाँलाई चिन्नुअघि नै उहाँले हामीलाई प्रेम गर्नुभयो। (1 यूहन्ना 4:9,10)
- अयोग्यता र व्यर्थताको सबै भावनाहरू हुनु: आफ्नो प्रेममा, उहाँले हामीलाई आफ्नो छोरा र छोरीको रूपमा ग्रहण गर्नुभएको छ। (एफिसी 1:5)
- बन्धक, दासत्वमा वा फसेको जस्तो महसुस गर्नु: तिमी स्वतन्त्र छौ। उहाँले हामीलाई फेरि डराउनुपर्ने दासत्वको आत्मा दिनुभएन। (रोमी 8:15)
- नियन्त्रणमा परेको, चलाखीपूर्ण रूपमा प्रयोग गरिएको वा शोषित भएको अनुभूति हुनु: हामी उहाँको प्रेमद्वारा सक्षम बनाइएका छौँ।
- हाम्रो जीवनमा डरको सबै भावनाहरू, भविष्यको बारेमा डर, असफलताको डर, अभाव र अपर्याप्तताको बारेमा डर हुनु: उहाँको सिद्ध प्रेमले सबै डरलाई हटाउँछ। (1 यूहन्ना 4:18)

हाम्रा अपूरा आशाहरू उहाँको प्रेममा समाधान हुन्छन्।

हाम्रो अनपेक्षित, अवर्णनीय, विस्मयकारी जीवनका अनुभव र घटनाहरू, जसले कुनै समय हामीलाई चकनाचूर पारेको जस्तो देखिन्थ्यो, तर अहिले नगण्य देखिन्छ, र हामी उहाँको प्रेमको कारण विजेताहरू भन्दा बढी उठ्दछौँ।

हाम्रा आफ्नै व्यक्तिगत गल्तीहरू, खराब छनोटहरू, र गलत निर्णयहरू पनि उहाँको प्रेममा पग्लिन्छन्, र हामी निडर भई उभिन्छौँ। हामी जान्दछौँ कि हामी प्रेम गरिएका छौँ र प्रेमीमा पूर्ण रूपमा स्वीकार भएका छौँ!

जब हामी उहाँको प्रेम ग्रहण गर्छौं, तब हामीलाई बोझ पार्ने हरेक कुराबाट मुक्त गरिन्छ।

साधारणतया यसो भन्ने गरिन्छ, प्रत्येक मानिसको भावनात्मक आवश्यकताका तीनवटा महत्त्वपूर्ण क्षेत्रहरू हुन्छन्— **सुरक्षा, आत्म-मूल्य र महत्त्व।** जब हामी प्रेममा सिद्ध हुन्छौँ, तब हामी आफ्नो सुरक्षा, आत्म-मूल्य र महत्त्वलाई पिताको हामीप्रतिको प्रेममा दृढतापूर्वक राख्न सक्छौँ। हाम्रो **सुरक्षा** हामीप्रति पिताको प्रेममा छ। उहाँको प्रेमबाट हामीलाई कुनै पनि कुराले अलग पार्न सक्दैन। हाम्रो **आत्म-मूल्य** हामीप्रति पिताको प्रेममा छ। हामी प्रेममा छौँ र हामी परमेश्वरका प्रिय छौँ। हाम्रो **महत्त्व** हामीप्रति पिताको प्रेममा छ। आत्मिक संसारमा हाम्रो हैसियतको हेरचाह पहिल्यै गरिसकिएको छ— *"उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं"* (1 यूहन्ना 4:17)।

## *परमेश्वरले तपाईंप्रति गर्नुभएको प्रेमलाई बुझ्नुहोस्, विश्वास गर्नुहोस्, ग्रहण गर्नुहोस् र विश्राम गर्नुहोस्*

**1 यूहन्ना 4:16 [NNRV 2012]**

**यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौँ र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर उसमा रहनुहुन्छ।**

यूहन्नाले यहाँ लेखेका छन् कि परमेश्वरले हामीप्रति गर्नुभएको प्रेमलाई हामीले चिनेका छौँ र विश्वास गरेका छौँ। परमेश्वर प्रेम हुनुहुन्छ — हामी उहाँलाई स्वीकार गर्छौं र उहाँको प्रेम प्राप्त गर्छौं। हामी परमेश्वरको प्रेममा रहन्छौँ। हामीले जान्नुपर्छ, विश्वास गर्नुपर्छ, ग्रहण गर्नुपर्छ र हामीप्रति पिताको प्रेममा रहिरहनुपर्छ।

*जान्नु*

जान्नु भनेको ज्ञात हुनु, बुझ्नु, पूर्ण रूपमा जान्नु र निश्चित हुनु हो। हामीले अहिलेसम्म समेटेका कुराहरूमा पिताको हामीप्रतिको प्रेमको सत्यता प्रस्तुत गर्ने प्रयास गरेका छौँ। हामीले ईश्वरशास्त्र पढेका छौँ र हामीलाई थाहा छ, पिताले हामीप्रति गर्नुभएको प्रेमलाई हामी जान्दछौँ।

*विश्वास गर्नु*

अब हामीले विश्वास गर्नैपर्छ। हामीले पिताको प्रेममा विश्वास गर्नुपर्छ, आफूलाई सुम्पनुपर्छ र कटिबद्ध हुनुपर्छ। परमेश्वरले हामीप्रति देखाउनुभएको प्रेमलाई हामी विश्वास गर्छौं। हामीले परमेश्वरको वचन पढेका छौँ। उहाँको वचन सत्य छ। परमेश्वरको वचनले हामीलाई उहाँको महान् प्रेमबारे झूट बोलिरहेको छैन। क्रूसले हामीलाई परमेश्वरको महान् प्रेमको बारेमा झूट बोलिरहेको छैन। हामी विश्वास गर्छौं कि पिताको हामीप्रतिको प्रेम छ।

*ग्रहण गर्नु—व्यक्तिगत रूपमा अनुभव गर्नु*

जब हामी विश्वास गर्छौं, हामी ग्रहण गर्न सक्छौँ, अर्थात् यसलाई हाम्रो बनाउन सक्छौँ। हामी व्यक्तिगत रूपमा परमपिताको हाम्रोजस्तो प्रेम अनुभव गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ। यही उहाँको अस्तित्व हो। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, किनभने उहाँ प्रेम हुनुहुन्छ। हामीले पिताको प्रेम अनुभव गर्न मात्र पाउँछौँ। हामी केवल उहाँलाई उहाँको प्रेमले हामीलाई अँगाल्न दिन्छौँ।

तिमीहरूले उहाँलाई तिमीहरूलाई प्रेम गर्न दियौ, किनभने उहाँ प्रेम हुनुहुन्छ, किनकि उहाँ तिमीहरूका पिता हुनुहुन्छ।

... तपाईं उहाँका सबैभन्दा असल बालक हुनुहुन्छ भन्ने कारणले होइन।

... तपाईंले यसलाई आर्जन गर्नुभएको छ भन्ने कारणले होइन।
... तपाईंले उहाँको लागि धेरै काम गर्नुभएको छ भन्ने कारणले पनि होइन।

उहाँलाई तपाईंलाई प्रेम गर्न दिनुहोस्, किनभने उहाँले केवल तपाईंलाई आफ्नो प्रेम ग्रहण गर्न चाहनुहुन्छ।

पावलले यही प्रार्थना गरे, जुन हामीले अघिल्लो अध्यायमा देखेका थियौं। परमेश्वरले हामीप्रति गर्नुभएको अथाह प्रेम हामीले व्यक्तिगत अनुभवद्वारा थाहा पाउनुपर्छ र त्यसपछि, हामी पिताको प्रेममा गहिरो जरा गाडेर बस्नुपर्छ।

**एफिसी 3:17-19 (अंग्रेजी बाइबलमा दिइएको छ The Amplified)**
**17ताकि ख्रीष्ट तिमीहरूको विश्वासद्वारा तिमीहरूको हृदयमा बास गरून्। अनि तिमीहरू, [गहिरो] जरा गाडेर र [सुरक्षित रूपमा] प्रेममा जग बसालेर,**
**18सबै सन्तहरू (परमेश्वरका मानिसहरू) सँग उहाँको प्रेमको चौडाइ, लम्बाइ, उचाइ र गहिराइ [त्यो अद्भुत, अनन्त प्रेमलाई पूर्ण रूपमा अनुभव गर्दै] बुझ्न पूर्ण रूपमा सक्षम होओ;**
**19अनि [ताकि तिमीहरूले] [व्यावहारिक रूपमा, व्यक्तिगत अनुभव मार्फत] ख्रीष्टको प्रेमलाई बुझ्न सक, जुन प्रेम [मात्र] ज्ञानभन्दा [अनुभव बिना] बढी छ, ताकि तिमीहरू [आफ्नो सम्पूर्ण अस्तित्वमा] परमेश्वरको सम्पूर्ण पूर्णतामा भरिपूर्ण हुन सक, [ताकि तिमीहरूले आफ्नो जीवनमा परमेश्वरको उपस्थितिको सबैभन्दा समृद्ध अनुभव पाउन सक, र परमेश्वरले पूर्ण रूपमा भरिपूर्ण हुन सक र उहाँको महिमाले प्रशस्त हुन सक]।**

पिताको प्रेमको प्रकाश पाउँदा हामी हाम्रा सबै भावनात्मक आवश्यकताहरू पूरा भएको पाउँछौँ र पूर्णतया स्वीकार गरिएको महसुस गर्छौं। पिताको प्रेम प्राप्त गर्नाले गहिरो भावनात्मक उपचार ल्याउँछ र हामीलाई भावनात्मक पूर्णता र दयाको स्थानमा ल्याउँछ। हामी पनि उहाँको छोरा वा छोरी हुनुको यस स्थानमा हाम्रो पूर्ण पहिचान पाउँछौँ।

*आराम गर्नुहोस्—रहिरहनुहोस्, जरा गाडेर बस्नुहोस्, राम्रोसँग अठ्याउनुहोस्, उहाँको प्रेममा आफूलाई शान्त पार्नुहोस्*

**1 यूहन्ना 4:16 (अंग्रेजी बाइबलमा दिइएको छ The Message)**
**हामी यसलाई राम्रोसँग जान्दछौँ, हामीले यसलाई हृदय र आत्मासँग अँगाल्दै लिएका छौँ, यो प्रेम जुन परमेश्वरबाट आउँदछ।**

एक पटक हामीले उहाँको प्रेमको अनुभव गरिसकेपछि, हामी हाम्रो लागि पिताको प्रेममा रहनुपर्छ। रहिरहनु, रहनु, बस्नु, स्थायी बसोबास गर्नु, आराम गर्नु, जरा गाडेर बस्नु र सुरक्षित रूपले पिताको प्रेम अठ्याइरहनु हो। यो कहिलेकाहीं भेट्ने वा बारम्बार आउने, पिताको प्रेमको अनुभवबाट भित्र-बाहिर आउनेभन्दा फरक छ। हामी पिताको प्रेममा रहनुपर्छ, आराम गर्नुपर्छ। त्यसपछि हामी परमेश्वरको प्रेम रहेर विश्राममा रहेर आफ्नो जीवन जिउने गर्छौं।

जब हामी पिताको प्रेममा विश्राम गरिरहेका हुन्छौँ, तब कुनै पनि कुराले हामीलाई विचलित हुन दिनेछैनौं। हामीलाई कुनै कुराले हल्लाउने छैन। आँधीबेहरी आउनेछ। तेज बतास चल्नेछ। छालहरू उठ्न सक्छन्। चुनौतीपूर्ण अवस्था र परिस्थितिहरू आउन सक्छन्, तर हामी उहाँको प्रेममा आराम गरिरहेका छौँ। हामी त्यस ठाउँमा छौँ, जुन ठाउँमा हामी उहाँको प्रेमको कारण विजेताहरूभन्दा विजयी बनिरहेका हुन्छौँ।

जब हामी उहाँको प्रेममा आराम गरिरहेका हुन्छौँ, मानिसहरूले हामीलाई आक्रमण गर्न सक्छन्। तिनीहरूले हामीलाई बदनाम गर्न सक्छन्, झूटो आरोप लगाउन सक्छन्, हाम्रो विरोध गर्न सक्छन् र हामीलाई बाधा पुऱ्याउन सक्छन्, तर यी मध्ये कुनै पनि कुराले हामीलाई हल्लाउन सक्दैन। हामी प्रतिकार गर्न वा आफ्नो प्रतिरक्षा गर्न पनि चाहँदैनौं। हामी उहाँको प्रेममा स्थापना भइसकेका छौँ। हामी प्रेमपूर्वक जवाफ दिन्छौँ। प्रेमले जे गर्छ, हामी त्यही गर्छौं।

**सपन्याह 3:17 [NNRV 2012]**
**परमप्रभु तेरा परमेश्वर तँसित हुनुहुन्छ।**

**उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ।**
**उहाँ तँसित अत्यन्तै आनन्दित हुनुहुन्छ।**
**उहाँले आफ्नो प्रेममा तँलाई शान्त पार्नुहुनेछ।**
**गीत गाएर उहाँ तेरा बारेमा रमाउनुहुनेछ।**

परमेश्वरले हामीलाई आफ्नो प्रेमद्वारा शान्त पार्नुहुन्छ। रोइरहेको एक बच्चाको कल्पना गर्नुहोस्। आमाबुबाले त्यस बच्चालाई आफ्नो काखमा उठाउँछन्, अनि उसलाई शान्त पार्दै अँगालो हाल्छन् र चाँडै त्यो बच्चा शान्तिपूर्वक निदाउँछ। यस्तै तरिकाले, परमेश्वरले हामीलाई शान्त पार्नुहुन्छ, स्थिर पार्नुहुन्छ, र विश्राम दिनुहुन्छ। उहाँले हामीलाई आफ्नो अटूट, अविश्रान्त, असीम प्रेमको सुनिश्चितता दिनुहुन्छ। परमेश्वरको आत्माद्वारा ल्याइने पिताको प्रेमको यो सुनिश्चितताले हाम्रो आत्मालाई भरिपूर्ण बनाउँछ। हामी उहाँको प्रेमद्वारा शान्त पारिन्छौँ।

हामीले उहाँको प्रेममा विश्राम गर्न र हामीप्रति उहाँको प्रेमबाट बाँच्न सिक्नुपर्छ। अर्को अध्यायमा, हामी उहाँको प्रेममा स्थिर रहनुको अर्थलाई अझ विस्तृत रूपमा अध्ययन गर्नेछौँ।

## पिताको प्रेम प्राप्त गर्न र अनुभव गर्न प्रार्थना

*प्रिय स्वर्गका पिता,*

*तपाईंको महा् प्रेमको सुनिश्चितताले मेरो हृदय भरियोस्, मलाई घेरिओस्, ओढाओस्, ढाकोस् र मलाई पूर्ण रूपमा छोपियोस्। अहिले नै, मलाई तपाईंको महान् प्रेमसँग व्यक्तिगत र स्पष्ट रूपमा सामना गराइदिनुहोस्। पवित्र आत्मा, कृपया पिताको प्रेमलाई मेरो अस्तित्वमा नयाँ गरी खन्याउनुहोस्। परमेश्वरको प्रेमले मेरो अस्तित्व, मेरो हृदय, मेरो मन, इच्छा र भावनाहरूका हरेक भागलाई प्रभावित पारोस्। मेरो आत्माको घाइते क्षेत्रहरूमा तपाईंको प्रेम खन्याउनुहोस् र मलाई निको पार्नुहोस्। मलाई पूर्ण बनाउनुहोस्।*

*सबै चोट, पीडा र नकारात्मक भावनाहरू धोइदिनुहोस्। सबै अपराध, लाज, अस्वीकृति, एक्लोपनको भावना, त्याग, निराशाको भावना तपाईंको प्रेमले धोइदिनुहोस्। सबै प्रकारका डरहरू मेटाइदिनुहोस्—भविष्यको डर, असफलताको डर, अरूलाई प्रेम गर्न नसक्ने डर, अरूका प्रेममा आफूलाई फसाउने डर, र मानिसहरूमा भरोसा गर्ने डर।*

*पिताको प्रेमले मेरो घमण्ड, आफूमाथिको मेरो निर्भरता, मेरो भावनात्मक पर्खालहरू र मैले उठाएको प्रतिरक्षालाई भत्काउन र तोड्न दिनुहोस्, जसले मलाई तपाईंको प्रेमको अनुभव गर्नबाट रोक्छ।*

*मलाई मेरा बन्धनहरूबाट मुक्त गर्नुहोस्—प्रदर्शन गर्नुपर्ने जस्तो महसुस गर्ने बन्धन, संघर्ष गर्ने मानसिकता, प्रेम र स्वीकारोक्ति कमाउने प्रयासजस्ता जञ्जालहरूबाट। मलाई तपाईंको अमाप्य, असीमित, निःशर्त र अपरिवर्तनीय प्रेमलाई स्वतन्त्र रूपमा प्राप्त गर्ने स्थानमा प्रवेश गराइदिनुहोस्।*

*तपाईंको प्रेमले मलाई शान्त पार्नुहोस्। तपाईंको प्रेममा विश्राम गर्ने स्थानमा मलाई ल्याइदिनुहोस्। म आफ्नो स्वर्गीय पिताको अंगालो स्वीकार गर्छु।*

*येशूको नाउँमा। आमेन।*

## मनन गर्नुहोस्

- 1 कोरिन्थी 13:4-8 मा परमेश्वरको प्रेमको प्रकार अर्थात् परमेश्वरले हामीप्रति गर्नुभएको प्रेमको वर्णनको रूपमा विचार गर्नुहोस्। यसलाई व्यक्तिगत रूपमा पिताको प्रेमको वर्णनको रूपमा लेख्नुहोस्।
- यूहन्ना 17:23,26 मा विचार गर्नुहोस्। पिताले तिमीहरूलाई त्यसरी नै प्रेम गर्नुहुन्छ, जसरी परमेश्वरको प्रिय भएर येशूलाई प्रेम गर्नुहुन्छ। व्यक्तिगत रूपमा तपाईंको लागि यसको अर्थ के हो?
- रोमी 8:35-37 मा विचार गर्नुहोस्। यी सबै कुरामा हामी किन विजेताहरूभन्दा बढी छौँ? यसले तपाईंको जीवनको अवस्थाप्रतिको दृष्टिकोणलाई कसरी असर गर्छ?
- बाइबल संस्करणको 1 यूहन्ना 4:17,18 लाई हेर्नुहोस् र उहाँको प्रेम हामीमा सिद्ध पार्नुको अर्थ के हो, सो छलफल गर्नुहोस्। उहाँको प्रेम हामीमा सिद्ध भएको त्यस ठाउँमा हामी कसरी पुग्न सक्छौँ? यसले हामीलाई कस्तो असर पार्छ?

# 5
# पिताको प्रेममा रहिरहनु

## पिताको प्रेमलाई स्वीकार गर्नुहोस्—"मेरा पिताले मलाई प्रेम गर्नुहुन्छ"

येशूले आफ्ना पितासँग गर्नुभएको सम्बन्ध जाँच्नु अचम्मको कुरा हो। प्रभु येशूले अक्सर उहाँप्रति पिताको प्रेमलाई पुष्टि गर्नुभयो र स्वीकार गर्नुभयो। येशूप्रतिको उहाँको प्रेमका कारण पिताले के गरिरहनुभएको थियो भनेर पनि उहाँले चिन्नुभयो र स्वीकार गर्नुभयो।

**यूहन्ना 3:35 [NNRV 2012]**
**पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ।**

पिताले सबै कुरा येशूको हातमा सुम्पनुभएको थियो।

**यूहन्ना 5:20 [NNRV 2012]**
**किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैँले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ।**

पिताले आफैँले के गरिरहनुभएको छ भनेर प्रकट गरिरहनुभएको थियो र येशूलाई अझ महान् कार्यहरू प्रकट गर्नुहुनेथियो।

**यूहन्ना 17:24 [NNRV 2012]**
**"पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।**

येशूले प्रार्थना गर्नुभयो र पिताले आफूलाई प्रेम गर्नुहुन्छ भनी थाहा पाएर उहाँलाई आफ्नो इच्छा व्यक्त गर्नुभयो।

**यूहन्ना 10:17 [NNRV 2012]**
**"पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु।**

त्यसको जवाफमा येशूले पिताको इच्छा पूरा गर्न पिताको आज्ञापालन गर्नुभयो।

पिताले हामीलाई त्यसरी नै प्रेम गर्नुहुन्छ, जसरी उहाँले येशूलाई प्रेम गर्नुहुन्छ। पिताले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँले हामीलाई पृथ्वीमा राज्यको जिम्मेवारी सुम्पनुहुन्छ। पिताले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँ हामीमार्फत गर्न चाहनुहुने कुरा प्रकट गर्नुहुन्छ र हामीले अहिलेसम्म देखेका भन्दा ठूलो कुरा प्रकट गर्नुहुनेछ। पिताले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो प्रार्थना सुन्नुहुन्छ। हामीले येशूले जस्तै पिताको माया स्वीकार र पुष्टि गर्नुपर्छ।

## मेरो प्रेममा रहिरहो

**यूहन्ना 15:9,10 [NNRV 2012]**
**[9]"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो।**
**[10]यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।**

प्रभु येशूले हामीलाई उहाँको प्रेममा रहन आमन्त्रित गर्नुभयो। उहाँले भन्नुभयो कि उहाँ पनि पिताको प्रेममा रहनुहुन्थ्यो। येशूले पिताको प्रेममा अडिग रहेर आफ्नो सांसारिक जीवन बिताउनुभयो।

हामीले अघिल्लो अध्यायमा भन्यौँ जस्तै, "रहिरहनु" भनेको "विश्राम गर्नु, बस्नु, स्थापित हुनु, बसोबास गर्नु, जारी राख्नु" हो। यसले गहिरो जरा गाड्नु, दृढ तरिकाले रोप्नु र सुरक्षित रूपमा अठ्याउनु जस्ता संकेत गर्छ। यो त्यो स्थान हो, जहाँ हामी उहाँको प्रेमद्वारा शान्त हुन्छौँ। रहनु भनेको जसमा रहेका छौँ, "त्यहीअनुसार जिउनु, त्यहीँबाट जीवन खनाउनु वा उबाउनु, त्यसैको कारणले जिउनु तथा त्यही द्वारा बाँच्नु" पनि हो।

यस उदाहरणलाई विचार गर्नुहोस्।

**यूहन्ना 6:56,57,63 [NNRV 2012]**
**[56]मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु।**

**57 जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ।**
**63 जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन्।**

*"मेरो देह खाने, र मेरो रगत पिउने"* (यूहन्ना 6:56) "येशूबाट खानु" भन्नुको अर्थ "येशूबाट भोजन गर्नु" हो। जो येशूबाट भोजन गर्छ, ऊ येशूमा बस्छ, र त्यसैले येशूका कारण बाँच्दछ वा उसले उहाँमा बाँच्ने आधार पाउँदछ। आफ्नो शरीर र रगतको विषयमा कुरा गर्दा येशूले आत्मिक कुराहरू अर्थात् जीवन दिने आत्माका कुराहरू र उहाँले भन्नुभएका जीवित वचनहरूलाई सङ्केत गरिरहनुभएको थियो।

त्यसैले, पिताको प्रेममा बस्नु भनेको उहाँको प्रेममा आराम गर्नु र उहाँको प्रेमबाट जीवन जिउनु हो। हामी सधैँ पिताको प्रेममा रहनुपर्छ, अर्थात् उहाँको प्रेममा आश्रित हुनुपर्छ र उहाँको प्रेमअनुसार जीवन जिउनुपर्छ।

## विश्राम गर्नु र पिताको प्रेममा रहेर बाँच्नु

**2 कोरिन्थी 13:14 [NNRV 2012]**
**प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्।**

पावलको अन्तिम आशिष्को प्रार्थनामा गरिएको घोषणामध्ये एक हो कि परमेश्वरको प्रेम विश्वास गर्नेहरूसँग रहोस्। यसको अर्थ पिता परमेश्वरको प्रेमको अनुभव क्षणिक मात्र होइन। यो परमेश्वरको प्रेमको त्यो अनुभव हो, जुन निरन्तर, नियमित रुपले पल पलमा गरिन्छ। हामीले हाम्रो दैनिक जीवनमा पिता परमेश्वरको प्रेमलाई निरन्तर रुपमा जान्नु र अनुभव गर्नु आवश्यक छ।

पिताले हामीलाई अथाह र निःशर्त रूपमा प्रेम गर्नुहुन्छ भन्ने सचेनतासाथ हामी हरेक दिन बाँचिरहेका हुन्छौँ। किनकि परमेश्वरको प्रेम सधैँ नै हामीतिर, हामीलाई र हामीसित रहने हुनाले हामी परमेश्वरका प्रिय छोराछोरीका रूपमा जिउन सक्छौँ। हामी परमेश्वरका प्रिय जनाहरूका

रूपमा बाँच्छौँ, किनकि हामी उहाँका प्रियहरू हौँ। हामी उहाँका प्रिय छोराछोरीका रूपमा जिउँछौँ, किनकि त्यो हाम्रो पहिचान हो। त्यसैले सन्तानरूपी उत्तराधिकारसाथ जिउँछौँ।

पिताको प्रेममा रहनु (विश्राम गर्नु) र उक्त प्रेमको स्रोतबाट जीवन जिउनुको अर्थ के हो? त्यो अभ्यासमा कस्तो देखिन्छ? एक जना व्यक्तिले आफ्नो दैनिक जीवनको दिनाचार्यमा पिताको प्रेममा रहेको र त्यसैअनुसार जिएको कसरी देखाउँछ?

प्रेरित यूहन्नाले आफूलाई *"येशूले प्रेम गर्नुहुने चेला"* भनी उल्लेख गरे (यूहन्ना 20:2; यूहन्ना 21:7,20)। त्यसैले, परमप्रभुले उहाँप्रति देखाउनुभएको प्रेम तिनले व्यक्तिगत तवरमा ग्रहण गरे र अनुभव गरे। यूहन्नाले आफ्नो पहिलो पत्रमा परमेश्वरको प्रेमको बारेमा धेरै लेख्छन् र परमेश्वरको प्रेममा रहनुको व्यावहारिक पक्षको व्याख्या गर्छन्। हामी यसलाई यहाँ पाँच सरल कथनहरूमा संक्षेपमा सारांश प्रस्तुत गर्दछौँ।

## *1) जब हामी पिताको प्रेममा रहिरहन्छौँ, त्यहाँ घृणाको कुनै ठाउँ हुँदैन*

**1 यूहन्ना 2:9-11 [NNRV 2012]**

**9जसले आफू ज्योतिमा छु भनी भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझै पनि अन्धकारमा नै छ।**
**10जसले आफ्नो भाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ, र त्यसमा ठक्करको कारण हुँदैन।**
**11तर जसले आफ्नो भाइलाई घृणा गर्छ, त्यो अन्धकारमा हुन्छ, र अँध्यारोमा हिँड्छ, र त्यो कहाँ गइरहेछ, सो थाहा पाउँदैन, किनभने अन्धकारले त्यसलाई अन्धो पारेको हुन्छ।**

(1 यूहन्ना 3:14,15; 1 यूहन्ना 4:20,21 पनि हेर्नुहोस्)

यूहन्नाले आफ्नो पत्रमा यो कुरा धेरैचोटि दोहोऱ्याएका छन्। जब हामी पिताको प्रेममा रहन्छौँ र बाँच्छौँ, हामी घृणालाई आफ्नो जीवनबाट टाढा राख्न धेरै लगनशील हुन्छौँ। हामी अरू कसैप्रति घृणा गर्न इन्कार गर्छौँ र र त्यसलाई हाम्रो जीवनमा बास गर्न दिँदैनौँ। घृणा खतरनाक छ। यदि हाम्रो हृदयमा अर्को भाइप्रति घृणा छ भने, हामी ज्योतिमा हिँडिरहेका छौँ भनी दाबी गरे पनि, हामी ती मानिसहरू जस्तै हौँ, जो अन्धा छन् र अन्धकारमा

हिँडिरहेका छन्। हामी कहाँ जाँदैछौँ भनेर हामीलाई थाहा छैन। जब हामी प्रगति गर्न खोज्दै वरिपरि छामछामछुम गर्छौं, तब हामी ठेस खान्छौँ र लड्छौँ (1 यूहन्ना 2:9-11)।

हामी अरुलाई हामीलाई आघात पुऱ्याउनबाट रोक्न सक्दैनौँ, तर हामी आघात लिन अस्वीकार गर्न सक्छौँ। केही कुरा, जसलाई मानिसहरूले भन्छन र गर्दछन्, त्यसले हामीलाई पीडा पुऱ्याउन सक्छ, तर हामी त्यसलाई छोड्न र हाम्रा दुःखलाई हरेक ठाउँमा बोक्न नचाहने निर्णय पनि गर्न सक्छौँ। घाउ र चोट सामान्यतया बढ्दै जान्छ र अन्ततः घृणामा परिणत हुन्छ। घृणाले हामीलाई अन्धा तुल्याउँछ र अन्धकारमा छोड्छ। यद्यपि, जब हामी पिताको प्रेममा रहन्छौँ र त्यसैअनुसार बाँचिरहेका हुन्छौँ, घृणा र चोटले हामीमा ठाउँ पाउँदैन।

## *2) जब हामी पिताको प्रेममा रहन्छौँ, सतावटले हामीलाई तर्साउँदैन, किनकि पवित्रता हाम्रो जीवनको मार्ग बनेको हुन्छ*

**1 यूहन्ना 3:1-3,13 [NNRV 2012]**

**1हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन।**

**2प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं।**

**3अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।**

**13भाइ हो, संसारले तिमीहरूलाई घृणा गर्दा अचम्म नमान।**

आफ्नो सन्तान बनाउन परमेश्वरले हामीप्रति देखाउनुभएको असीम र असाधारण बारेमा प्रेमबारे यूहन्नाले घोषणा गरे। त्यसकारण, परमेश्वरले यति धेरै प्रेम गर्नुभएकोले, यहाँ केही चीजहरू छन्, जुन कुराको लागि हामी तयार हुनैपर्छ ...

- संसारले हामीलाई चिन्नेछैन, र हुनसक्छ घृणा पनि गर्नेछ।

- हामी आफूलाई शुद्ध पार्छौं, जसरी उहाँ शुद्ध हुनुहुन्छ।

जब हामी पिताको प्रेममा रहिरहन्छौँ र बाँचिरहेका हुन्छौँ, तब संसारले हामीलाई परमेश्वरको सन्तानको रूपमा चिन्दैन भनेर हामी चिन्तित हुँदैनौँ। संसारले हामीलाई घृणा गर्न सक्छ र सताउन सक्छ भन्ने कुराले पनि हामीलाई चकित पार्दैन।

हामीसँग अचम्मको आशा छ, किनकि हामी उहाँका सन्तान हौं। हामी जान्दछौँ कि जब प्रभु प्रकट हुनुहुनेछ, हामी उहाँजस्तै बनाइनेछौँ। अनि यस आशाको कारण, हामी आफ्नो जीवन शुद्ध पार्न छनौट गर्छौं। त्यसैले, जब हामी परमपिताको प्रेममा बस्छौँ र त्यसैबाट बाँच्छौं, पवित्रता हाम्रो जीवनशैली बन्छ। उहाँको प्रेमले हामीलाई पवित्रतामा डोऱ्याउँछ र जुन कुरा परमपितालाई अप्रिय छ, त्यसलाई अस्वीकार गर्न प्रेरित गर्छ।

## *3) जब हामी परमपिताको प्रेममा रहन्छौँ, हामी बलिदान दिन्छौँ र बाँड्चुँड गर्छौं*

**1 यूहन्ना 3:16-18 [NNRV 2012]**

**16प्रेम के हो भनी हामी यसैबाट थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो र हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ।**
**17कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?**
**18मेरा साना बालकहरू, वचन वा मुखले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं।**

किनभने येशूले हाम्रो लागि आफ्नो जीवन अर्पण गर्नुभयो, यहीमार्फत र यसैमा हामी परमपिताको प्रेमलाई बुझ्छौँ, अनुभव गर्छौं र चिन्छौँ। यसैले, हामीलाई पनि अरूको लागि त्यही गर्न प्रेरित गर्दछ। हामी अरूका लागि आफ्नो जीवन अर्पण गर्छौं। हामी अरूको हितका लागि बलिदान दिन्छौँ। अनि जब हामी अरूका भौतिक आवश्यकताहरूलाई पूरा गर्न दिने र बाँडचुँड गर्ने काम गर्दछौं, तब *"काममा र सत्यतामा"* भन्ने कुरा व्यवहारिक रुपमा पूरा हुन्छ। (1 यूहन्ना 3:18)

प्रेरित पावलले आफ्नै सेवाको बारेमा साझा गर्दै यसलाई यी शब्दहरूमा अभिव्यक्त गरे।

**2 कोरिन्थी 5:14,15 [NNRV 2012]**
**[14]ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे।**
**[15]उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो।**

हामी परमेश्वरको प्रेमद्वारा चलाइन, प्रेरित हुन, उत्साहित र क्रियाशील बन्न बाध्य हुन्छौँ। हामी जीवनलाई येशू ख्रीष्टको उदाहरणबाट हेर्छौं। उहाँले आफ्नो जीवन हाम्रो लागि अर्पण गर्नुभयो। त्यसैले, हामी पनि अब आफैँका लागि होइन, तर येशूका लागि बाँच्छौँ।

**यूहन्ना 15:12,13 [NNRV 2012]**
**[12]मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।**
**[13]आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन।**

प्रेमको सबैभन्दा ठूलो अभिव्यक्ति भनेको आफ्नो जीवन अर्पण गर्नु हो। येशूले यो कुरा देखाउनुभयो। उहाँले क्रूसमा आफ्नो जीवन अर्पण दिनुभयो। व्यवहारमा हामीमध्ये कोही-कोहीले आफ्नो जीवन अर्पण गर्दा मृत्युको सामना गर्नुपर्ने हुन सक्छ, तर हामीमध्ये धेरैको लागि यसको अर्थ अरूको हितको निम्ति आफ्नो सम्पत्ति, अवसर, मौकाहरू आदि छोड्नु वा त्याग्नु पनि हुन सक्छ।

## *4) जब हामी पिताको प्रेममा रहन्छौँ, हामी प्रेममा हिँड्छौँ*

**1 यूहन्ना 4:7-12 [NNRV 2012]**
**[7]प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ।**
**[8]प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।**
**[9]परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं।**

**[10]प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्‍ना पुत्र पठाउनुभयो।**
**[11]प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एक अर्कोलाई प्रेम गर्नुपर्छ।**
**[12]परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एक अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ।**

किनकि हामीले पिताको प्रेमको अनुभव गरेका छौँ, त्यसैले हामी अरूमानिसहरूको प्रेममा डुब्नुबाहेक अरू केही गर्न सक्दैनौँ। प्रेममा हिंड्नुको अर्थ के हो भन्ने कुराको ठूलो वर्णन हामीलाई 1 कोरिन्थी 13:4-8 मा दिइएको छ; *"प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ।"* हामी मानिसहरूसँग परमेश्वरको प्रेमद्वारा सम्बन्ध राख्ने छनोट गर्छौं।

हामी परमपिताको प्रेमले सामर्थित बनाइन्छौँ, जसले हामीलाई उहाँको प्रेममा हिड्न सक्षम पार्दछ। जब हामी एक-अर्कालाई प्रेम गर्छौं, तब उहाँको प्रेम पूर्ण हुन्छ—पुरा। यसको पूर्ण उद्देश्यमा पुऱ्याइन्छ—हामीमा। जब हामी प्रेममा हिड्छौँ, तब उहाँको प्रेम आफ्नो उद्देश्य पूरा गर्दै, पूर्ण हुँदै हामीमार्फत कार्यान्वित हुन्छ। यो नै परमेश्वर आफैँ हामीमा रहनु र हामीमार्फत जीवित हुनु हो!

## *5) जब हामी पिताको प्रेममा रहन्छौं, हामी हाम्रो आत्मिक हैसियतलाई चिन्छौँ, हामी भयबाट मुक्त हुन्छौं र उहाँलाई प्रेम गर्न स्वतन्त्र हुन्छौँ*

**1 यूहन्ना 4:17-19 [NNRV 2012]**
**[17]न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध भएको हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं।**
**[18]प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।**

**19हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो।**

जब हामीमा परमेश्वरको प्रेम सिद्ध हुन्छ, अर्थात्, हामी त्यो ठाउँमा हुन्छौँ, जहाँ हामीले उहाँको प्रेम प्राप्त गरेका छौँ र यसलाई हामीमा पूर्ण काम गर्न दिइरहेका हुन्छौँ ...

- हामी परमेश्वरको सामु साहसपूर्वक उभिन्छौं र न्यायको डरले ग्रसित भएर बाँचिरहेका हुँदैनौं।
- हामी आत्मिक क्षेत्रमा आफू को हौँ भनेर चिन्छौँ—*"येशू जस्तै, हामी पनि यही संसारमा छौँ"* (1 यूहन्ना 4:17)—र त्यसअनुसार नै बाँच्छौँ।
- हामीप्रतिको उहाँको प्रेमले गर्दा हामी उहाँप्रतिको प्रेमले भरिएका छौँ।

संक्षेपमा भन्नुपर्दा, जब हामी परमपिताको प्रेममा विश्राम गर्छौं र त्यसैबाट बाँच्छौँ...

1) अरूप्रति घृणाको कुनै स्थान हाम्रोभित्र हुँदैन।
2) सतावटले हामीलाई अचम्मित गर्दैन।
3) पवित्रता हाम्रो जीवनशैली हो।
4) हामी बलिदान दिन्छौँ र अरूसँग बाँड्चुँड गर्दछौँ।
5) हामी परमेश्वरको प्रकृतिको प्रेममा हिड्छौँ।
6) हामी हाम्रो आत्मिक स्थिति चिन्छौं—*"येशूजस्तै, हामी पनि यही संसारमा छौँ"* (1 यूहन्ना 4:17)—र यही सत्यअनुसार बाँच्छौँ।
7) हामी परमेश्वरको सामु दोषारोपण र न्यायको भयबाट मुक्त छौँ।
8) उहाँले पहिले हामीलाई प्रेम गर्नुभएकोले, हामी प्रेमले भरिपूर्ण भएर उहाँलाई प्रेम गर्छौं।

आउनुहोस्, हामी यसलाई स्वीकार गरौँ र दृढतापूर्वक घोषणा गरौँ।

*म मेरो लागि पिताको प्रेममा रहन्छु। म आराम गर्छु र पिताको प्रेमबाट बाँच्छु। मेरो हृदयमा घृणाको कुनै स्थान छैन। यदि संसारले मलाई चिनेन वा मलाई सतायो भने म आत्तिने छैन। पवित्रता नै मेरो जीवन पद्धति*

*हो। म आफूलाई शुद्ध पार्छु, जसरी उहाँ शुद्ध हुनुहुन्छ। म बलिदान दिन्छु, उदारतापूर्वक दिन्छु, र परमेश्वरले मलाई आशिष् दिनुभएको कुरालाई अरूसँग बाँड्छु। म मानिसहरूतर्फ प्रेममा हिँड्छु। परमेश्वरको प्रेमका कारण, उहाँमा उहाँले मलाई जो बनाउनुभएको छ, म त्यो चिन्दछु। येशूजस्तै, म पनि परमेश्वरको उत्तराधिकारी र ख्रीष्टको संयुक्त उत्तराधिकारी हुँ। म सबै दोष, लज्जा र निन्दाबाट मुक्त छु। स्वर्गमा हुनुहुने मेरा परमपितालाई प्रेम गर्न म स्वतन्त्र छु। म उहाँलाई प्रेम गर्छु, किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो।*

## आज्ञाकारिता—पिताको प्रेममा अडिग रहने कुञ्जी

### *येशू पिताको आज्ञाकारितामा हिँड्नुभयो ...*

**यूहन्ना 8:29 [NNRV 2012]**
**मलाई पठाउनुहुने मसँग हुनुहुन्छ। उहाँले मलाई एकलै छोड्नुभएको छैन, किनभने म सधैँ उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।"**

**यूहन्ना 14:31 [NNRV 2012]**
**तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्। उठ, हामी यहाँबाट जाऔं।"**

**यूहन्ना 15:9,10 [NNRV 2012]**
**9"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो।**
**10यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।**

### *... त्यसकारण, यो हामीले गर्नुैपर्छ*

**यूहन्ना 14:15,21,23,24 [NNRV 2012]**
**15"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।**
**21मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।"**
**23येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं।**

**[24]मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।**

यूहन्ना 15:9,10 [NNRV 2012]
**[9]"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो।**
**[10]यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।**

1 यूहन्ना 2:5,6 [NNRV 2012]
**[5]तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं।**
**[6]उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।**

यी सबै ईश्वरशास्त्रहरूबाट हामी देख्छौँ कि प्रभु येशू आफैले अभ्यास गर्नुभयो र सिकाउनुभयो कि पिताको प्रेममा रहनको लागि, हामीले उहाँको वचनको आज्ञाकारितामा हिंड्नुपर्छ र उहाँको वचनपालन गर्नुपर्छ। जब हामी यसो गर्छौं, परमेश्वरको प्रेम, पिताको प्रेम हामीमा सिद्ध हुँदछ। परमेश्वरको आज्ञाकारिता परमेश्वरको प्रेममा विश्राम लिन र बँचाइनको लागि महत्त्वपूर्ण छ।

जब हामी पिताको प्रेममा रहन्छौँ, हामी उहाँको वचन पालन गर्छौं र येशूजस्तै हिँड्छौँ।

पिताको आज्ञापालन गर्नु भनेको हामी ज्योतिमा हिँड्नु हो, जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, र यसरी, उहाँसँग सङ्गति (गहिरो मित्रता) सम्भव हुन्छ। यही सङ्गतिले हामीलाई उहाँको प्रेममा दिनहुँ स्थिर रहन (विश्राम गर्न र त्यसैबाट बाँच्न) सक्षम बनाउँछ।

1 यूहन्ना 1:6,7 [NNRV 2012]
**[6]यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं।**
**[7]तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।**

आज्ञाकारिताले पिताको प्रेम प्राप्त गर्दैन। उहाँले हामीलाई अथाह र बिनाशर्त प्रेम गर्नुहुन्छ।

आज्ञाकारिता भनेको तपाईं के गर्नुहुन्छ, किनभने तपाईं उहाँलाई प्रेम गर्नुहुन्छ। तपाईं यो प्रेमको कारण गर्नुहुन्छ।

आज्ञापालनले हामीलाई उहाँसँग गहिरो सङ्गतिमा राख्छ, जसले गर्दा हामी पिताको प्रेममा स्थिर रहन, विश्राम गर्न, जीवन प्राप्त गर्न र त्यसैबाट बाँच्न सक्षम हुन्छौँ।

## मनन गर्नुहोस्

1) स्वर्गमा रहनुहुने हाम्रा पिताको हामीप्रतिको प्रेमलाई स्वीकार गर्नु र पुष्टि गर्नु किन महत्त्वपूर्ण छ?

2) पिताको प्रेममा रहँदा र जीवन जिउँदा हामीले आठवटा परिणामहरू उल्लेख गर्‍यौँ।

***(क)***हामीमा अरूप्रतिघृणाको कुनै स्थान छैन।
***(ख)***सतावटले हामीलाई चिन्तित तुल्याउँदैन।
***(ग)*** पवित्रता हाम्रो जीवन पद्धति हो ।
***(घ)*** हामी बलिदान चढाउँछौँ र अरूसँग बाँडचुँड गर्छौं।
***(ङ)*** हामी परमेश्वरको प्रेममा हिँड्छौँ।
***(च)*** हामी हाम्रो आत्मिक अवस्था जान्दछौँ—येशू जस्तो हुनुहुन्छ, त्यस्तै हामी पनि हौँ (1 **यूहन्ना** 4:17)—र यही सत्यताबाट संसारमा हामी जीवन जिउँदछौं।
***(छ)*** हामी परमेश्वरको सामुन्ने दण्ड र न्यायको डरबाट मुक्त छौँ।
***(ज)***हामी उहाँप्रति प्रेमले भरिएका छौँ, किनभने उहाँले हामीलाई पहिलो पटक प्रेम गर्नुभयो।

माथिका आठ क्षेत्रहरूमा तपाईं के गर्दै हुनुहुन्छ? (पिताको प्रेमको कारणले गर्दा तपाईं यी प्रत्येक गर्न सक्नुहुन्छ भनी परमेश्वर सामु प्रार्थना र प्रतिज्ञा गर्न केही समय निकाल्नुहोस्।)

3) आज्ञाकारितामा हिँड्नु भनेको पिताको प्रेममा रहिरहनुसित कसरी सम्बन्धित छ?

# 6
# अनुशासनलाई प्रेम गर्नु

पिताको प्रेममा टिकिरहनुको एउटा महत्त्वपूर्ण पक्ष उहाँको प्रेमिलो अनुशासन र सुधारसँग सम्बन्धित छ। पिताले हामीलाई किन अनुशासित गर्नुहुन्छ र उहाँले हामीलाई अनुशासनमा राख्दा, उहाँको मनको मनासयलाई बुझ्छौं, तब सही जवाफ दिन सक्षम हुनेछौँ। उहाँको हृदयलाई किन अनुशासन दिनुहुन्छ भनेर थाहा पाउँदा हामी सही जवाफ दिन सक्षम हुनेछौँ। परमेश्वरको प्रेमिलो सुधारबाट डराउने वा भाग्ने कुरा होइन। हाम्रा पिताको मायालु सुधारलाई स्वागत गर्नुपर्ने कुरा हो, किनभने यो हाम्रो फाइदाको लागि हो।

## जसलाई पिताले प्रेम गर्नुहुन्छ, उहाँले अनुशासन दिनुहुन्छ

**हिब्रू 12:4-13 [NNRV 2012]**

**4पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ।**

**5के तिमीहरूले अर्तीका ती वचन भुलेका छौ जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ? "हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ, उहाँबाटको दण्डमा हरेस नखाऊ,**

**6किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।"**

**7ताड़नाको निम्ति नै तिमीहरू कष्ट सहन्छौ। परमेश्वरले तिमीहरूसँग छोरालाई झैँ व्यवहार गर्नुहुन्छ। किनकि बाबुले ताड़ना नदिएको कुनचाहिँ छोरा हुन्छ र?**

**8तर यदि सबै जना सहभागी भएको त्यो ताड़ना तिमीहरूले पाएका छैनौ भनेता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरू हौ।**

**9यसबाहेक हामीलाई ताड़ना दिने हाम्रा शारीरिक बुबा थिए, र हामीले तिनको आदर गर्‍यौं। के झन् बढ़ी हाम्रा आत्माका पिताको अधीनमा बसेर हामीले जीवन प्राप्त गर्दैनौं र?**

**10किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ।**

**11सबै ताड़ना सुरुमा सुखद हुँदैन तर दुःखदायी हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ।**

**12यसकारण लत्रेका हातहरू उठाओ, र दुर्बल घुँड़ाहरू बलिया बनाओ।**

**[13]तिमीहरू हिँड्ने बाटो सोझो बनाओ, ताकि लङ्गड़ो गोडा नखुस्कोस्, तर निको होस्।**

"ताडना दिने," "हप्काउने" र "कोर्रा" भन्ने शब्दहरू कडा र अशिष्ट देखिन्छन्। "ताड़ना" भनी अनुवाद गरिएको ग्रीक शब्द *'पेडेउओ'* हो, जसको अर्थ यस प्रक्रियाको भागको रूपमा "छोराछोरीलाई तालिम दिनु, शिक्षा दिनु, निर्देशन दिनु, सिक्नु, सिकाउनु र अनुशासन दिनु" हो। एफिसी 6:4 मा "ताडना" (ग्रीक *'पेडिया'*) को लागि एउटै शब्द प्रयोग गरिएको छ, जुन शब्द पिताहरूले आफ्ना छोराछोरीलाई प्रभुको "पालनपोषण" मा ल्याउँदछन्। "हप्काउनु" को लागि ग्रीक शब्द *'एलेंगचो'* हो र यसको अर्थ "दोषी ठहराउनु, विश्वास दिलाउनु, ताडना दिनु, दोष बताउनु" हो र पवित्र आत्माको बारेमा यूहन्ना 16:8 मा प्रयोग गरिएको एउटै शब्द हो, जुन उहाँले पाप, धार्मिकता र न्यायको संसारलाई दोषी ठहराउनुहुनेछ वा निन्दा गर्नुहुनेछ। "कोर्रा" भन्ने ग्रीक शब्द 'मास्टिगो' हो, जसको अर्थ कोर्रा हान्नु, कोतर्नु, पिट्नु हो। याद राख्नुहोस्, यी शब्दहरू पिताले आफ्ना छोराछोरीलाई अनुशासित गरेको सन्दर्भमा प्रयोग गरिन्छ। यसकरण, त्यस सन्दर्भमा व्याख्या गर्नुपर्दछ। त्यसैले, प्रभुको ताडना सम्बन्धित छ:

(क) *पेडेउओ (Paideuó)*—पिताले आफ्ना छोराछोरीलाई प्रेमिलो शिक्षा, पालनपोषण, शिक्षा र प्रशिक्षण दिनुहुन्छ,

(ख) एलेङचो (Elengchó)—पिताले आफ्ना छोराछोरीलाई प्रेमपूर्वक गलत कुरा बताउनुहुन्छ र तिनीहरूलाई सही कुरातिर देखाउनुहुन्छ र

(ग) *मास्टिगो (mastigoó)*—बुबाले छोराछोरीलाई आज्ञाकारी ठाउँमा ल्याउन प्रेमिलो अनुशासन दिनुहुन्छ। हामी सजिलै देख्न सक्छौँ, हाम्रा प्राकृतिक सन्दर्भहरूमा पनि, कि बालबालिकासँग निर्देशन, शिक्षा, स्याहार, र प्रशिक्षण सामान्य रूपमा गरिन्छ। पिटाइ (दण्डसहितको प्रशिक्षण) केवल त्यस अवस्थामा मात्र प्रयोग गरिन्छ, जब सामान्य प्रक्रिया स्वीकार गरिँदैन वा उल्लङ्घन गरिन्छ।

प्रेमपूर्ण निर्देशन र सुधार एउटा पिता र छोरा सम्बन्धको लागि सामान्य कुरा हो (हिब्रू 12:7)। यही परमेश्वर, हाम्रा स्वर्गीय पिता, हामीलाई

आफ्ना पुत्र र पुत्रीसरह व्यवहार गर्नुहुन्छ। उहाँको सुधार र अनुशासन उहाँको हाम्रो लागि भएको प्रेमको अभिव्यक्ति हो।

हाम्रो स्वर्गीय पिताले हामीलाई सुधार गर्नुहुन्छ र अनुशासन दिनुहुन्छ, किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रा भलाइका लागि गर्नुहुन्छ। उहाँले यो हाम्रो लाभ वा हितको लागि गर्नुहुन्छ (हिब्रू 12:10)। उहाँले हामीलाई त्यहाँबाट उठाउन चाहनुहुन्छ, जहाँ हामी छौँ, र हामीलाई उच्च स्थानमा पुऱ्याउन चाहनुहुन्छ, जहाँ उहाँले हामीलाई राख्न चाहनुहुन्छ।

जब परमेश्वरले हामीलाई सुधार गर्नुहुन्छ, उहाँले हामीलाई नाश गर्न, अपमानित गर्न, अवमूल्यन गर्न वा हतोत्साहित गर्न त्यसो गर्नुहुन्न। उहाँको प्रेमिलो सुधारले हामीलाई सधैँ माथि उठाउन र हामीलाई त्यस्तो मानिस हुन मदत गर्छ, जुन हामी हुन चाहन्थ्यौँ। उहाँको सुधार गरिमा, स्वीकृति र अनुग्रहको साथ आउँदछ।

पिताको प्रेमको यो पक्ष अस्थायी रूपमा पीडादायी हुन सक्छ (हिब्रू 12:11)।

सुधार आवश्यक तब बन्छ, जब हामी आज्ञाकारिताको स्थानबाट बाहिर निस्कन्छौँ—अर्थात्, जब हामी उहाँको प्रेममा विश्राम गर्ने र त्यही प्रेमबाट जीवन जिउने स्थानबाट टाढिन्छौँ।

सुधार भनेको परमेश्वरले हामीलाई आफ्नो वचन, आफ्नो इच्छामा र आफ्ना तरिकामा समायोजन गर्नु हो। उहाँले हामीलाई फेरि उहाँको प्रेममा रहिरहने स्थानमा फर्काइरहनुहुन्छ। उहाँले हामीलाई फेरि उहाँको प्रेममा विश्राम गर्ने र त्यस प्रेमबाट जीवन जिउने स्थानमा फर्काइरहनुहुन्छ।

सुधारको सही प्रतिक्रिया भनेको आज्ञाकारिता हो, जसमा हामी हाम्रो स्वर्गीय पितासँग समर्पण र आत्मसमर्पण गर्छौं (हिब्रू 12:9)। यो त्यतिबेला हुँदछ, जब हामी सिक्छौँ र भन्न थाल्छौँ, *"हे प्रभु, मेरो इच्छामा होइन, तर तपाईंको इच्छामा नै हुनेछ।"*

परमेश्वरले हामीलाई आफ्नो वचन, आफ्नो आत्मा, अन्य व्यक्तिहरू र कहिलेकाहीँ अवस्था र परिस्थितिहरू मार्फत सुधार गर्नुहुन्छ। परमेश्वरले आफ्नो वचनमार्फत हामीलाई निर्देशन, प्रशिक्षण र सुधार प्रदान गर्नुहुन्छ (2 तिमोथी 3:16,17)। परमेश्वरको आत्माले हामीलाई सबै सत्यमा अगुवाइ गर्नुहुन्छ र डोऱ्याउनुहुन्छ (यूहन्ना 16:13), जसले यो पनि बुझाउँछ कि उहाँले हामीलाई त्रुटिबाट रोक्नुहुन्छ र हामीलाई सुधार्नुहुन्छ। परमेश्वरले हाम्रो हृदयमा अन्य मानिसहरू, विशेष गरी ईश्वरीय मानिसहरूमार्फत पनि आफ्नो सल्लाह व्यक्त गर्नुहुन्छ, जो हामीलाई प्रभावित गर्न हाम्रो जीवनमा राखिएका छन्। हामीलाई परमेश्वरको स्याहार, निर्देशन र सुधार यी तीन माध्यमहरू— उहाँको वचन, उहाँको आत्मा, र अन्य व्यक्तिहरूमार्फत प्राप्त गर्न खुल्ला हुनैपर्छ। कतिपय समयमा, परमेश्वरले हामीलाई उहाँले हाम्रो लागि तयार गर्नुभएका परिस्थितिहरूमार्फत प्रेमपूर्वक अनुशासन दिनुहुन्छ। (**टिप्पणी:** हामी "कतिपय समयमा" परिस्थितिहरू र घटनाहरू मार्फत भन्छौँ, किनभने केही यस्ता परिस्थितिहरू छन्, जुन हाम्रो शत्रु शैतानले हामीविरुद्ध फ्याँक्छ, र ती परिस्थितिहरूलाई हामीले प्रभुत्व जमाउन र पार गर्न आवश्यक छ। यस्ता केही परिस्थितिहरू हाम्रो आफ्नै कार्यहरूको परिणाम हुन्, जसका लागि हामीले जिम्मेवारी लिनुपर्छ र आवश्यक परेमा परिवर्तनहरू गर्नुपर्छ।

उहाँको प्रेमिलो अनुशासनप्रतिको हाम्रो प्रतिक्रियाले वृद्धि, परिपक्वता र पवित्रताको अर्को तहमा हाम्रो प्रगति निर्धारण गर्नेछ। उहाँको प्रेममा अडिग रहन र हाम्रो जीवनको जिम्मेवारी पूरा गर्न र वृद्धि हुन यो महत्त्वपूर्ण छ।

यदि आज्ञाकारिताको लागि कुनै कुरा छ भने, हामीले दैनिक रूपमा गर्न सक्ने सबैभन्दा उत्तम कामहरूमध्ये एउटा भनेको परमेश्वरलाई हेर्नु र हामीलाई उहासँग गाँस्न आग्रह वा प्रार्थना गर्नु हो।

तपाईं आफ्नै पहरेदार हुन सक्नुहुन्छ। आफ्नो हृदय, आफ्नै विचार र आफ्नै कार्यहरूको हेरचाह गर्नुहोस्। उहाँको प्रेममा रहिरहनुहोस्। याद राख्नुहोस् कि उहाँको शक्तिशाली अनुग्रह र उहाँको पवित्र आत्माको सुदृढ

सङ्गति तपाईंलाई उहाँको प्रेममा रहिरहन सक्षम तुल्याउन सधैँ तपाईंको साथमा छ (2 कोरिन्थी 13:14)। जुन बेला हामी आफूलाई आज्ञाकारिताको स्थानबाट बाहिर निस्केको देख्छौँ, पिताको प्रेममा रहिरहनबाट एक इन्च पनि बाहिर निस्केको देख्छौँ, तब हामीले आफैँलाई जाँच्नुपर्छ र उहाँको प्रेममा रहिरहने त्यो स्थानमा फर्कनुपर्छ।

जीवनमा कहिलेकाहीँ हामीले कठोरता र अनुशासनका साथ कुराहरूको सामना गर्नुपर्ने हुन्छ। उदाहरणका लागि, अभिभावकको रूपमा, कक्षामा शिक्षकको रूपमा, वा कर्मचारीहरूलाई सम्हाल्ने अनुभवीको रूपमा, केही समयमा हामीलाई सामना गर्न, सुधार गर्न, आलोचना गर्न र आवश्यक वा अपेक्षित कुरा गर्न माग गर्नुपर्छ। हामी यी कठिन कुराहरू पनि एक जिम्मेवार अगुवाको कठोरताका साथ सम्हाल्छौँ र अझै पनि परमपिताको प्रेमद्वारा शासित हुन्छौँ। परमेश्वरको आत्माले हामीलाई सुधार र अनुशासन लागू गर्दै उहाँको निःशर्त प्रेमले यस्ता कठिन परिस्थितिहरूको सामना गर्न सक्षम तुल्याउनुहुनेछ। यो पनि पिताको प्रेमको अभिव्यक्ति हो।

## परमपिताको प्रेमिलो अनुशासनबारे गलत धारणाहरू

अक्सर, परमपिताको प्रेमिलो सुधार के हो भनेर मानिसहरूमा अनौठो गलत धारणाहरू हुन्छन्। उनीहरूले रोग, आपत, दुर्घटनाहरू, असफलताहरू, दुःखद घटनाहरू, दरिद्रता आदि पिताको प्रेमपूर्ण अनुशासन, निर्देशन वा सुधारसँग गलत तरिकाले जोड्ने गर्छन्। हामी जतिसुकै त्रुटिपूर्ण भए तापनि, सांसारिक आमाबुबाले समेत हाम्रा छोराछोरीहरूलाई यस्तो अनुशासन गर्दैनन्। त्यस्तो कुनचाहिँ सांसारिक आमाबुबा होलान्, जसले आफ्ना बालबच्चाहरूलाई सिकाउन, निर्देशन दिन वा पालनपोषण गर्न चाहने हो भने, उनीहरूलाई परिपक्व बनाउन, चरित्र विकास गर्न वा हुर्काउनको लागि रोग, दुर्घटना, त्रासदी आदिजस्ता कठिन परिस्थितिहरूबाट गुज्रन दिनेछन्? कदापि, दिनेछैनन्! अनि यस्ता कुराहरू (बिमारी, विपत्ति, दुर्घटना, असफलता, त्रासदी, दरिद्रता आदि) लाई असीम प्रेमिलो स्वर्गीय परमपितालाई दोष दिनु हाम्रो आत्मिक समझमा कत्ति असङ्गत र अतार्किक छ, मानौँ यी हाम्रो जीवनमा उहाँको प्रेमिलो अनुशासनका अभिव्यक्तिहरू

हुन्! स्वर्गमा रहनुहुने हाम्रा पिता परमेश्वर पृथ्वीका आमाबुबाभन्दा असीम रूपले असल हुनुहुन्छ भन्ने कुरामा प्रभु येशू एकदम स्पष्ट हुनुहुन्थ्यो। *"तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला? कि माछा माग्दा त्यसलाई साँप देला? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ!"* (मत्ती 7:9-11, NNRV 2012)

हाम्रा स्वर्गीय पिताको प्रेमिलो अनुशासन र विद्रोह र पश्चात्ताप नगरी, जानाजानी पाप गरेकोमा परमेश्वरको न्यायको बीचमा ठूलो भिन्नता छ। हाम्रो जीवनको क्रममा, विश्वासीको रूपमा हामी सामान्यतया पिता परमेश्वरको आज्ञाकारितामा हिँड्दछौँ र उहाँको न्यायको लागि योग्य भएको ठाउँमा आउँदैनौँ। हामीले पाप गऱ्यौं भने पनि, परमेश्वरसित तुरुन्तै कुराहरू कसरी ठीक गर्ने भनेर हामी जान्दछौं। जब हामी परमेश्वरप्रति आज्ञाकारी भएर हिँड्दछौँ, तब हाम्रो शत्रु शैतान र त्यसका दुष्टात्माहरू छन्, जो आफ्ना इच्छा र योजनाहरू लिएर हाम्रो विरुद्धमा आउँछन्। शत्रुको काम के हो भनेर हामीले बुझ्नुपर्छ, र ख्रीष्टमा हाम्रो अधिकारको स्थान प्रयोग गरेर, हामीले प्रतिरोध गर्नुपर्छ, विजय प्राप्त गर्नुपर्छ र त्यस्ता कुराहरूमाथि निरन्तर विजय हासिल गर्दै हिँड्नुपर्छ। हामीले शत्रुका दुष्ट कार्यहरू—चोरी, हत्या, विनाश, रोग, आपत, दुर्घटनाहरू, असफलताहरू, दुःखद घटनाहरू, दरिद्रता आदि परमेश्वरसँग जोड्नुहुँदैन।

## मनन गर्नुहोस्

1) स्वर्गमा रहनुहुने प्रेमिलो पिताले आफ्ना छोराछोरीलाई किन अनुशासन गर्नुहुन्छ?
2) हिब्रू 12:5,6 मा उल्लिखित ताडना दिनु, हप्काउनु र कोर्रा हान्नुको अर्थ पिताले आफ्ना छोराछोरीसँग व्यवहार गरेको सन्दर्भ के हो, सारांशमा बताउनुहोस्।
3) परमेश्वरले हाम्रो जीवनमा आफ्नो प्रेमिलो सुधार गर्ने चार वटा तरिकाहरू के-के हुन्? परमेश्वरले हाम्रो जीवनमा गर्नुभएको प्रेमिलो सुधारलाई तुरुन्तै चिन्न र तुरुन्तै प्रतिक्रिया दिन तपाईं यी कुराहरूप्रति आफूलाई कसरी संवेदनशील बनाउन सक्नुहुन्छ, विचार गर्नुहोस्।

# 7
# स्वर्गमा हुनुहुने हाम्रा पिताको अनुकरण गर्नु

पिताको प्रेमको अनुभवले प्रेम गर्ने हाम्रो क्षमतालाई पुनर्स्थापित मात्र गर्दैन, तर प्रेम गर्ने हाम्रो क्षमतालाई पनि पुनर्स्थापित गर्छ। हाम्रो प्रेम गर्न सक्ने तरिका यस्तो हुन्छ, जुन हाम्रो आफ्नै क्षमताभन्दा धेरै अगाडि हुन्छ।

## उहाँको प्रेम हामीमा र हामीमार्फत

**एफिसी 5:1,2 [NNRV 2012]**

**1यसकारण तिमीहरू प्रिय बालकहरूझैँ परमेश्वरको देखासिकी गर्नेहरू होओ।**
**2तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।**

हामीले स्वर्गमा बस्नुहुने हाम्रा पिताको अनुकरण गर्नुपर्छ। हामीलाई अनुकरण गर्न बोलाइएको पहिलो पक्ष प्रेममा हिंड्नु हो। मानकचाहिँ ख्रीष्ट र उहाँको प्रेम र बलिदानको उदाहरण हो। येशूले जे गर्नुभयो, त्यही गर्नुहोस्। प्रेममा हिँड्नु भनेको के हो भनेर उहाँले हामीलाई देखाउनुभयो।

परमेश्वरले हामीलाई सम्भव नभएको (अप्राप्य) काम गर्न निर्देशन दिनुहुनेछैन। न त उहाँले हामीलाई त्यस्तो काम गर्न निर्देशन दिनुहुनेछ, जुन उहाँले हामीलाई गर्न शक्ति दिनुहुनेछैन। त्यसैले, उहाँको अनुकरण गर्न र ख्रीष्टले जस्तै प्रेममा हिँड्न उहाँको निर्देशन सम्भव छ, किनकि हामी त्यसो गर्न उहाँको शक्ति प्राप्त गर्दछौँ।

जब हामी हाम्रो स्वर्गीय पिताको अनुकरण गर्दछौँ र ख्रीष्टले जस्तै प्रेममा हिँड्दछौँ भने, यही नै एउटा बलिदान हो, जसले हाम्रा पितालाई प्रसन्न तुल्याउँछ, एक मीठो सुगन्धित वास्ना, जसरी पिता येशूको बलिदानबाट प्रसन्न हुनुहुन्थ्यो।

## प्रेममा हिंड्नु भनेको अझ उत्कृष्ट बाटोमा हिँड्नु हो

1 कोरिन्थी 12:31 [NNRV 2012]

**तर अझ उच्च वरदानहरूको उत्कट इच्छा गर। अनि म तिमीहरूलाई झन् उत्तम मार्ग बताउँछु।**

1 कोरिन्थी 13:1-13 [NNRV 2012]

**1मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोलें तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु।**
**2मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकूँला, र पहाड़हरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ।**
**3यदि मैले सारा सम्पत्ति बाँड़िदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन।**
**4प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ।**
**5प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन।**
**6प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ।**
**7प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ।**
**8प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ।**
**9हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ।**
**10तर जब सिद्धताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ।**
**11जब म बालक थिएँ तब बालकजस्तै बोल्थें, बालकले जस्तो विचार गर्थें, बालकले जस्तै तर्क गर्थें, तर जब म जवान भएँ तब बालकको चाल छोडिदिएँ।**
**12अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।**
**13अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो।**

1 कोरिन्थी 14:1

**प्रेमलाई तिमीहरूको लक्ष्य बनाओ, र आत्मिक वरदानहरूका निम्ति उत्कट अभिलाषा राख, विशेष गरी अगमवाणी बोल्नका निम्ति।**

1 कोरिन्थी 12 मा प्रेरित पावलले हामीलाई आत्माका वरदानहरू र शरीरमा अङ्गहरूको कार्यहरू (नेतृत्व, शिक्षण, प्रशासन, आदि) बारे व्याख्या गरेपछि, उनले हामीलाई यी वरदानहरूको चाहना गर्न प्रोत्साहित गर्छन्। तर उनले हामीलाई *"उत्तम मार्ग बताउँछु"* (1 कोरिन्थी 12:31) तर्फ इङ्गित गर्न चाहन्छन्, वा यस्तो तरिका, जुन अझ राअसल वा धेरै उचाइमा छ। यसको अर्थ यो हो कि मानिसहरूलाई सेवा गर्न र मसीहको शरीरको सेवा गर्न एक अझ राम्रो तरिका छ—एक यस्तो तरिका, जुन आत्माको उपहारहरू र अंगको कार्यहरूभन्दा असल छ। परमेश्वरको प्रेममा हिँडन उनी हामीलाई इङ्गित गर्न चाहन्छन्।

पावलले 1 कोरिन्थी 13 को पहिलो भागमा व्याख्या गर्छन् कि यदि हामी आत्माका उपहारहरू प्रयोग गर्छौं, अङ्गका कार्यहरू गर्दै उत्तम परोपकारी कार्यहरू गर्छौं, यहाँसम्म कि हाम्रो शरीरलाई आगोमा जलाउनसमेत प्रस्ताव गर्छौं, तर परमेश्वरको प्रेमद्वारा उत्प्रेरित र अगुवाइ नभईकन यी कार्यहरू गर्छौं भने सबै खोक्रो छन्, केही पनि होइनन् र तिनीहरूको कुनै लाभ छैन! यसले सेवामा रहँदा र सेवकाइ गर्दा प्रेममा रहिरहनुको महत्त्व देखाउँछ।

हामीले गर्ने प्रत्येक कार्य परमेश्वरको प्रकारको प्रेमद्वारा शासित, निर्देशित र प्रेरित हुनुपर्छ। यसलाई पिताको प्रेममा विश्राम गर्दै र त्यही प्रेमद्वारा जीवन जिउनुहोस्। 1 कोरिन्थी 13:4-8 मा पावलले व्याख्या गरेझैं, यदि हामी अधैर्य, निर्दयी, ईर्ष्यालु, घमण्डी, अहङ्कारी, दुष्ट व्यवहार गर्ने, आत्मकेन्द्रित, आत्मप्रचार गर्ने, चिडचिडे, रिसाउने, दुष्ट उद्देश्य राख्ने, अधर्म वा असत्यलाई बढावा दिनेछौँ भने, हामी प्रेमद्वारा शासित, डोऱ्याइएका र प्रेरित भएका हुनेछैनौँ। आत्माको वरदानहरूको प्रयोग गलत प्रेरणासहित गरिएमा त्यसले केही अर्थ राख्दैन; यो खोक्रो हुन्छ र कुनै लाभ ल्याउँदैन।

आत्माका वरदानहरूको अभ्यास, सेवा कार्यहरू, परोपकारी कार्यहरू र विश्वास र आशाभन्दा प्रेम श्रेष्ठ हुनुको कारण प्रेम स्थायी हुने भएर

हो। त्यस्तो समय पनि आउनेछ, जब एउटै कुरा मात्र रहनेछ र अझै पनि सञ्चालनमा रहिरहनेछ—त्यो हो प्रेम। अरू सबै निष्क्रियतामा परिणत हुनेछन्, न त प्रयोगमा नै रहनेछन्।

यसको अर्थ यो होइन कि हामीले आत्माको वरदान वा हाम्रो अङ्गका कार्यहरू प्रयोग गर्नुहुँदैन। हाम्रो प्राथमिकता ठिक भएपछि, पहिलो र सबैभन्दा महत्त्वपूर्ण प्रेममा हिँड्न, त्यसपछि हामी आत्माका वरदानहरू र अङ्गका कार्यहरूको अभ्यासलाई पछ्याउँछौं, किनकि पावलले 1 कोरिन्थी 14:1 मा यी कुराहरू सारांशित गरेका छन्।

नबिर्सनुहोस्, विश्वासले प्रेमद्वारा काम गर्छ (गलाती 5:6)।

[**टिप्पणी:** 1 कोरिन्थी 13:8 मा, अगमवाणीहरू *("अगमवाणीहरू बितेर जानेछन्")* र ज्ञान *("ज्ञान टलिजानेछ")* को सन्दर्भमा, उही ग्रीक शब्द *'कटारजियो' (katargeó)* लाई "तिनीहरू असफल हुनेछन्" र "यो लोप हुनेछ" भनेर अनुवाद गरिएको छ। यसको अर्थ यो हो कि यी वरदानहरू अब प्रयोगमा आउनेछैनन्, निष्क्रियतामा घट्नेछन्।]

## प्रेमको अन्त्य कहिल्यै हुँदैन

**1 कोरिन्थी 13:8 [NNRV 2012]**
**प्रेमको कहिल्यै अन्त्य हुँदैन।**

ग्रीक शब्द जसको अनुवाद "असफल" भनेर प्रेमसँग सम्बन्धित रूपमा प्रयोग गरिएको छ। त्यो शब्द *'एकपिप्टो' (ekpiptō)* हो, जसको अर्थ स्ट्रङको हिब्रू र ग्रीक शब्दकोश अनुसार *"आफ्नो बाटोबाट धपाइनु; लाक्षणिक रूपमा हार्नु, अयोग्य हुनु"* हो, र थायरको ग्रीक परिभाषाअनुसार यस्तो कुरा समावेश छ, *"एउटा स्थानबाट खस्नु, जहाँ कोही टिकिरहन सक्दैन, एउटा स्थितिबाट खस्नु, शक्तिहीन हुनु, जमिनमा खस्नु, प्रभावहीन हुनु।"*

यदि हामी यी सबैलाई जोडेर हेर्‍यौँ भने, हामी बुझ्छौँ कि जब हामी प्रेममा हिँड्छौँ, तब हामी मार्गबाट विचलित हुँदैनौँ। प्रेममा हिँड्नु भनेको सही

मार्ग, सही बाटोमा रहनु हो। साथै, जब हामी प्रेममा हिँड्छौँ, तब हामी शक्तिहीन हुनेछैनौँ, अपमानमा पर्नेछैनौँ, न त निरर्थक नै हुनेछौँ। बरु, हाम्रो जीवन प्रभावशाली हुनेछ र हामीले वास्तविक असर र प्रभाव पार्नेछौँ।

त्यसैले, हामी बुझ्नौँ कि जब हामी प्रेममा हिँड्छौँ, हामी यस्तो बाटो लिइरहेका हुन्छौँ, जसमा हामी असफल हुनेछैनौँ। परमेश्वरको प्रेमद्वारा उत्प्रेरित, निर्देशित र शासित जुनसुकै काम गर्छौं, त्यसको प्रभाव पर्नेछ।

पिता परमेश्वरको प्रेममा विश्राम गर्नाले र त्यसबाट भएर बाँच्नाले तपाईंलाई सधैँ सही मार्गमा राख्नेछ।

## उहाँको प्रेम ग्रहण गर्नाले हाम्रो प्रेम गर्ने क्षमता बढाउँछ

**रोमी 5:3-5 [NNRV 2012]**

**3यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ,**

**4सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ।**

**5आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।**

प्रेरित पावलले कठिनाइबाट गुज्रिरहेका बेला पनि विश्वासीहरूको रूपमा हाम्रो वर्तमान जीवनको बारेमा लेखिरहेका छन्, किनकि यी कुराहरूले हाम्रो लगनशीलता (सहनशीलता) र फलस्वरूप हाम्रो चरित्र विकास गर्छ र यसले हाम्रो चरित्रलाई सुधार्छ, जसले हाम्रो आशा, हाम्रो आगामी कुराको प्रत्याशा वा अपेक्षालाई बलियो बनाउँछ।

अब, हाम्रो आशा वा अपेक्षा हामीलाई निराश बनाउँदैन। शाब्दिक अर्थमा, यो आशाले हामीलाई लज्जित पार्दैन, अर्थात् हामी हाम्रो आशामा लाज्जित हुँदैनौँ, किनकि अहिले र यहीँ हामी परमेश्वरको प्रेमको अनुभव गर्दैछौँ—पिताको अमूल्य र शर्तबिनाको प्रेम। यो प्रेम हामीलाई आत्माको माध्यमबाट हाम्रा हृदयमा प्रचुर र बहने तरिकामा भरिन्छ।

यो प्रेम, परमपिताको प्रेम, हाम्रो हृदयमा प्रचुर र बहने तरिकामा छ, जसले हामीलाई यस प्रेमलाई अनुभव र आनन्द लिन मात्र होइन, अरूसँग बाँड्न पनि सक्षम तुल्याउँछ।

परमपिताको प्रेम हाम्रो हृदयमा प्रचुर मात्रामा भएकोले गर्दा हामी सङ्कष्टमा आनन्दित हुन्छौँ र आशामा निर्लज्ज हुन्छौँ।

परमपिताको प्रेम हाम्रो हृदयमा बहने कारण, अब अरूसँग यो प्रेम बाँड्ने हाम्रो क्षमता अत्यधिक वृद्धि हुन्छ। अब हामी आत्माको शक्तिद्वारा अरूसँग यस्तै प्रेम गर्न सक्षम भएका छौँ, जसरी उहाँले प्रेम गर्नुहुन्छ। हामी परमेश्वरको प्रेमजस्तै प्रेम गर्न सक्छौँ! हामी प्रेमले गर्ने काम गर्दछौँ। हामी नकारात्मक तरिकामा निर्णय दिनु, आलोचना गर्नु र मानिसलाई निन्दा गर्नु रोक्दछौँ। हामी सत्य बोल्छौँ, प्रेममा सुधार र मार्गदर्शन गर्दछौँ। हामी आशावादी, विश्वास गर्न सक्षम र कठिन परिस्थितिहरूमा पनि मानिसहरूलाई उत्साहित गर्नेछौँ।

कल्पना गर्नुहोस्, यो प्रेम पतिपत्नीको सम्बन्धमा यसरी बगिरहेको छ। वास्तवमा, हामीलाई परमेश्वरको शब्दमा यसरी प्रेम गर्ने निर्देशन दिइएको छ। यसरी नै प्रेम गर्नुहोस्, जसरी ख्रीष्टले प्रेम गर्नुभयो। पिताको प्रेमसँग प्रेम गर्नुहोस्।

**एफिसी 5:25 [NNRV 2012]**
**पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो,**

हाम्रो विवाहहरू र परिवाहरू यो पीडादायी संसारमा प्रेमको एउटा मरूद्यान हुनेछ। श्रीमान्, श्रीमती र छोराछोरीहरू घरमा बस्न, एकसाथ समय बिताउन उत्साहित हुनेछन्, किनभने तिनीहरू पिता परमेश्वरको प्रेमले भरिपूर्ण अनुभव गर्नेछन्। हाम्रो घर शरण, सान्त्वना, बलियोपन र चंगाइको स्थान हुनेछ।

## परमेश्वरले प्रेम गर्नुभएको जस्तै प्रेम गर्नु परमेश्वरलाई प्रकट गर्छ

**1 यूहन्ना 4:12 [NNRV]**

**परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एक अर्कोलाई प्रेम गर्‍यौं भने परमेश्वर हामीमा रहनुहुन्छ , र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ।**

कसैले पनि परमेश्वरलाई कहिल्यै देखेको छैन। हामी जब एक-अर्कालाई प्रेम गर्छौं, तब परमेश्वर हामीमा बास गर्नुहुन्छ र हामीद्वारा देखिनुहुन्छ। अनि उहाँको प्रेमद्वारा अरूलाई प्रेम गर्दा, परमेश्वर हामीद्वारा प्रकट हुनुहुनेछ। परमेश्वरले झैं प्रेम गर्दा परमेश्वर प्रदर्शन हुन्छ। त्यसले परमेश्वरलाई त्यति हदसम्म प्रकट गर्दछ, जुन पिताको प्रेमको स्पर्शीलो अभिव्यक्ति हो।

**मलाकी 4:5,6 [NNRV 2012]**

**5"हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु।**
**6त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु।"**

परमप्रभुको दिन आउनुभन्दा पहिले बुबाआमाका हृदय छोराछोरीहरू र छोराछोरीहरूका हृदय आमाबुबातिर फर्काउने गरी परमेश्वरले काम गर्नुहुन्छ। त्यो उहाँले गर्नुभएन भने, पृथ्वी श्रापले ग्रस्त हुनेछ। तपाईंले यसलाई एउटा परिवार र मण्डली परिवारको सन्दर्भमा विचार गर्न सक्नुहुन्छ।

धेरैका लागि, हाम्रो स्वर्गीय पिताको शर्तरहित, माया गर्ने र स्नेही प्रेमको पहिलो अनुभव उनीहरू आफ्नै अभिभावकबाट प्राप्त गर्छन्। तर जब यो सम्बन्ध टुट्छ, तिनीहरू निश्चित हुँदैनन् कि यस्तो प्रकारको प्रेम कहाँ भेट्न सक्छन्। अभिभावकको रूपमा, कहिलेकाहीँ हामी स्वर्गीय पिताको प्रेमलाई गलत रूपमा प्रस्तुत गर्ने गर्छौं वा हाम्रो सन्तानलाई उहाँको प्रेमको कुनै सङ्केत नै दिँदैनौं। हामीमध्ये केही बुबा (पिता) हरूले गलत रूपमा सोच्ने गर्छौं कि दया वा भावना देखाउनु कमजोरीको सङ्केत हो र यो "पुरुष" हुनुको सङ्केत होइन। तर यो सत्य होइन! हाम्रो परिवारले हामी बुबाहरूका माध्यमबाट

पिताको प्रेम, उहाँको कोमलता, उहाँको नम्रता, उहाँको भलाइ, उहाँको दया, उहाँको धैर्य र उहाँको कृपालु स्वभावको प्रकाश देख्न आवश्यक छ। पिताहरूको रूपमा, हाम्रो जीवनमा यी गुणहरू देख्दा, हाम्रो परिवार झन् गहिरो रूपमा हाम्रो स्वर्गीय पिताप्रति प्रेममा आकर्षित हुनुपर्छ।

मण्डली परिवारको सन्दर्भमा पनि यही कुरा साँचो हो। जब मुक्ति नपाएकाहरू, बाटो बिराएकाहरू, उडन्तेहरूले मण्डली समुदायमा "पिताहरू र आमाहरू" मा पिताको प्रेम देख्छन्, तब तिनीहरू घर फर्कनेछन्। स्थानीय मण्डली त्यस्तो ठाउँ हुनुपर्दछ, जहाँ टुटेका, हराएका र चोट पुऱ्याउनेहरूलाई स्वागत गरिन्छ, र जहाँ तिनीहरूलाई पिताको प्रेमद्वारा पूर्णताको स्थानमा हुर्काइनेछ।

## परमेश्वरले झैँ हामीले प्रेम गऱ्यौं भने, उहाँको प्रेमको प्रकाश अझ फराकिलो हुन्छ

**1 यूहन्ना 4:12 [NNRV 2012]**

**परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एक अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ।**

परमेश्वरको प्रेमले जब हामी अरूलाई प्रेम गर्छौं, तब प्रेम परिपूर्ण, सिद्ध हुन्छ र हामीप्रतिको त्यसको अभिप्रायले पूर्णता हासिल गर्दै पराकाष्ठमा पुग्छ। अनि हामी परमेश्वरको हामीप्रतिको त्यो प्रेमको गहिराइमा पुग्छौँ, जहाँबाट त्यसको अभिप्रेरित उद्देश्यलाई हामीले हाम्रो जीवनमा कार्यान्यवन भइरहेको भेट्टाउँछौँ।

पिताको प्रेमको हाम्रो बुझाइ र प्रकाशमा वृद्धि गर्ने सबैभन्दा राम्रो तरिका भनेको उहाँको जस्तो प्रेम गर्नु हो। जब हामी परमेश्वरको जस्तो प्रेम गर्न छनोट गर्छौं र जब हामी यो व्यवहारिक रूपमा गर्छौं, यहाँसम्म कि कठिन परिस्थितिहरूमा पनि, तब हाम्रो व्यक्तिगत प्रकाश उहाँको प्रेमको बारेमा निरन्तर बढिरहन्छ। अरूलाई प्रेम गर्ने हाम्रो क्षमता बढ्दै जाँदा, हामीप्रतिको उहाँको प्रेमको महानतालाई अझ बढी बुझ्न थाल्छौँ। जति धेरै हामीले परमेश्वरलाई अरूप्रतिको हाम्रो प्रेम विस्तार गर्न दिन्छौँ, त्यति नै हामीप्रतिको

उहाँको प्रेमको प्रकाश बढ्दै जान्छ। जब हामी उहाँको प्रेम खन्याउँछौँ, हामीले उहाँको प्रेमको ठूलो प्रकाश पाउँछौँ।

## प्रेममा हिँड्नु भनेको परमेश्वरसँग एकतामा हिँड्नु हो

1 यूहन्ना 4:16 [NNRV 2012]
**यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर उसमा रहनुहुन्छ।**

1 यूहन्ना 4:16 (**अंग्रेजी बाइबलमा दिइएको छ** Good News Translation)
**अनि परमेश्वरले हामीप्रति देखाउनुभएको प्रेमलाई हामी आफैँ जान्दछौँ र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र प्रेममा जिउनेहरू परमेश्वरसँग एकतामा बस्छन् र परमेश्वर तिनीहरूसँग एकतामा रहनुहुन्छ।**

जब हामी पिताको प्रेममा बस्छौँ र जिउँछौँ, तब हामी परमेश्वरमा रहन्छौँ र परमेश्वर पनि हामीसँग रहनुहुन्छ। जब हामी पिताको प्रेममा बस्छौँ, तब हामी परमेश्वरसँग मिलेर हिँड्छौँ। जब हामी परमेश्वरमा र परमेश्वरमार्फत हिँडिरहेका हुन्छौँ, तब परमेश्वर हामीमा र हाम्रो माध्यमबाट काम गर्नुहुन्छ। यो सत्यता एकदमै शक्तिशाली छ। जब हामी विश्राम गर्छौं र पिताको प्रेमद्वारा जिउँछौँ, तब हामी परमेश्वरसँग एकतामा हिंडँछौँ। जब हामी प्रेममा हिँड्छौँ, परमेश्वर हामीसँग हिँड्नुहुन्छ। जब हामी प्रेममा काम गर्छौं, परमेश्वरले हामीसँग प्रेममा काम गर्नुहुन्छ। प्रेममा, जब हामी स्पर्श गर्छौं, परमेश्वरले पनि स्पर्श गर्नुहुन्छ। प्रेममा, जब हामी बोल्छौँ, परमेश्वर बोल्नुहुन्छ। जब हामी परमेश्वरको प्रेममा हिँड्छौँ, हामी परमेश्वरसँग एकतामा हिँड्छौँ। यसकारण, हामी अपरिवर्तनीय हुन्छौँ। शत्रुले हामीलाई रोक्न, तल झार्न वा पछाडि धकेल्न कहिल्यै सक्दैन।

आउनुहोस्, यसलाई आफ्नो जीवनशैली बनाऔँ। हामी पिताको प्रेममा विश्राम गरौँ, त्यसमा जिऔँ र त्यसबाट काम गरौँ। जब हामी त्यो गर्छौं, हामी परमेश्वरमा हिँडिरहेका हुन्छौँ र परमेश्वरले हामीभित्र र हामीमार्फत काम गरिरहनुहुन्छ।

## मनन गर्नुहोस्

1) हाम्रो स्वर्गका पिताले गरेझैँ अरूलाई प्रेम गर्न सकियोस् भनेर के कस्ता कुराहरू परिवर्तन गर्न परमेश्वरको मदतको पुकारा गर्नुहुन्छ? लेख्नुहोस्।
2) हामीले प्रेममा हिँड्ने बारेमा सम्बन्धमा कतिपय महत्वपूर्ण कुराहरूलाई विचार गरेका छौं। जस्तै:

- प्रेममा हिँड्नु भनेको उत्कृष्ट मार्गमा हिँड्नु हो।
- प्रेम कहिल्यै असफल हुँदैन।
- उहाँको प्रेमलाई प्राप्त गर्दा हाम्रो प्रेम गर्ने क्षमता विस्तार हुन्छ।
- परमेश्वरलेझैँ प्रेम गर्दा, हामी परमेश्वरलाई प्रकट गर्छौं।
- परमेश्वरले जस्तो प्रेम गर्दा, हामी उहाँको प्रेमको हाम्रो प्रकाशलाई विस्तार गर्छौं।
- प्रेममा हिँड्नु भनेको परमेश्वरसँग मिलेर हिँड्नु हो।

यी प्रत्येक कथनलाई आफ्नो जीवनको नितान्त व्यक्तिगत परिस्थितिहरूमा प्रयोग गर्दै निजीकरण गर्नुहोस्।

- किनभने प्रेममा हिँड्नु भनेको अझ उत्कृष्ट बाटो हिँड्नु हो, म ...
- किनभने प्रेम कहिल्यै असफल हुँदैन, मलाई थाहा छ कि म गर्न सक्छु।
- किनभने उहाँको प्रेम प्राप्त गर्दा प्रेम गर्ने मेरो क्षमता विस्तार हुन्छ, त्यसैले म .... गर्न सक्छु भन्ने मलाई थाहा छ।
- किनकि परमेश्वरले प्रेम गर्नुभएझैँ प्रेम गर्नुले परमेश्वरलाई प्रकट गर्दछ, म गर्नेछु।

- किनकि परमेश्वरले प्रेम गर्नुभएझैँ प्रेमले उहाँको प्रेमको मेरो प्रकाशलाई विस्तार गर्दछ, म गर्नेछु।
- किनभने प्रेममा हिँड्नु भनेको परमेश्वरसँग एकतामा हिँड्नु हो, म गर्नेछु।

# तपाईंलाई प्रेम गर्ने परमेश्वरलाई के तपाईं चिन्नुहुन्छ?

लगभग 2,000 वर्षअघि परमेश्वर यस संसारमा मानिसको रूपमा आउनुभएको थियो। उहाँको नाउँ येशू हो। उहाँले पूर्णतया पापरहित जीवन बिताउनुभयो। येशू देहधारी परमेश्वर हुनुभएकोले, उहाँले भन्नुभएका र गर्नुभएका सबै कुराले हामीलाई परमेश्वर प्रकट गर्‍यो। उहाँले भन्नुभएका वचनहरू परमेश्वरका वचनहरू थिए। उहाँले गर्नुभएका कामहरू परमेश्वरका कार्यहरू थिए। येशूले पृथ्वीमा धेरै आश्चर्यकर्महरू गर्नुभयो। उहाँले बिरामी र दुःखीहरूलाई निको पार्नुभयो। उहाँले दृष्टिहीनहरूका दृष्टि क्षमता खोलिदिनुभयो। श्रव्यहीनहरूका श्रव्य क्षमता खोलिदिनुभयो, खुट्टाका अपाङ्गताहरूलाई हिँडडुल गर्न सक्षम तुल्याउनुभयो र सबै प्रकारका बिमार र रोगहरू निको पार्नुभयो। उहाँले भोकाहरूलाई आश्चर्यपूर्ण तरिकाले थोरै रोटीहरूबाट धेरै रोटीहरूमा परिणत गरेर खुवाउनुभयो। आँधीबेहरीलाई शान्त पार्नुभयो र अरू थुप्रै अद्भुत कार्यहरू गर्नुभयो।

**यी सबै क्रियाकलापहरूले हामीलाई देखाउँछन् कि परमेश्वर एक असल परमेश्वर हुनुहुन्छ, जसले मानिसहरूलाई असल, पूर्ण, स्वस्थ र खुशी बनाउन चाहनुहुन्छ। परमेश्वरले मानिसहरूका आवश्यकता पूरा गर्न चाहनुहुन्छ।**

त्यसोभए परमेश्वरले मानिस बन्ने र हाम्रो संसारमा पाइला टेक्ने किन निर्णय गर्नुभयो? येशू किन आउनुभयो?

हामी सबैले पाप गरेका छौँ र हामीलाई सृष्टि गर्नुहुने परमेश्वरको सामु अस्वीकार्य कुराहरू गरेका छौँ। पापको आफ्नै परिणाम हुन्छ। पाप परमेश्वर र हाम्रो बीचमा एउटा ठूलो अथाह पर्खालजस्तै हो। पापले हामीलाई परमेश्वरबाट अलग पार्छ। यसले हामीलाई सृष्टि गर्नुहुनेसँग बुझ्न र अर्थपूर्ण सम्बन्ध राख्नबाट रोक्छ। त्यसैले हामीमध्ये धेरैले यो शून्यतालाई अरू कुराहरूद्वारा भर्ने कोसिस गर्छौं।

हाम्रो पापको अर्को परिणाम परमेश्वरबाट अनन्त कालका लागि अलग्गिनु हो। परमेश्वरको अदालतमा पापको दण्ड मृत्यु हो। मृत्यु भनेको परमेश्वरबाट नरकमा अनन्त वियोग हुनु हो।

तर सुसमाचार यो हो कि हामी पापबाट मुक्त हुन सक्छौँ र परमेश्वरमा पुनर्स्थापित हुन सक्छौँ। बाइबलले भन्छ, ***"किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो"*** (रोमी 6:23)। येशू क्रूसमा मर्नुहुँदा सारा संसारका पापहरूको मूल्य चुकाउनुभयो। त्यसपछि, तीन

दिनपछि उहाँ फेरि जीवित भइ उठ्नुभयो, धेरै मानिसहरूकहाँ आफूलाई जीवित देखाउनुभयो र फेरि स्वर्गमा उठाइलगिनुभयो।

परमेश्वर प्रेम र दयाको परमेश्वर हुनुहुन्छ। उहाँ कुनै पनि व्यक्ति नरकमा पुगेको चाहनुहुन्न। त्यसैले, उहाँ सम्पूर्ण मानव जातिलाई पाप र त्यसको चिरस्थायी परिणामहरूबाट मुक्त हुने मार्ग प्रदान गर्न आउनुभयो। उहाँ पापीहरूलाई बचाउन अर्थात् तपाई र मजस्ता मानिसहरूलाई पाप र अनन्त मृत्युबाट बचाउन आउनुभयो।

पाप कटाउने यो सित्तैंको वरदान पाउन, बाइबलले हामीलाई बताउँछ कि हामीले एउटा मात्र काम गर्नुपर्छ—प्रभु येशू ख्रीष्टले क्रूसमा जे गर्नुभयो, त्यसलाई स्वीकार गर्नु र उहाँमा पूर्ण हृदयले विश्वास गर्नु।

***"...उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ"*** **(प्रेरित 10:43, NNRV 2012)।**

***"किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ"*** **(रोमी 10:9, NNRV 2012)।**

यदि तपाईंले प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुभयो भने तपाईंले पनि आफ्नो पापको लागि क्षमा र शुद्धिकरण प्राप्त गर्न सक्नुहुन्छ।

प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने निर्णय गर्न र उहाँले क्रूसमा तपाईंको लागि के गर्नुभएको छ भनेर निर्णय गर्न मदतको लागि तल एउटा साधारण प्रार्थना छ। यस प्रार्थनाले तपाईंलाई येशूले तपाईंको निम्ति गर्नुभएका कुराहरू स्वीकार गर्न र तपाईंको पापहरूका निम्ति क्षमा र शुद्धिकरण प्राप्त गर्न मदत गर्नेछ। यो प्रार्थना एउटा निर्देशन मात्र हो। तपाई आफ्नै शब्दमा पनि प्रार्थना गर्न सक्नुहुन्छ।

*प्रिय प्रभु येशू, तपाईंले क्रूसमा मेरो निम्ति के गर्नुभयो, आज मैले बुझेको छु। तपाई मेरो निम्ति मर्नुभयो, तपाईंले आफ्नो बहुमूल्य रगत बगाउनुभयो र मेरो पापको दण्ड तिर्नुभयो, ताकि म क्षमा पाउन सकूँ। बाइबलले मलाई बताउँछ कि जसले तपाईंमा विश्वास गर्दछ, उसले आफ्नो पापको क्षमा पाउनेछ।*

*आज, म तपाईंमा विश्वास गर्ने र क्रूसमा मेरो लागि मर्ने र मरेकाहरूबाट फेरि जीवित भइ उठेर तपाईंले मेरो लागि जे गर्नुभयो, त्यसलाई स्वीकार गर्ने निर्णय गर्दछु। म*

*जान्दछु कि म आफ्नै असल कामहरूद्वारा आफूलाई बचाउन सक्तिनँ, न त अरू कुनै मानिसले मलाई बचाउन सक्छ। म मेरो पापको क्षमा हुने केही कुरा आर्जन गर्न सक्दिनँ।*

*आज, म मेरो हृदयमा विश्वास गर्छु र मेरो मुखले स्वीकार गर्छु। तपाईं मेरो लागि मर्नुभयो, तपाईंले मेरो पापको दण्ड तिर्नुभयो, तपाईं मृत्युबाट फेरि जीवित हुनुभयो; र तपाईंमा विश्वास गरेर, मैले मेरा पापहरूका लागि क्षमा र शुद्धिकरण प्राप्त गरेको छु।*

*धन्यवाद, येशू। तपाईंलाई प्रेम गर्न, तपाईंलाई अझ बढी जान्न र तपाईंप्रति इमानदार रहन मलाई मदत गर्नुहोस्।*

*आमेन।*

# अल पिपुल्स मण्डली (All Peoples Church) को बारेमा छोटो परिचय

अल पिपुल्स मण्डलीको दर्शन भनेको भारतस्थित बेंगलुरु सहरमा नून र उज्यालो बन्नु, राष्ट्रका लागि र सबै जातिहरूका लागि एक आवाज बन्नु हो।

अल पिपुल्स मण्डली एक **येशूलाई प्रेम गर्ने, परमेश्वरको वचनमा केन्द्रित, पवित्र आत्माले भरिएको परिवारजस्तो मण्डली हो।** यो मण्डली विश्वासको प्रशिक्षण केन्द्र, मिशनको आधारशिला, र विश्वभर सेवकाइ गर्ने मण्डली हो।

- एक **पारिवारिक मण्डलीको** रूपमा, हामी ख्रीष्ट-केन्द्रित सङ्गतिमा एक समुदायको रूपमा सँगै बढ्छौँ, परमेश्वरको मण्डलीको रूपमा प्रेममा एक-अर्काको हेरचाह र सेवा गर्छौं।
- एक **सुसज्जित केन्द्रको** रूपमा, हामी प्रत्येक विश्वासीलाई विजयी जीवन बिताउन, ख्रीष्टमा परिपक्व हुन र आफ्नो जीवनको लागि परमेश्वरको उद्देश्य पूरा गर्न सशक्त र सुसज्जित बनाउँछौँ।
- एक **मिशन आधारको** रूपमा, हामी हाम्रो सहर, राष्ट्र र राष्ट्रहरूलाई परमेश्वरको वचन र पवित्र आत्माको शक्तिको अलौकिक प्रदर्शनहरूमार्फत येशू ख्रीष्टको पूर्ण सुसमाचारको साथ आशिष् दिन अर्थपूर्ण सेवकाइमा संलग्न हुन्छौँ।
- **परमेश्वरको राज्यको लागि आफ्नो क्षेत्रमा प्रभाव पार्न सक्ने ईश्वरीय** अगुवाहरू र आत्माले भरिएका मण्डलीहरूलाई पालनपोषण गरेर हामी स्थानीय र विश्वव्यापी रूपमा सेवा गर्छौं।

अल पिपुल्स मण्डली (APC) मा, हामी उहाँको पवित्र आत्माको अभिषेक र प्रदर्शनमा परमेश्वरको पूर्ण र सम्झौता नगरिएको वचन प्रस्तुत गर्न प्रतिबद्ध छौँ। हामी विश्वास गर्छौं कि मीठो सङ्गीत, रचनात्मक प्रस्तुतिहरू, उत्कृष्ट क्षमायाचना, समकालीन सेवा प्रविधिहरू, नवीनतम प्रविधिहरू र यस्तै अन्य कुराहरूले पवित्र आत्माको शक्तिमा वचन घोषणा गर्ने परमेश्वरले तोक्नुभएको दृष्टिकोणलाई चिन्हहरू, आश्चर्यकर्महरू, चमत्कारहरू र पवित्र आत्माका वरदानहरूले कहिल्यै प्रतिस्थापन गर्न सक्दैनन् (1 कोरिन्थी 2:4,5; हिब्रू 2:3,4)। हाम्रो विषय येशू हुनुहुन्छ, हाम्रो सामग्री परमेश्वरको वचन हो, हाम्रो विधि पवित्र आत्माको सामर्थ्य हो, हाम्रो उत्साह मानिसहरू हुन्, र हाम्रो लक्ष्य ख्रीष्टजस्तो परिपक्वता हो।

हाम्रो मुख्य आधार बेंगलुरुमा रहेको छ, र अल पिपुल्स मण्डलीका भारतभरि विभिन्न स्थानहरूमा छोरी मण्डलीहरू छन्। अल पिपुल्स मण्डलीका हालका स्थानहरूको सूची र सम्पर्क जानकारी प्राप्त गर्न, कृपया हाम्रो वेबसाइट **apcwo.org/locations** मा भिजिट गर्नुहोस् वा **contact@apcwo.org** मा इमेल पठाउनुहोस्।

# नि:शुल्क प्रकाशनहरू

A Church in Revival
A Real Place Called Heaven
A Time for Every Purpose
Ancient Landmarks
Baptism in the Holy Spirit
Being Spiritually Minded and Earthly Wise
Biblical Attitude Towards Work
Breaking Personal and Generational Bondages
Change
Code of Honor
Divine Favor
Divine Order in the Citywide Church
Don't Compromise Your Calling
Don't Lose Hope
Equipping the Saints
Foundations (Track 1)
Fulfilling God's Purpose for Your Life
Giving Birth to the Purposes of God
Gifts of the Holy Spirit
God Is a Good God
God's Word–The Miracle Seed
How to Help Your Pastor
Integrity
Interpreting Scripture
Kingdom Builders
Laying the Axe to the Root
Living Life Without Strife
Marriage and Family
Ministering Healing and Deliverance
Offenses–Don't Take Them
Open Heavens
Our Redemption
Receiving God's Guidance
Revivals, Visitations and Moves of God
Shhh! No Gossip!
Speak Your Faith
The Conquest of the Mind
The Father's Love
The House of God
The Kingdom of God
The Mighty Name of Jesus
The Night Seasons of Life
The Power of Commitment
The Presence of God
The Redemptive Heart of God
The Refiner's Fire
The Spirit of Wisdom, Revelation and Power
The Wonderful Benefits of Praying in Tongues
Timeless Principles for the Workplace
Understanding the Prophetic
Water Baptism
We Are Different
Who We Are in Christ
Women in the Workplace
Work–Its Original Design

हामीसँग नयाँ-नयाँ पुस्तकहरू नियमित रूपमा प्रकाशित हुन्छन्। पीडीएफ, अडियो र अन्य ढाँचाहरूमा नि:शुल्क APC ख्रीष्टिय पुस्तकहरू डाउनलोड गर्न कृपया **apcwo.org/books** जानुहोस्। यी मध्ये धेरै पुस्तकहरू अन्य भाषाहरूमा पनि उपलब्ध छन्। साथै नि:शुल्क अडियो र भिडियो प्रवचन, प्रवचन नोट्स र धेरै नि:शुल्क अन्य स्रोतहरूको लागि कृपया **apcwo.org/sermons** भिजिट गर्नुहोस्।

# क्राइसलिस अर्थात् मानसिक स्वास्थ परामर्श

क्राइसलिस परामर्श जीवनका चुनौतीहरूको सामना गर्न र तिनीहरूलाई पार गर्न मदत गर्न व्यक्तिगत परामर्श प्रदान गर्दछ। क्राइसलिस परामर्श व्यवसायिक रूपमा प्रशिक्षित र अनुभव भएका इसाई परामर्शदाताहरूको टोली हो।

हाम्रा सेवाहरू सबै उमेर समूहका लागि हो र यसले जीवनका विस्तृत चुनौतीहरूलाई सम्बोधन गर्छन्।

- **किशोरकिशोरीहरू**
- **व्यक्तिगत समायोजनहरू**
- **सम्बन्धात्मक चुनौतीहरू**
- **शैक्षिक कमजोर उपलब्धि**
- **कार्यसँग सम्बन्धित समस्याहरू**
- **परिवार / दम्पति: विवाह पूर्व, वैवाहिक जीवन**
- **आमाबुबा / छोराछोरी / दाजुभाइ / सहकर्मी**
- **व्यवहारिक विकार**
- **व्यक्तित्व विकार**
- **मनोवैज्ञानिक / भावनात्मक समस्याहरू**
- **तनाव / आघात**
- **रक्सी / लागूपदार्थको दुरुपयोग**
- **आत्मिक समस्याहरू**
- **जीवन प्रशिक्षण**

क्राइसलिस अर्थात् मानसिक स्वास्थ परामर्श सेवाहरूको शुल्क सुलभ र पहुँचयोग्य छन्।

हाम्रा प्रशिक्षित परामर्शदातासँग भेट्ने समय तालिकाको लागि:

**वेबसाइट: chrysalislife.org**
**फोन:** +91-80-25452617 वा टोल-फ्री (भारतभित्र) 1-800-300-00998
**इमेल: counselor@chrysalislife.org**

क्राइसलिस अर्थात् मानसिक स्वास्थ परामर्श अल पिपुल्स चर्च र विश्व सुसमाचारको एक सेवकाइ हो।

# अल पिपुल्स मण्डली (APC) सँग साझेदारी

अल पिपल्स चर्चले स्थानिय मण्डलीको रूपमा आफ्नै सीमाहरूभन्दा बाहिर सेवा गर्दछ, विशेष गरी उत्तर भारतमा, यी मुख्य उद्देश्यहरूसँग सेवा गर्दछ: (क) अगुवाहरूलाई बलियो बनाउने, (ख) युवाहरूलाई सेवाको लागि प्रशिक्षण दिने, र (ग) ख्रीष्टको शरीरलाई निर्माण गर्ने। वर्षभरि विभिन्न प्रशिक्षण सेमिनारहरू तथा 'ख्रीष्टियान लिडर्स कन्फरेन्स' आयोजित गरिन्छ। यसबाहेक, विश्वासीहरूलाई वचन र आत्मामा सुसज्जित गर्ने उद्देश्यले अङ्ग्रेजी र अन्य भारतीय भाषाहरूमा हजारौँ प्रति प्रकाशनहरू निःशुल्क वितरण गर्ने गरिन्छ।

हामी तपाईंलाई आर्थिक रूपमा भेटीदान साझेदार हुन आमन्त्रण गर्छौं। तपाईं एक पटक मात्र वा मासिक रूपमा आर्थिक सहयोग पठाउन सक्नुहुन्छ। हाम्रो राष्ट्रभरि यस सेवाको कार्यलाई अगाडि बढाउन तपाईंले दिन सक्ने कुनै पनि सहयोगका लागि हामी अत्यन्तै आभारी हुनेछौँ।

तपाईं आफ्नो सहयोग चेक वा बैंक ड्राफ्टमार्फत All Peoples Church को नाममा हाम्रो कार्यालय ठेगानामा पठाउन सक्नुहुन्छ। त्यसैगरी, तपाईं हाम्रो बैंक खाताका विवरण प्रयोग गरी सिधै बैंक ट्रान्सफरमार्फत पनि आफ्नो योगदान र भेटीहरू पठाउन सक्नुहुन्छ।

**Account Name:** All Peoples Church
**Account Number:** 50200068829058
**IFSC Code:** HDFC0004367
**Bank:** HDFC Bank, 7M/308 80 Ft Rd, HRBR Layout, Kalyan Nagar, Bengaluru, Karnataka 560043

***कृपया ध्यान दिनुहोस्:*** *All Peoples Church ले केवल भारतमा आधारित बैंक खाताबाट मात्र आर्थिक योगदान स्वीकार गर्न सक्छ। यदि तपाईं आफ्नो योगदान कुन विशेष APC सेवाक्षेत्रमा प्रयोग गरियोस् भन्ने चाहनुहुन्छ भने, सङ्केत पनि गर्न सक्नुहुनेछ। थप विवरणका लागि कृपया* apcwo.org/give *वेबसाइटमा भिजिट गर्नुहोस्।*


साथै, कृपया हाम्रो सेवकाइलाई तपाईंको प्रार्थनामा अवश्य सम्झिदिनुहोला। परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिऊन्! धन्यवाद।

## DOWNLOAD THE FREE APP!

*Search for*
"All Peoples Church Bangalore"
in the App or Google play stores.

Available on the App Store

ANDROID APP ON Google play







*A daily 5-minute video devotional.*
*A daily Bible reading and prayer guide.*
*5-minute Sermon summary.*
*Toolkit with Scriptures on various topics to build faith and information to share the Gospel.*
*Resources with sermons, sermon notes, TV programs, books, music and more.*

*IF YOU LOVE IT, TELL OTHERS ABOUT IT!*

# निःशुल्क ऐप डाउनलोड करें:

**ऐप स्टोर या प्ले स्टोर में खोजें**
**“ऑल पीपुल्स चर्च (APCWO)”/**
**All Peoples Church Hindi**

Available on the App Store

ANDROID APP ON Google Play




*विश्वास को मजबूत करने और सुसमाचार साझा करने के लिए विभिन्न विषयों पर आधारित वचनों के टूलकिट।*
*उपदेशों, टीवी कार्यक्रमों, पुस्तकों, संगीत और बहुत कुछ से भरे संसाधन।*
*अगर आपको यह पसंद आए, तो*
***दूसरों को भी इसके बारे में बताएं!***

# ALL PEOPLES CHURCH BIBLE COLLEGE

apcbiblecollege.org

**अल पीपल्स चर्च बाइबल कलेज र मिनिस्ट्री ट्रेनिङ सेन्टर**, बैंगलोर, भारतमा अवस्थित, पवित्र आत्माले भरिएको, अभिषिक्त, व्यवहारिक प्रशिक्षण प्रदान गर्ने संस्था हो । यसले पवित्र आत्माको अलौकिक सामर्थ्यमा सेवा गर्नको लागि आवश्यक तालिम र तयारी गराउँछ। साथै, परमेश्वरको वचनको सिद्ध सैद्धान्तिक अध्ययन र बौद्धिक रूपमा प्रेरणादायी शिक्षालाई पनि जोड दिन्छ। हामी सेवाको लागि व्यक्तिको सम्पूर्ण विकासमा विश्वास गर्छौं, जसमा धार्मिक चरित्र, परमेश्वरको वचनमा गहिरो जरा, र चिन्ह, आश्चर्यकर्म तथा अद्भुत कामहरूको शक्तिशाली अभिव्यक्ति समावेश छ। यी सबै कुराहरू प्रभुसँगको घनिष्ठ सम्बन्धबाट प्रवाहित हुन्छन्।

**अल पीपल्स चर्च बाइबल कलेज** (APC-BC) मा, सशक्त शिक्षाका साथै, हामी परमेश्वरको प्रेमको व्यवहारिक अभिव्यक्तिमा, पवित्र आत्माको अभिषेक र उपस्थितिमा, र परमेश्वरका अलौकिक कार्यहरूमा विशेष जोड दिन्छौँ। धेरै युवाहरू, पुरुषहरू र महिलाहरू यहाँ प्रशिक्षण प्राप्त गरी, परमेश्वरले उनीहरूको जीवनमा दिनुभएको बोलावट पूरा गर्नका लागि पठाइएका छन्।

**हामी निम्न तीन शैक्षिक कार्यक्रमहरू प्रदान गर्दछौँ।**

- ईश्वशास्त्र र ख्रीष्टियान सेवामा, एक वर्षको प्रमाणपत्र (C.Th.)
- ईश्वशास्त्र र ख्रीष्टियान सेवामा, दुई वर्षको डिप्लोमा (Dip.Th.)
- ईश्वशास्त्र र ख्रीष्टियान सेवामा, तीन वर्षको स्नातक (B.Th.)

कक्षाहरू प्रत्येक हप्ताको दिन, **सोमबारदेखि शुक्रबार, बिहान 6:00 बजेदेखि दिउँसो 12:00 बजेसम्म,** भारतीय समय (UTC+5:30) सम्म सञ्चालन हुन्छन्। हामी तीनवटा शैक्षिक विकल्पहरू प्रदान गर्दछौँ।

- **क्याम्पसमा अध्ययन:** क्याम्पसमै भौतिक रूपमा उपस्थित भएर कक्षा लिने।
- **अनलाइन:** प्रत्यक्ष लाइभ कक्षाहरूमा इन्टरनेटमार्फत सहभागी हुने।
- **ई-लर्निङ:** अनलाइन पोर्टल **apcbiblecollege.org/elearn** मार्फत आफैँले समय मिलाएर अध्ययन गर्ने।

अनलाइन आवेदन गर्न र कलेज, पाठ्यक्रम, योग्यता मापदण्ड, ट्यूशन शुल्कहरू सम्बन्धमा, थप जानकारी प्राप्त गर्न तथा आवेदन फाराम डाउनलोड गर्न

कृपया **apcbiblecollege.org** मा जानुहोस्।

बाइबलले परमेश्वरका धेरै पक्षहरूलाई खुलासा गर्दछ, तीमध्ये सबैभन्दा शक्तिशाली खुलासामध्ये एउटा हो — परमेश्वर हाम्रो पिता हुनु। परमेश्वर हाम्रो स्वर्गीय पिता हुनुहुन्छ। प्रभु येशूले हामीलाई परमेश्वरलाई “हाम्रो पिता” भनेर बोलाउन सिकाउनुभयो। बाइबलले हामीप्रति पिताको प्रेमलाई प्रष्ट गर्दछ। यो पुस्तक पिताको प्रेमको अध्ययन हो। परमेश्वरको हामीप्रतिको प्रेमलाई हामीले कसरी बुझ्छौँ भन्ने कुराले नै हामीले परमेश्वरलाई कसरी प्रेम गर्छौं, आफैँलाई कसरी प्रेम गर्छौं र अरूलाई कसरी प्रेम गर्छौं भन्ने कुरामा प्रभाव पार्छ।

स्वर्गमा बस्नुहुने हाम्रा पिता परमेश्वरले हामीलाई निःशर्त र असीम प्रेम गर्नुहुन्छ। हामीप्रति पिताको प्रेमको सबैभन्दा ठूलो अभिव्यक्ति र प्रदर्शन येशू ख्रीष्टको क्रूस हो। जब हामी पिताको प्रेमलाई जान्दछौँ, विश्वास गर्छौं, ग्रहण गर्छौं र त्यसमा विश्राम गर्छौं, तब सबै कुरा परिवर्तन हुन्छ। हामी निको हुन्छौँ, पूर्ण हुन्छौँ र हाम्रो सबै टुटेको हृदय र बन्धनबाट मुक्त हुन्छौँ। जब हामी पिताको प्रेमबाट जिउँदछौँ, र जसरी हामीलाई प्रेम गरिन्छ, त्यसरी नै हामी प्रेम गर्छौं। हामी परमेश्वरलाई स्वतन्त्र रूपमा प्रेम गर्छौं। हामी अरूलाई स्वतन्त्र रूपमा प्रेम गर्छौं। हामी विजेताहरूभन्दा बढी जिउँदछौँ, जसले परमेश्वरको अटुट प्रेममार्फत जीवनका सबै चुनौतीहरू र अन्धकारका दुष्ट शक्तिहरूलाई जितेका छन्। प्रिय मित्र, यो पुस्तक तपाईंकै लागि हो!

**All Peoples Church & World Outreach**
# 319, 2nd Floor, 7th Main, HRBR Layout,
2nd Block, Kalyan Nagar, Bangalore 560 043
Karnataka, INDIA

Phone: +91-80-25452617
Email: contact@apcwo.org
Website: apcwo.org